# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार साउन २४, २०७५ | Thursday, August 9, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लागा १२ | वर्ष २४, अंक २११ | पृष्ठ १२ | मूल्य रु १०/–



२ { वडासँग फोहोर उठाउने गाडी छैन

५ { 'न्यायालयको पुनर्संरचना गरिनुपर्छ'

६ { दुर्घटनामा ४ को मत्यु १७ घाइते

१० { अखाद्य वस्तु बेच्ने २२४ व्यापारीविरुद्ध मुद्दा


# ४२ हजार युवालाई स्वरोजगार तालिम

ईश्वरराज ढकाल, काठमाडौं

सरकारले सात प्रदेशका ४२ हजार युवालाई छोटो अवधिको सीप विकास तालिम दिने भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सहयोगमा व्यावसायिक शिक्षा तथा तालिम परिषद् (सीटीईभीटी) ले उक्त तालिम सञ्चालन गर्न लागेको हो।

छोटो अवधिको तालिममा सातै प्रदेशमा ६-६ हजार युवालाई सहभागी गराइने भएको छ। तालिम सञ्चालन गर्न मन्त्रालयले सीटीईभीटीलाई ७५ करोड रुपियाँ उपलब्ध गराएको छ।

तालिम असोज महिनाबाट सञ्चालन हुने भएको छ। तालिम ३ महिनासम्म सञ्चालन हुने सीटीईभीटीका योजना महाशाखा प्रमुख एवं निर्देशक रमेश बखतीले जानकारी दिनुभयो। विशेष गरी स्थानीय तहमा बेरोजगार युवालाई स्वरोजगार हुने अवसर दिन र रोजगारीका लागि विदेश जाने युवालाई केही सहज बनाउन तालिम सञ्चालन गर्न लागिएको हो।

स्थानीय निकायको सहयोगमा तालिमको विषय र प्रशिक्षार्थी छनोट गरिने भएको छ। प्रदेश र स्थानीय सरकारको प्रत्यक्ष सहभागितामा तालिम सञ्चालन गर्न लागिएको निर्देशक बखतीले दाबी गर्नुभयो।

- तालिमका लागि ७५ करोड बजेट
- प्रत्येक प्रदेशबाट ६ हजार सहभागी
- विदेश जाने युवाको जमात घट्ने विश्वास
- तालिम सञ्चालन गर्ने अधिकार प्रदेश सरकारलाई

उहाँका अनुसार तालिम लिन सामान्य लेखपढ गरेकालाई समेत अवसर दिइने भएको छ। सीटीईभीटीका ३४ र प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भएका करिब २ सय गरी २ सय ३४ विद्यालयमा सो तालिम सञ्चालन गरिने भएको छ। ३ सय ९० घण्टा अवधिको सो तालिम सिकेपछि सहभागीले समुदायमा तालिमको उपलब्धि उपभोग गर्न पाउने छन्।

निर्देशक बखतीका अनुसार सहभागीलाई सिकर्मी, डकर्मी, सिलाइ कटाइ, वेल्डर, मेन्टिनेन्स, बाली विज्ञान, भेटेरिनरी, कुकिङ, वेकिङलगायत दुई दर्जनभन्दा बढी विषयमा तालिम उपलब्ध गराइने भएको छ।

'हामीले प्रशिक्षार्थीलाई दैनिक ५० रुपियाँ खाजाको व्यवस्था गरेका छौं, सहभागिता बढाउन खाजाको व्यवस्था गरेका हौं।' -निर्देशक बखतीले भन्नुभयो।

एक प्रदेशमा ५ हजार युवालाई तालिम उपलब्ध गराउँदा उनीहरूले स्वरोजगारको अवसर पाउने भएपछि सरकारले नयाँ योजना अघि बढाएको हो। सो योजनाअन्तर्गत ४२ हजार युवाले रोजगारीको अवसर पाउनेछन्। सरकारले प्रदेश सरकारलाई बलियो बनाउने र त्यहाँ उत्पादन भएका युवालाई आफ्नै प्रदेशमा रोगजारीको व्यवस्था गर्न तालिम सञ्चालन गर्न लागेको बताएको छ। ३ महिना तालिम सम्पन्न गरेका युवालाई उनीहरूको तालिम परीक्षण गर्ने योजना रहेको सीटीईभीटीले जनाएको छ। युवापिढीलाई प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न र आफ्नै क्षेत्रमा रोजगारीको अवसर-प्रदान गर्न सीटीईभीटीले प्रदेश तहमा पहिलोपटक यस्तो तालिम सञ्चालन गरेको हो।

तालिम सञ्चालन गर्ने अधिकार प्रदेश सरकारलाई नै दिने योजना बनाएको छ। निर्देशक बखतीले तालिम सञ्चालन गर्न कार्ययोजना तयार भइरहेको बताउनुभयो। एक समूहमा २० जना प्रशिक्षार्थी हुन्छन्, उनीहरूलाई तालिम दिन आवश्यक पर्ने प्रशिक्षक प्रदेश सरकारले समेत खोज्न सक्नेछ। सीटीईभीटीले आफ्ना प्रदेश कार्यालयमार्फत प्रदेश सरकारसँग समन्वय गरी तालिम सञ्चालन गर्ने तयारी गरेको छ।

### विप्लव समूहका प्रवक्ता विश्वकर्मा पक्राउ

# ७ करोड चन्दा असुली गरेको अभियोग

मधुसूदन रायमाझी, काठमाडौं

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्कबहादुर विश्वकर्मा 'प्रकाण्ड' लाई प्रहरीले पक्राउ गरेको छ। उहाँलाई प्रहरीले दक्षिणकाली नगरपालिका-१ चाल्नाखेलबाट पक्राउ गरेको हो।

प्रहरीले प्रवक्ता विश्वकर्मालाई उद्योगी व्यवसायीबाट ७ करोडभन्दा बढी चन्दा असुल गरेको भन्दै पक्राउ गरेको दाबी गरेको छ। प्रहरीले विकलाई चन्दा ऐनअन्तर्गत ५ दिनका लागि जिल्ला अदालत काठमाडौंबाट म्याद थपेर थप अनुसन्धानका लागि महानगरीय प्रहरी परिसर टेकुमा राखेको छ।

विकसँगै उहाँका सहयोगी हरिचन्द्र आचार्य र गाडीका चालक मनबहादुर श्रेष्ठलाई पनि पक्राउ गरेर मुद्दा चलाएको छ।

नेकपाका नेता एकराज भण्डारीले प्रवक्ता विकको भनाइ उद्धृत गर्दै नेपाल समाचारपत्रसँग भन्नुभयो- 'मलाई बिनाकारण हेडौंडाबाट काठमाडौं आउँदै गर्दा टौदहमा पक्राउ गरेर अनावश्यक मानसिक टर्चर दिने, काम भयो, रातभर कालो माक्स लगाएर बुधबार मात्र मुखमा लगाएको पट्टी खोलियो, खान पनि दिइएन।'

प्रहरीले जबरजस्ती चन्दा असुली कार्यमा सहभागी भएको उजुरीको आधारमा चन्दा ऐनअन्तर्गत मुद्दा चलाइएको बताएको छ। चन्दा उठाएको प्रमाणको आधारमा विकलाई पक्राउ गरेको प्रहरी दाबी छ।

प्रहरीले मंगलबार मध्यरातमा चाल्नाखेलस्थित महानगरीय प्रहरी प्रभाग अगाडि हेडौंडाबाट काठमाडौंतर्फ आइरहेको बा१४प २७२९ नम्बरको सवारीसाधनमा प्रहरी प्रधान कार्यालयको विशेष टोली र महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको संयुक्त प्रहरी टोलीले चेकजाँचका क्रममा विकसहित ३ जनालाई पक्राउ गरेको बताएको छ।

- रिहा गर्न आन्दोलनको चेतावनी
- चन्दा ऐनअन्तर्गत मुद्दा चलाइयो

प्रहरीका अनुसार उद्योगपति, व्यवसायीसमेतबाट अवैधरूपमा करिब ७ करोड बराबरको रकम चन्दा असुली गरेको पाइएकाले चन्दा ऐन-२०३० बमोजिमको मुद्दा दर्ता गरी काठमाडौं जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ।

चन्दा असुलेको ठहर भएमा चन्दा ऐन-२०३० को दफा १३ मा चन्दा उठाउने व्यक्तिलाई २ वर्षसम्म कैद वा २ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यसरी उठाइएको चन्दाको रकमसमेत निजबाट सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था छ।

कालीकोटको मालकोटमा मध्यम वर्गीय दलित परिवारमा जन्मेका विक २०५२ सालदेखि माओवादीको पूर्णकालीन सदस्य बनेर जनयुद्धमा सहभागी हुनुभएको थियो।

तत्कालीन माओवादी नेतृत्वको सरकारमा महिला बालबालिका तथा समाज कल्याणमन्त्रीसमेत बन्नुभएका उहाँ माओवादी पार्टी विभाजनमा वैद्य समूहमा लाग्दै पुन: पार्टी विभाजन भएपछि विप्लवतिर लाग्नुभएको थियो।

पार्टी गठन भएसँगै प्रवक्ताको जिम्मेवारी सम्हाल्दै आउनुभएका विश्वकर्माले २०४६ सालमा प्रचण्ड निकट अखिल नेपाल युवक संघबाट राजनीति शुरू गर्नुभएको थियो।

(क्रमश: पृष्ठ ९ मा)

## कलाकार मिश्रको निधन



काठमाडौं, (नेस)

वरिष्ठ चित्रकार एवं कलाकार मनुजबाबु मिश्रको बुधबार निधन भएको छ। लामो समयदेखि मधुमेह र उच्च रक्तचापले थलिनुभएका मिश्रको बुधबार बिहान निधन भएको हो।

८३ वर्षीय मिश्रको आफ्नै निवास बौद्धमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ। २०४६ सालको राजनीतिक परिवर्तनपछि सार्वजनिक कार्यक्रममा नदेखिनुभएका उहाँ आफ्नै निवासमा चित्रकला र साहित्य सिर्जनामा रमाउनुहुन्थ्यो। मिश्रका एक दर्जनभन्दा बढी कलाबारेका पुस्तक, केही कथा, निबन्ध र उहाँको आफ्नै आत्मकथा 'हर्मिताज: अढाइ दशक गुफामा' प्रकाशित छन्। नेपाली र पाश्चात्य कलाका इतिहासविद् उहाँले बंगलादेशको कलेज अफ आट्स एन्ड क्राफ्टबाट सन् १९६९ मा कला विषयमा स्नातक तह उत्तीर्ण गर्नुभएको थियो।

## सार्वजनिक सुरक्षा ऐन संशोधन

काठमाडौं, (नेस)

सरकारले सार्वजनिक सुरक्षा ऐन-२०४६ लाई संशोधन गर्न संसद्मा विधेयक प्रस्तुत गरेको छ। प्रतिनिधिसभामा गृहमन्त्री रामबहादुर थापाले प्रस्तुत गर्नुभएको विधेयक छलफलका लागि समितिमा पठाइएको छ।

(क्रमश: पृष्ठ ९ मा)

### आठ दिनपछि नयाँ कानुन

# सर्वसाधारणलाई अत्तोपत्तो छैन

प्रशान्त वली, काठमाडौं

मुलुकमा अबको आठ दिनपछि नयाँ कानुन कार्यान्वयनमा आउँदै छ। मुलुकी ऐन-२०२० को ठाउँमा नयाँ कानुनहरू लागू गर्न लागिएको हो।

मुलुकी अपराध संहिता ऐन, फौजदारी कार्यविधि संहिता ऐन र फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयनसम्बन्धी मस्यौदा बनेको बताइएको छ भने मुलुकी देवानी (संहिता) ऐन-२०७४, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन-२०७४, मुलुकी अपराध (संहिता) ऐन-२०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन-२०७४ कार्यान्वयनमा आउन लागेको हो।

तर, धेरै सर्वसाधारणले यसबारे आफूलाई केही थाहा नभएको बताएका छन्। उनीहरूले यसमा सरकार र सम्बन्धित निकायको नै कमजोरी रहेको गुनासो गरेका छन्। उनीहरू भन्छन्- 'यसबारे हामीलाई कसैले जानकारी दिएको छैन न सरकारले न सम्बन्धित अन्य निकायले।' आफूहरूलाई प्रशिक्षण दिइनुपर्ने या अन्तरक्रियामा सहभागी गराइनुपर्ने उनीहरूको माग छ।

काठमाडौंका विनय श्रेष्ठ नयाँ कानुनबारे केही जानकारी नभएको गुनासो गर्दै भन्नुहुन्छ- 'नयाँ कानुन त भन्छन् तर कस्तो हो अत्तोपत्तो छैन।'

बैतडीकी ममता भट्ट नयाँ कानुन कुन चराको नाम हो भन्नेबारे आफूलाई केही थाहा नभएको बताउँदै भन्नुहुन्छ- 'जानकारी नहुँदा कसरी मुद्दा दर्ता गर्ने, के-के छन् ऐनमा भन्ने कुरा कालो अक्षर भैंसी बराबर भनेजस्तै भएको छ।'

दोलखाका रामराज मैनाली नयाँ कानुनबारेमा जिल्लामा कुनै प्रशिक्षण नभएको गुनासो गर्नुहुन्छ।

> राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा कानुन कार्यान्वयनमा सरकारले लगानी नगरेको टिप्पणी गर्दै भन्नुहुन्छ- 'जनतालाई जानकारी दिन रकम खर्च गरिएको पाइँदैन।'

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा कानुन कार्यान्वयनमा सरकारले लगानी नगरेको टिप्पणी गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'जनतालाई जानकारी दिन रकम खर्च गरिएको पाइँदैन। जनतालाई सुसूचित गराउने आधारभूत कर्तव्य नै हो सरकारको।'

अधिवक्ता बालकृष्ण न्यौपाने पनि सरकारले नयाँ कानुनको सन्दर्भमा आधारभूत विषयहरूको बारेमा जानकारी गराउन जरुरी रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'उपभोक्ताहरूलाई जानकारी नगराई कानुन लागू गर्नु अव्यावहारिक हुन्छ। पहिलेको कानुन र अहिलेको कानुनबीचको अन्तर त जानकारी गराउनै पर्ने हो सरकारले।'

तर, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले यसबारे सर्वसाधारणलाई सुसूचित गराउने काम भइरहेको दाबी गरेको छ। यसबारे सञ्चारमाध्यमबाट जानकारी गराइको बताउँदै उक्त मन्त्रालयका प्रवक्ता रमेश ढकाल नेपाल समाचारपत्रसँग भन्नुहुन्छ- 'अहिलेसम्म २० जिल्लामा नयाँ कानुनमा भएका कुराबारे सर्वसाधारणलाई जानकारी गराइसकेका छौं। तर, भनेजति गराउन सकिएको छैन।'

काठमाडौं जिल्ला अदालतका प्रवक्ता कृष्णप्रसाद नेपाल कानुन कार्यान्वयनका लागि निर्देशिका र नियमावली आफूहरूले भर्खरै प्राप्त गरेको बताउँदै भन्नुहुन्छ- 'नयाँ कानुनका बारेमा सेवाग्राहीलाई परामर्श प्रदान गर्ने सोचमा छौं। नागरिकसामु पुगेर अन्तरक्रिया र छलफल गर्ने सोच छ।'

यस्तै, मुलुकी अपराध संहिता र मुलुकी देवानी संहिता-२०७४ कार्यान्वयनको सबै तयारी पूरा भइसकेको सर्वोच्चले जनाएको छ। ऐन कार्यान्वयनका लागि नियमावली, निर्देशिका र दिग्दर्शनसमेत तयार भइसकेका छन्।




# महानगर

'जब मेला र पर्वको बेला हुन्थ्यो तब-तब राति देवस्थलमा सेतो बाघ देखिन्थ्यो। त्यो बाघलाई देख्ने गरी भारदेवबाट प्रकाश पुञ्ज देखा पर्दथ्यो।'





**राजेन्द्र मानन्धर**
वडा अध्यक्ष, कामपा २० वडा

# वडासँग फोहोर उठाउने गाडी छैन

काठमाडौंको प्राचीन बस्तीमध्येको एक हो काठमाडौं महानगरपालिकाको २० वडा। महानगरका अन्य वडाभन्दा भूगोलमा सानो भए पनि काष्ठमण्डप, गणेशस्थान (अशोक विनायक), भीमसेन मन्दिर, रामघाट, जैसीदेवल जस्ता प्राचीन सम्पदा यहाँ अटाएका छन्। विश्व सम्पदा सूचीमा सूचीकृत वसन्तपुर दरबार स्क्वायरको काखैमा रहेको वडाका विविध पक्ष, समस्या समाधानमा भइरहेका पहलबारे सो वडाका वडा अध्यक्ष राजेन्द्र मानन्धरसँग नेपाल समाचारपत्रले गरेको कुराकानी।

**वडाध्यक्ष भएर तपाईंले स्थानीय तहको जिम्मेवारी सम्हालेको एक वर्ष पूरा भइसकेको छ। यो अवधिलाई कसरी मूल्यांकन गर्नुभएको छ ?**

यसभन्दा अघि यस्तो जिम्मेवारीमा नभएकाले मेरो लागि नयाँ अनुभव भयो। काठमाडौंको कोर सिटीभित्रको वडा भएकाले धेरै किसिमका धार्मिक सम्पदा छन्, ठूलो व्यापार व्यवसाय नभएको ठाउँ छ। एक/दुई आनामा बनेका घर र साँघुरो सडक धेरै छन्। तै पनि ठूलो झै-झगडा र अन्य समस्या भएको छैन। वडामा समस्या लिएर आउने वडाबासीका कुनै पनि काम रोकेका छैनौं जति सक्दो छिटो उहाँहरूको काम सम्पन्न गर्ने प्रयास गरिरहेका छौं।

**तपाईंले निर्वाचनको समयममा गर्नुभएका प्रतिबद्धता के-के पूरा गर्नुभयो ?**

महानगर भएकाले फोहोरमैला व्यवस्थापन र सडकबत्ती व्यवस्थित हुनुपर्छ भन्ने लाग्छ। सडकवत्ती व्यवस्थित गर्न एक जना वडा सदस्यलाई जिम्मेवारी तोकिएको छ। पूर्वाधार विकासका लागि पनि अर्का वडा सदस्यलाई जिम्मेवारी तोकिएको छ। उहाँहरू हरेक दिन आफ्नो जिम्मेवारीमा खट्नुभएको छ। निर्वाचनको समयमा मैले ठूलो र असम्भव हुने कुरा मैले केही पनि गरेको थिइनँ, वडाको दैनिक काम-कारबाहीलाई व्यवस्थित बनाउने मेरो प्राथमिकता थियो। त्यो अहिले प्रभावकारी ढंगमा भइरहेको छ। अहिले एउटै कामका लागि वडाबासी वडा कार्यालय धाइरहनु पर्दैन। यो वडा सम्पदाले घेरिएको, भरिएको वडा भएकाले पर्यटकीय रूपले विकास गर्नुपर्छ भन्ने कुरामा मैले जोड दिएको थिएँ। अहिले काम अघि बढिरहेको छ।

**त्यसका लागि के-के गर्दै हुनुहुन्छ ?**

पर्यटकीय गतिविधि र पर्यटकको सुविधालाई प्राथमिकतामा राखेर छुट्टै गुरुयोजना बनाइरहेका छौं। पर्यटक परोपकार हुँदै हनुमानढोका र वसन्तपुर पैदल पुग्ने गरेका छन्, तर पर्यटक हिँड्ने सडक आसपासमा फोहोरमैला थुप्रिएको हुन्छ। पहिलो कुरा त सडक र आसपासको क्षेत्रलाई राम्रो बनाउनुपर्‍यो। पर्यटक प्रवेश गर्ने प्रवेशद्वार नै राम्रो भएन भने त्यसले पक्कै पनि गलत सन्देश दिन्छ भनेर विष्णुमती लिंकरोड र अन्य सडक व्यवस्थित बनाउन जरुरी छ। पर्यटकको चहल-पहल हुने हनुमानढोका संरक्षण कार्यक्रम पनि हाम्रै क्षेत्रभित्र पर्छ। पर्यटकले 'अब हामीहरू मौलिक संस्कृतिको शहरमा हामी छिर्‍यौं' भन्ने अनुभूति दिलाउने वातावरण बनाउनुपर्छ। यो हाम्रो एउटै वडाले मात्रै पर्यटकीय गतिविधि र भएका समस्या समाधान गर्न सम्भव हुँदैन भनेर १९, २०, २३, २४ वडा बीच छलफल भइरहेको छ। जात्रा, पर्व, संस्कृति र पर्यटकीय गतिविधिका लागि विभिन्न वडा समेटिएको छुट्टै टिम नै छ।

**पर्यटक हिँड्ने सडक र फुटपाथ सफा हुन गुरुयोजना नै कार्यान्वयन हुनुपर्छ र ?**

सरसफाइ दैनिकरूपमा भइरहेकै छ, नभएको चाहिँ होइन। समस्या के छ भने हाम्रो वडासँग फोहोर उठाउने छुट्टै गाडी छैन। महागरपालिकाबाट फोहोर उठाउने गाडी आउँछ, त्यो गाडी बिहान ८ बजेअघि नै आउँछ, फोहोर उठिरहेको पनि हुन्छ। तर, तपाईंले सडकमा देख्ने फोहोर बिहान ८ बजेपछिको हो। फोहोरको गाडी आएपछि फोहोर लिएर आउनु भनेर वडाबासीलाई भन्ने गरेका छौं तै पनि फोहोरमैला संकलन व्यवस्थित हुन सकिरहेको छैन। बहालमा बस्नेहरूलाई समस्या छ, उनीहरूका लागि कोठा र घरमा फोहोर जम्मा गर्ने ठाउँ हुँदैन। वडाका लागि छुट्टै गाडी भयो भने हामीले बिहान, दिउँसो, बेलुका फोहोर उठाउन सक्छौं, यस्तो समस्या हुन्न। हामीसँग गाडी छैन, गाडी चाहियो, ढल जाम भएपछि तत्काल सफा गर्ने मेसिन चाहियो भनेर महानगरलाई बारम्बार माग गरेका छौं। बोर्ड बैठकमा यो विषयमा ध्यानाकर्षण गराएका छौं।

**भूकम्पले भत्काएका घर-टहरा अझै मर्मत हुन सकेका छैनन्, भत्किएका संरचना सफा हुन सकेको छैन। यो समस्याका लागि वडाले सहजीकरण गर्न नसकेको हो ?**

महानगरपालिकाले विभिन्न शीर्षक तोकेर नै बजेट विनियोजन गर्छ। हामीले बजेट खर्च गर्दा बजेटमा भएको व्यवस्थाअनुसार नै गर्नुपर्ने हुन्छ। बजेट दायाँ-बायाँ गर्न मिल्दैन। तपाईंले उठाउनुभएको समस्या सम्बोधन गर्न नयाँ बजेट चाहिन्छ, महानगर आफैं जमानी बसेर बैंक लोनको व्यवस्था गर्‍यो भने राम्रो हुन्छ। हामीसँग औजार नै छैन भने कसरी काम गर्न सकिन्छ, वडाले सक्दैन भनेर यो समस्या महानगरलाई जानकारी गराएका छौं। तर, महानगरले प्रस्ट जवाफ दिएको छैन। भूकम्पले भत्किएका घर नबन्नु, भत्किएको घर नयाँ बन्न नसक्नु व्यक्तिको आर्थिक हैसियतसँग जोडिन्छ। तर, यहाँ सम्पन्न मान्छे धेरै छन्, यहाँको घर भत्किए पनि घरधनीको घर अन्यत्र पनि भएकाले मर्मत सम्भार नभएको हो।

**शहरिया गरिब धेरै छन् भनिन्छ, तपाईंको वडामा कस्तो छ यो समस्या ?**

वडाका लागि यस्तो तथ्याङ्क चाहिन्छ। जस्तै भूकम्पले घर भत्कियो कसैको बनाउने हैसियत छैन भने वडाले सहजीकरण गरिरहेको छ। नक्सा बनाउन, प्राविधिक सहयोग र घरका लागि चाहिने काठ पनि सहुलियत दरमा दिने गरेका छौं। तर, वडाले यस्तो सुविधा दिइरहेको छ भन्ने चेतना सबैलाई रहेनछ, त्यही भएर अहिले हामी विभिन्न माध्यमबाट जानकारी गराइरहेका छौं। ९० प्रतिशत वडाबासीको आर्थिक हैसियत कमजोर छैन। कतिपयको अंश मुद्दा र अन्य झगडा छ, साँधसीमाना नमिल्दा घर बनाउन पाएका छैनन्।

पक्कै पनि काठमाडौंमा बस्ने सबै धनी छैनन्, धनी हुँदैनन्। घर हेर्दा ठूलो हुन्छ तर अंशमा बाडफाँड गर्दा धेरै जनाको हुन्छ। एउटा घरमा एउटै परिवारका ४/५ परिवार बाँढिएर बस्नुपर्ने अवस्था छ। त्यस्तो अवस्थामा घर धितो राखेर बैंक लोन लिने सम्भावना हुँदैन, अनेक समस्या छन्। त्यसैले राज्यले शहरी गरिबी समस्या सम्बोधन गर्न विशेष कार्यक्रम ल्याउनुपर्छ।

**तपाईंको वडासँग वडाबासीको विस्तृत पहिचान तथ्यांक छ ?**

पहिला हामीसँग प्रोफाइल तयार थियो, तर वर्षौंअघिको प्रोफाइल अहिले उपयुक्त भएन। त्यसमा धेरै कुरा छुटेको छ। घर-परिवारको आर्थिक अवस्थासँगै वडामा रहेका सबै सार्वजनिक सम्पत्ति, ढुंगेधारा, अन्य सम्पदा, संघ-संस्था के-कति छन् सबै चाहिन्छ। घर-परिवारको शैक्षिक योग्यता, बहालमा बस्नेलगायत सबैको विवरण चाहिन्छ। अनि मात्रै हामीले वडाका कार्यक्रम तय गर्दा राम्रो हुन्छ। ६/७ महिनामा वडाको समग्र तथ्यांक अपडेट हुन्छ।

# स्थानीय अधिकार संविधानमै सीमित

सुनील महर्जन, काठमाडौं

एक वर्षमा पनि स्थानीय तह सञ्चालनमा देखिएको अन्योलता नहटेको पाइएको छ। जनप्रतिनिधिहरूले ऐन, कानुन र कर्मचारीको अभावका बीच स्थानीय तहको जिम्मेवारी सम्हाल्दा जनतासँग बोल-कबोल गरेबमोजिम कार्य अघि बढ्न आम जनताको अपेक्षा थियो। तर, स्थानीय तह सञ्चालन भएको एक वर्ष बितिसक्दा पनि यसमा देखिएको अन्योल नहटेको सर्वसाधारणको बुझाई रहेको छ।

स्थानीय तहमा अन्योल कायम हुनुमा जनप्रतिनिधि, सर्वसाधारण नागरिक र विज्ञहरूको आ-आफ्नो भनाइ रहेको छ। 'कर्मचारीतन्त्रको असहयोग र कानुनी अन्योलताले अपेक्षाअनुरूप काम गर्न सकेन।' -ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले भन्नुभयो।

'निर्वाचन भएको ४/५ महिनापछि स्थानीय सरकार सञ्चालन ऐन पारित गरियो। स्थानीय तह सञ्चालन गर्न त्यो ऐन मात्र पर्याप्त थिएन', प्रमुख महर्जनले भन्नुभयो- 'प्रदेशको कानुन पनि जरुरी रहेको छ। अहिले पनि आवश्यक प्रदेश कानुन आएको छैन।'

स्थानीय तहमा भएका अधिकारको प्रयोग नहोस् भन्ने विभिन्न मन्त्रालयका उच्चपदस्थ कर्मचारी, विभिन्न राजनीतिक दल र तिनका नेताको सोचले गर्दा पनि काम गर्न कठिनाइ रहेको जनप्रतिनिधिहरू बताउँछन्। स्थानीय तहको निर्वाचनअघि गाउँ-गाउँमा सिंहदरबारको नारा दिएर चुनाव जितेका जनप्रतिनिधिहरू सिंहदरबारले स्थानीय तहलाई अधिकार दिन नचाहेको पनि धारणा बनाएका छन्।

संघ, प्रदेश र स्थानीय तहबीच परस्पर समन्वय, सहअस्तित्व र सहकारिता रहने भनेर संविधानमा उल्लेख गरिए पनि व्यवहारमा त्यस्तो भएको छैन। केन्द्रको मन्त्रालय, कर्मचारीहरू नियन्त्रणमुखी तवरमा लागेको धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्यञ्जुको ठम्याइ रहेको छ।

'संघ र प्रदेशको अधिकार विषयमा कानुन नबनेकाले पनि स्थानीय तहले आफ्नो कामलाई गति दिन नसकेको हो।' -प्रमुख ब्याञ्जुले नेपाल समाचारपत्रसँग भन्नुभयो।

नगरपालिकाको प्रमुखका अनुभवले संघ र प्रदेशले कानुन नबनाएसम्म स्थानीय तहले आफ्नो अधिकार पूर्ण उपभोग गर्न नसक्ने निष्कर्षमा पुगेको बताउनुभयो। स्थानीय तहको अधिकारसँग बाझिने करिब १ सय २५ वटा कानुन छन्।

'स्थानीय तहसँग बाझिने ती कानुन खारेज नभएसम्म संविधानले परिकल्पना गरेअनुसारको स्थानीय तह सर्वसाधारणले व्यवहारमा पाउने छैन।' प्रमुख ब्याञ्जुले भन्नुभयो। सरकारले स्थानीय तहका जनप्रतिनिधिलाई असफल बनाउन एकपछि अर्को अकुंश लगाएपछि प्रमुख सर्वोच्च अदालतको समेत ढोका ढकढक गर्न उहाँ पुग्नुभएको थियो।

संविधानको धारा २३२ मा स्थानीय तह, प्रदेश र संघबीच समन्वय, सहअस्तित्व र सहकार्यको सम्बन्ध हुने उल्लेख गरिएको छ। प्रदेश र संघले स्थानीय सरकारसँग समन्वय नै नगरी आफूखुसी कानुन निर्माण गरिरहेको पनि प्रमुख ब्याञ्जुको भनाइ रहेको छ।

अर्को अन्योल कर्मचारी समायोजनले गर्दा भएको छ। स्थानीय तहको मागभन्दा पनि शक्ति सम्बन्ध र पहुँचको आधारमा कर्मचारी सरुवा हुने गरेको छ। सरकारले पठाएको १ सय कर्मचारीमध्ये चाहिने जनशक्ति खासै नभएको तथा आवश्यकता र मागको आधारमा नभई कर्मचारीको इच्छाको भरमा समायोजन गरेको पनि उहाँको भनाइ रहेको छ। 'सिंहदरबारबाट आएका कर्मचारी राजधानी र सुगम ठाउँमा मात्र बस्न चाहन्छन्। अन्यत्र गएको पाइएन।' -कीर्तिपुर नगरपालिका प्रमुख रमेश महर्जनले भन्नुभयो।

स्थानीय तहका प्रतिनिधिहरू बहाल भएको एक वर्षभित्र चुनावी घोषणापत्र र सार्वजनिक भाषणमा भनेअनुरूप काम गर्न नसक्नुको मुख्य कारणका रूपमा कानुनको अभावलाई औंल्याएका छन्। 'स्थानीय तहलाई अधिकार दिएको छ भन्यौं, तर त्यसलाई कसरी प्रयोग गर्ने कानुन सबै बनेको छैन।' -काठमाडौं महानगरपालिकाका उपप्रमुख हरिप्रभा श्रेष्ठ (खड्गीले) भन्नुभयो।

संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची संविधानको अनुसूची-९ मा उल्लेख गरिएको छ। त्यसमा सहकारी, स्वास्थ्य, कृषि, वन-जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज, विपद् व्यवस्थापन, पुरातात्त्विक, प्राचीन स्मारक र संग्रहालय, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी जस्ता विषयहरू रहेका छन्।

ती विषय कुनै न कुनैरूपमा वा शब्द घुमाएर अनुसूची-५ को स्थानीय तहको एकल अधिकार सूचीमा पनि राखिएको छ। त्यसमा सहकारी, आधारभूत स्वास्थ्य, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जलाधार, वन्यजन्तु, खानी तथा खनिज, स्वास्थ्य, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा, ललिकला संरक्षण र विकासलगायत रहेका छन्।

संविधानको भाग-५ को धारा ५७ मा स्थानीय तहको एकल अधिकारको प्रयोग गाउँसभा वा नगरसभाले बनाएको कानुनबमोजिम हुनेछ भनिएको छ। त्यसै गरी सो धाराको उपदाफा-७ मा गाउँसभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनुपर्ने र प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने भनिएको छ। 'संघ र प्रदेशले कानुन नबनाउँदा स्थानीय तहलाई कानुन बनाउने बाटो खुल्न सकेको छैन', उहाँले भन्नुभयो- 'संघ र प्रदेशले समन्वय नगर्दा कानुन बनाउन ढिलाइ भयो। अहिले बनाएको कानुन पनि पछि प्रदेशले बनाउने कानुनसँग बाझिए खारेज हुने खतरा छ। यसले गर्दा कानुन कार्यान्वयन गर्न पनि कठिनाइ छ।'

> 'स्थानीय तहका प्रमुखसहित जनप्रतिनिधिहरूले संविधानले दिएको अधिकारहरू बुझ्ने, तिनलाई कसरी कार्यान्वयन गर्ने भनेर नबुझेको पाइयो। संविधानले दिएको आफ्नो हैसियत ग्रहण गर्न नसक्नु पनि जनप्रतिनिधिको कमजोरी देखियो।'

वर्षौंदेखिको कर्मचारीतन्त्रको जालो, जनप्रतिनिधिहरूले स्वयंले कानुनी र प्रशासनसम्बन्धी ज्ञानको अभावले गर्दा पनि स्थानीय तहले जनताले अपेक्षा गरे काम गर्न नसकेको विश्लेषकहरूको भनाइ रहेको छ। जनताको आवश्यकता बुझेर निर्णय गर्नुभन्दा पनि प्रक्रियागत झन्झटमा निर्णय नगर्ने प्रवृत्ति पनि रहेको ललितपुरका टंगलका रवीन्द्रराज ताम्रकारको कथन रहेको छ।

'जनप्रतिनिधि आएको खासै महसुस गर्न सकिरहेको छैन। स्थानीय तहले सरोकारवालालाई समेटिएर योजना तुर्जमा, कार्यान्वनयमा अघि बढ्न सकेको छैन।' -ताम्रकारले भन्नुभयो। यसले गर्दा काम-कारबाहीमा भने खासै प्रभावकारिता नआएको स्थानीय बासिन्दाको गुनासो रहेको छ। स्थानीय तह सञ्चालनमा अन्योल देखिनुमा आफ्नो पनि दोष रहेको भनेर जनप्रतिनिधिहरूले स्वीकार नै गर्न नचाहेको पनि सर्वसाधारणको बुझाई रहेको छ।

झण्डै २० वर्षपछि भएको स्थानीय तहको निर्वाचन भएकाले जनताको अपेक्षा पनि ह्वात्तै बढेको पाइएको छ। बढेको अपेक्षा पनि फेरि बढाउने गरी चुनाव जित्न उम्मेदवारहरूले निर्वाचन हुनुअघि मनोरेल, फ्लाई ओभर, धूलो-धूवाँ केही दिनमै हटाउने, घर-घरमा गएर सामाजिक सुरक्षा भत्ता दिन जाने जस्ता आश्वासनको पोको नै बाँडेको थिए। ती आश्वासन त के जनताको दैनिक जीवनसँग जोडिएका आवश्यकतासमेत पूरा गर्न सकेको छैन।

एकात्मकबाट संघीयताको प्रवेशको संक्रमणकाल व्यवस्थापनमा केन्द्र सरकारबाट धेरै कमजोरी भएको पूर्वसचिव बालानन्द पौडेलको भनाइ रहेको छ। 'यसले गर्दा पनि जनप्रतिनिधिहरूलाई काम गर्न अप्ठेरो भएको पक्कै हो।' -उहाँले भन्नुभयो। विघटित स्थानीय तह पुनर्संरचना समितिको अगुवाइ गर्नुहुने पूर्वसचिव पौडेलले केन्द्र सरकारको तर्फबाट संक्रमणकालको व्यवस्थापन योजनाबद्धरूपमा नबढेको पनि बताउनुभयो।

स्रोत र साधन भएका स्थानीय तहमा पनि अपेक्षाकृतरूपमा काम नबढेको बताउँदै पूर्वसचिव बालानन्द पौडेलले भन्नुभयो- 'त्यस्ता स्थानीय तहका प्रमुखसहित जनप्रतिनिधिहरूले पनि संविधानले दिएको अधिकारहरू बुझ्ने, तिनलाई कसरी कार्यान्वयन गर्ने भनेर नबुझेको पाइयो। संविधानले दिएको आफ्नो हैसियत ग्रहण गर्न नसक्नु पनि जनप्रतिनिधिको कमजोरी देखियो।'

# नल्लु पाथिभरामा तिर्थालुको चहल-पहल



काठमाडौं उपत्यकाभित्रै ताप्लेजुङको पाथिभरा मन्दिरको प्रतिकृति निर्माण भएपछि ताप्लेजुङ पुग्न नसक्ने तिर्थालुलाई सहज भएको छ। दक्षिण ललितपुरको कोञ्ज्योमसोम गाउँपालिका-४ नल्लुमा ताप्लेजुङको मूल पाथिभराकै स्वरूपमा मन्दिर बनेपछि बाह्रै महिना भक्तजनको चहल-पहल बढ्न थालेको छ। शनिबार र मंगलबार त्यहाँ भक्तजनको घुइँचो हुने गर्छ। ८ वर्षअघि त्यहाँ मन्दिर निर्माण भएको हो।

सातदोबाटो चक्रपथबाट करिब १७ किमिको दूरी छिचोल्दै त्यहाँ पुग्न सकिन्छ। हिजो-आज मध्य वर्षाद्को मौसममा छिन-छिनमा घाम-पानी र बादलको लुकामारी दोहोरिँदा मध्य शहर बजारको उकुसमुकुस वातावरणलाई केहीबेर भए पनि भुल्न सकिन्छ। अग्लो भू-भागमा मन्दिर रहेकाले आसपासको प्राकृतिक सौन्दर्यले जो-कोहीको मन जित्न, त्यहाँ पुग्नेहरू आसपासको दृश्य क्यामेरामा कैद गर्न बिर्सँदैनन्। स्थानीय जयबहादुर स्याङ्तानले मन्दिर निर्माणका लागि ३ रोपनी जग्गा दान दिएका थिए।

नल्लु पाथिभरा देवी प्रतिकृति मन्दिर मूल समितिले मन्दिरको भौतिक संरचना निर्माण, प्रचार-प्रसार र अन्य धार्मिक गतिविधिलाई निरन्तरता दिएको छ। समिति अध्यक्ष गणेशबहादुर घलान, कोषाध्यक्ष पुजन बस्नेत, प्रमुख सल्लाहकार जगमोहन वामीको सक्रियता प्रशंसनीय रहेको स्थानीय बताउँछन्। मन्दिर स्थापना हुनुभन्दा वर्षौंअघि त्यहाँ मेला लाग्दै आएको छ। चैतेदशैं, बुद्ध पूर्णिमा र बडादशैंको अवसरमा मेला लाग्ने गर्छ। 'अहिलेको पाथिभरासँगैको रुखमुनि पशुपछी बली दिएर भाकल माग्न पुग्नेहरू धेरै आउँथे, मन्दिर बनेपछि दर्शन गर्न आउने धेरै छन्।' -समितिका एक पदाधिकारीले भने।

'जब मेला र पर्वको बेला हुन्थ्यो तब-तब देवस्थलमा राति सेतो बाघ देखिन्थ्यो। त्यो बाघलाई देख्ने गरी भारदेवबाट प्रकाश पुञ्ज देखा पर्दथ्यो।' -त्यहाँका बूढापाका यस्तै कहानी सुनाउने गर्छन्। त्यस्तै चर्चा दोहोरिरहँदा स्थानीयले सो क्षेत्रमा पाथिभराको प्रतिकृति बनाउन चासो लिएका हुन्। पाथिभराको हुबहु प्रतिकृतिलाई अभियानकर्ता रमेशकुमार श्रेष्ठ (रमेश गुरु) द्वारा संकल्प गरी स्थापना गरिएको हो।

ललितपुरको दुर्गम भेगलाई पर्यटकीय हब बनाउन कोञ्ज्योमसोम गाउँपालिकाले ३ करोड १० लाख रुपियाँको बजेट विनियोजन गरेको छ। नल्लु पाथिभराको प्रवर्द्धनका लागि चालू आर्थिक वर्षमा १७ लाख ५० हजार विनियोजन गरिएको वडा नं-४ का वडा अध्यक्ष तीर्थ घलानले बताए।



## कान्छी अमेरिकामा

*कान्छी*को अमेरिका रिलिजमा नृत्यनिर्देशक वसन्त श्रेष्ठका साथ नायिका तथा निर्मात्री श्वेता खड्का।

PAGE 3

## सँगसँगै

हास्यकलाकार किरण केसी, विल्सनविक्रम राई र हरिवंश आचार्य।



# हेर्दाहेर्दै आगोले खरानी भयो ३ करोडको हल



हेटौंडा, (नेस)। उपत्यकाबाहिर हेटौंडामा निर्मित पहिलो सुविधासम्पन्न वातानुकूलित सिनेमा हल ओम्याक्स सिनेमालाई आगोले नष्ट गरेको छ।

करिब ३ करोड लागतमा निर्माण गरिएको ओम्याक्स हल बुधबार बिहान आगोले करिब अढाइ घन्टामा नष्ट गरिदिएको हो। हलभित्रको डिजाइनिङ र दर्शक सिट हालैमात्र पुनर्निर्माण गरिएको थियो। हेटौंडा-४ मा स्थापित उच्च प्रविधियुक्त सिनेमा हलमा बुधबार बिहान करिब साढे ९ बजे पर्दाको भागबाट शुरू भएको आगोले पूरै सामग्री जलेर नष्ट गरेको हो। करिब अढाइ घन्टाको प्रयासपछि आगो नियन्त्रणमा आएको थियो। भित्ताका कंक्रिटमात्र बाँकी रहेको अवस्थामा आगलागीबाट कति क्षति भयो अहिले नै भन्न सकिने अवस्था नरहेको हल सञ्चालक नरेन्द्र महर्जनले बताए। यद्यपि, कम्तीमा पनि डेढ करोडको क्षति भएको अनुमान छ। हल २०६९ जेठ १८ देखि नेपाल चलचित्र संघका तृतीय उपाध्यक्ष, चलचित्र निर्माता, वितरक, एफडी कम्पनी अध्यक्ष तथा चलचित्र विकास बोर्ड सदस्य महर्जनले सञ्चालन गर्दै आएका हुन्। आगलागीले हलभित्रका सबै उपकरणसहित भवन ध्वस्त भएको छ। विद्युत् लाइन मर्मतका क्रममा इलेक्ट्रिक सर्ट भएर आगलागी भएको हुन सक्ने प्रहरीले जनाएको छ। आगो निभाउन नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय र तरुण दल आबद्ध युवाको सहभागिता थियो। आगलागी नियन्त्रणमा लिन नेपाल तरुण दल जिल्ला अध्यक्ष ईश्वर पाठक र नगर अध्यक्ष सुनिल गिरीलगायत युवाले पनि जोखिम मोल्दै सेना र प्रहरीलाई सघाएका थिए। हलमा कार्यरत प्राविधिक र कर्मचारीले भने भागेर ज्यान जोगाएका थिए। जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले सिसा फुटाएर भित्रका सामान निकाल्ने प्रयास गरेको थियो।

हेटौंडामा एकमात्र दमकल रहेकाले आगो छिटो निभाएर क्षति कम गर्न सकिएन। आगो निभाउन बाराको अमलेखगन्जबाट नेपाल आयल निगमको दमकल र हेटौंडा उपमहानगरपालिकाको दमकल प्रयोग गरिएका थिए। चितवन र वीरगन्जबाट समेत दमकल मगाइए पनि आगो नियन्त्रणमा आइसकेकाले ती दमकललाई बाटोबाटै फर्काइएको थियो। ८ कठ्ठा क्षेत्रफलमा बनेको हलमा एकसाथ ४ सय ३१ जनाले फिल्म हेर्न सक्थे। हलमा कम्प्युटरबाट टिकट सिस्टम र इन्टरनेटबाट टिकट बुकिङ गर्नेलगायतका सुविधा थिए। हलले कम्तीमा १५ जनालाई रोजगारी दिएको थियो। उक्त हल निर्माणपछि महर्जनले नै सञ्चालन गर्दै आएको ओम सिनेमा हल भत्काइएको थियो।

हलमा आगलागीप्रति विभिन्न संघसंस्थाले दुःख व्यक्त गरेका छन्। नेपाल चलचित्र संघ अध्यक्ष प्रदीप उदयले विज्ञप्ति जारी गरेर दुःख व्यक्त गरेका हुन्। उनले संघका प्रदर्शक सदस्य एवं नेपाल चलचित्र संघका तृतीय उपाध्यक्ष महर्जनद्वारा सञ्चालित हलमा भएको करोडौंको क्षतिप्रति दुःख व्यक्त गर्दै हल पूर्ववत्‌रूपमा पुनः शीघ्र सञ्चालनमा आउने विश्वास व्यक्त गरेका छन्। रिलिजको तयारीमा रहेको फिल्म *ब्ल्याक*को टोलीले पनि ओम्याक्स सिनेमा हलमा आगलागीबाट भएको क्षतिप्रति दुःख व्यक्त गरेको छ। नायिका आँचल शर्माले हलमा आगलागीबाट भएको क्षतिप्रति दुःख व्यक्त गरिन्। सिनेमा हल आफ्नै घर भएको भन्दै उनले आफ्नै घर जल्दा साह्रै दुःख लागेको बताइन्। त्यसै गरी विभिन्न कलाकारले फेसबुकमार्फत सो घटनाप्रति दुःख व्यक्त गरेका छन्।



# फेसन शोसँगै सम्मान

सिजन मिडियाले संस्था स्थापनाको १०औं वर्षको अवसर पारेर राजधानीमा फेसन शो र विभिन्न सांगीतिक कार्यक्रमसहित सम्मान कार्यक्रम गरेको छ।

सो अवसरमा मिडियाद्वारा विभिन्न समयमा आयोजित प्रतियोगिताका विजेता, उपविजेता तथा एयर होस्टेस् तालिम लिइरहेका युवायुवतीले मोडलका रूपमा फेसन शो प्रस्तुत गरेका थिए। फेसन शोमा बालबालिका, टिनएजर, युवतीदेखि विवाहितासमेतको सहभागिता रहेको थियो। फेसन शोमा लेहेंगा, गाउन, ड्रेप्ड ड्रेस, फर्मल वेयरसहित विभिन्न क्याजुअल ड्रेस प्रस्तुत गरिएको थियो। १०औं वार्षिकोत्सवको केक काटेर थालनी गरिएको कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरिएको थियो। सो अवसरमा पत्रकार डब्बु क्षत्री, कुवेर गिरी, मोडलिङ क्षेत्रबाट *पूर्वमिस नेपाल इन्टरनेसनल* शुभेच्छा खड्का, कोरियोग्राफीतर्फ रोजिन शाक्यलाई सम्मान गरिएको थियो। त्यसैगरी *मिस वर्ल्ड डाइभर्सिटी* विजेता युनिता कर्माचार्य, *मिस इन्डिया कन्टिनेन्ट* उपविजेता नितिका कर्माचार्य र *मिस ईकलेज-२०१३* उपविजेता नेहा पोखरेललाई *सौन्दर्य सम्मान* प्रदान गरियो। प्रमुख अतिथि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन 'अनन्त'ले सम्मान गरेका थिए। कार्यक्रममा विभिन्न पेसाका व्यक्तिको उल्लेख्य उपस्थिति रहेको थियो।









# नाटकबाट बालअधिकारको वकालत

लमजुङ, (नेस)। लमजुङको जिल्ला सदरमुकाम बेंसीशहरमा बालबालिकाले नाटकका माध्यमबाट बालअधिकारको वकालत गरेका छन्। सामुदायिक रुपान्तरणका लागि युवा नेपालको आयोजनामा गरिएको *अन्तरमाध्यमिक विद्यालयस्तरीय नाटक प्रतियोगिता*का सहभागीले यस्तो वकालत गरेका हुन्।

विद्यार्थी आफैंले तयार गरेको नाटकका माध्यमबाट उनीहरूले समाजमा झाँगिँदो विकृति विसंगति, अभिभावकले आफ्ना छोराछोरीलाई समय र माया नदिएको, प्रायः बाबुआमा नै जागिरे भई घरबाहिर हुने र घरमा बस्दा पनि मोबाइलमा झुन्डिने र बालबालिकालाई घुम्न समय नदिएकोप्रति व्यंग्य गरेका थिए। उनीहरूले नाटकका माध्यमबाट बालविवाह, बहुविवाह तथा बालबालिकाको कर्तव्य र दायित्वका बारेमा समेत सचेतना जागृत गर्ने प्रयास गरेका थिए। *बालअधिकार सबैको सरोकार* विषयको



प्रतियोगितामा लालीगुराँस बोर्डिङ स्कुल सुन्दरबजारको टिम प्रथम, विद्या ज्योति मावि तार्कु खहरे दोस्रो, डाइमन्ड हिल बोर्डिङ स्कुल बेंसीशहर तेस्रो, मनकामना बोर्डिङ स्कुल भकुण्डे र महेन्द्र मावि परेवाडाँडा सान्त्वना भए। ग्रामीण सामुदायिक विकास केन्द्रको सहयोगमा भएको प्रतियोगितामा नाटकको मूल्यांकन मञ्जरी नाट्य समूहका भरत राना, सञ्चारकर्मी तथा लमजुङ जेसिजका अध्यक्ष अनुज अधिकारी र लमजुङ कृषि क्याम्पसका सहप्रध्यापक कृष्णबहादुर कार्कीले गरेका थिए। *बाल्यकाल रमाउनका लागि हो, कमाउनका लागि होइन* भन्ने नाराका साथ सञ्चालित प्रतियोगितामा प्रथम हुने टिमलाई पुरस्कारस्वरुप ट्रफी र प्रमाणपत्रका साथ ५ हजारबराबरका स्टेसनरी सामग्री, दोस्रोलाई ३ हजार, तेस्रोलाई २ हजार र सान्त्वना हुनेलाई १ हजारबराबरका सामग्री प्रदान गरिएको थियो।





सर्वत्र बजारमा उपलब्ध

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयाँ।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

भोकले प्राणै जान लागे
पनि सिंहले कहिल्यै
घाँस खाँदैन।
- भर्तृहरि

क्रान्तिले मानिसलाई
वास्तवमा मार्ने होइन,
बचाउने काम गर्दछ।
- लु सुन

## सम्पादकीय

नेपाल समाचारपत्र

# सत्यतथ्य सार्वजनिक गर

एघार वर्षीय बालक निशान खड्कालाई अपरण गरी हत्यामा संलग्न दुई युवक मुठभेडमा मारिएको समाचार आएसँगै प्रहरीमाथि नै शंकाका विभिन्न प्रश्न खडा भएको छ। अपहृत बालकको सकुशल उद्धार गर्न नसकेको प्रहरीले अपहरणकारीलाई पक्राउ गरी मुठभेडको नाममा जंगलमा लगेर मारेको भन्दै आलोचना भैरहेको छ। आइतबार साँझ काँडाघारीबाट अपहरणमा परेका बालकको शव सोमबार मध्याह्न मध्यपुर ठिमी नगरपालिका नगदेशस्थित एक घरमा हत्या गरी गाडिएको अवस्थामा फेला परेको थियो। प्रहरीले अपहरणमा संलग्न दुई युवक अजय तामाङ र गोपाल तामाङसँग सूर्यविनायकको मन्दिरमाथि रहेको जंगलमा मुठभेड हुँदा उनीहरूको मृत्यु भएको जनाएसँगै प्रहरीमाथि नै विभिन्न शंका उत्पन्न भएको हो। यो घटनामा बालकलाई सकुशल उद्धार गर्न असफल भएपछि प्रहरी आलोचित हुनबाट जोगिन मुठभेडको नाममा अपहरणकारीलाई मारेको आरोप पनि लागिरहेको छ। साथै, यस घटनाको सत्यतथ्य बाहिर ल्याउन प्रहरी हिच्किचाएको आरोप पनि लागेको छ।

घटनालगत्तै सञ्चारमाध्यमहरूले विभिन्न स्रोत परिचालन गरी सत्यतथ्य बाहिर ल्याउने प्रयास गरिरहेका छन्। अपहरणकारी डेरा गरी बस्ने घरका सदस्य तथा स्थानीयको भनाइअनुसार अजय र गोपाललाई प्रहरीले कोठाबाटै पक्राउ गरेर लगेको हो। प्रहरीले भने पाइलटबाबा आश्रम जाने जंगलमा प्रहरीमाथि अपहरणकारीले गोली प्रहार गर्न लाग्दा आत्मरक्षाको लागि प्रहरीले चलाएको गोली लागी उनीहरूको मृत्यु भएको जनाएको छ। प्रहरीकै भनाइअनुसार अपहरणकारीबाट कुनै फायर भएको छैन भने प्रहरीले १९ राउन्ड फायर गरेको छ। अपहरणकारीलाई प्रहरीको ७ राउन्ड गोली लागेको बताइएको छ। स्थानीयका भनाइअनुसार कोठाबाट लैजाँदा अपहरणकारीको खालि खुट्टा थियो। यसले पनि प्रहरीको गतिविधिलाई शंकाको घेरामा राखेको छ। अझ गोपाल र अजयलाई सादा पोशाकमा आएका प्रहरीले उनीहरू बसेको कोठाभित्रै कुटपिट गरी आँखामा पट्टी बाँधेर लगेको दर्जनौंले देखेको बताइएको छ। यसले पनि यो घटनमा प्रहरीको भूमिकामा शंका उत्पन्न भएको छ।

शान्ति सुरक्षा कायम गर्ने प्रमुख दायित्व बोकेको प्रहरीमाथि नै यस्ता आशंका उब्जनु गम्भीर कुरा हो। यो घटनाले प्रहरी संगठनको काम कारबाहीमाथि ठूलो प्रश्नचिह्न खडा भएको छ। प्रहरीमाथिको शंकास्पद गतिविधिबारे छिटोभन्दा छिटो सत्यतथ्य सार्वजनिक नभए आमसर्वसाधारणको समेत प्रहरीमाथिको विश्वासमा आघात पुग्दछ। अतः ११ वर्षीय बालक अपहरण र हत्या तथा अपहरणकारीको मुठभेडमा मारिएको घटनाको सत्यतथ्य छिटोभन्दा छिटो सार्वजनिक गर्नुपर्दछ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# प्रहरीको त्यो 'फेक इन्काउन्टर'



विजय ज्ञवाली

सधैँझैँ गएको आइतबार पनि स्कुलबाट हाँसीखुशी फर्किएका निशान खड्का अब कहिल्यै पनि उक्त स्कुल जानेछैनन्। काठमाडौंको काँडाघारीस्थित हाइल्यान्ड स्कुलको कक्षा ६ मा पढ्ने ११ वर्षीय निशानलाई अपहरणपश्चात् हत्या गरी जमिनमा गाडेको अवस्थामा प्रहरीले फेला पारेको थियो। उनकी आमाले टाउनप्लानिङमै चिया पसल गरेर जीविका गुजारा गर्दै आएकी थिइन् भने बाबुचाहिँ रोजगारीको सिलसिलामा मलेसियामा रहेका रहेछन्। अपहरणपश्चात् ४० लाख फिरौती मागेका अपहरणकारीले अपहरणको हल्ला फैलिनासाथ बालकको हत्या गरी जमिनमा गाडेको हुनसक्ने प्रहरीको निष्कर्ष छ भने यता दुवै अपहरणकारीको प्रहरीले इन्काउन्टरमा मृत्यु भएको भनेर विज्ञप्ति जारी गरे तापनि प्रहरीको उक्त 'इन्काउन्टर' चरम विवादमा पर्दै आएको छ।

सम्प्रेषित समाचार र सूचनाहरूलाई आधार मान्ने हो भने, बालक निशानको अपहरणपश्चात् हत्या गरेर गाड्ने भनिएका सिन्धुपाल्चोकका गोपाल तामाङ र नुवाकोटका अजय तामाङलाई प्रहरीले उनीहरूकै डेराबाट पक्राउ गरी लगेको कुरा प्रत्यक्षदर्शीले बताइसकेका छन्। प्रहरीले अपहरणकारीलाई उनीहरूकै डेरामा चरम कुटपिटपश्चात् गाडीमा हालेर भक्तपुर सूर्यविनायकभन्दा माथि रहेको घ्याम्पेडाँडाको जंगलमा लगेर गोली हानी हत्या गरेको भन्ने आरोप लागिरहँदा यता प्रहरी भने ती अपहरणकारीहरू इन्काउन्टरमै मारिएको भनेर आफ्नो बचाउ गर्दै छ।

### के हो इन्काउन्टर ?

सन् १९९० देखि २००० को दशकको मध्यतिर भारत तथा पाकिस्तानमा खूबै चर्चामा रहेको 'इन्काउन्टर' सिको र प्रयोग नेपालमा पछिल्लो समय हवात्तै बढेर गएको छ। यद्यपि कतिपय 'फेक' इन्काउन्टरले गर्दा प्रहरी प्रशासन बेलाबखत विवादमा पनि तानिदै आएको छ। पछिल्लो ताजा घटनाक्रमलाई हेर्ने हो भने प्रहरीले ती दूई अपहरणकारीलाई इन्काउन्टरमा मारेको भनेर विज्ञप्ति जारी गरे तापनि उपलब्ध समाचार र भरपर्दा स्रोतहरूलाई नियाल्दा सो घटना फेक इन्काउन्टर थियो। खासमा कुनै पनि अपराधी या त्यस्तै प्रकृतिको खराब आचरण भएको वयक्ति वा समूहसँगको आकस्मिक जम्काभेटमा प्रहरी या सुरक्षा निकायले आफ्नो आत्मसुरक्षाको खातिर त्यस्ता समूह या व्यक्तिमाथि गर्ने सर्च अपरेसन या जवाफी फायरिङ नै इन्काउन्टर हो। इन्काउन्टर खासमा त्यस्ता आपराधिक गतिविधिमा संलग्न व्यक्ति या समूहलाई नियन्त्रणमा लिन गरिने विशेष सर्च अपरेसन हो। यस्तो अवस्थामा त्यस्ता अपराधी समूहका व्यक्तिको मृत्यु पनि हुन सक्छ। तर खासमा त्यस्ता आपराधिक व्यक्ति या समूहलाई नियन्त्रणमा लिनकै लागि इन्काउन्टर गर्नुपर्ने हुन्छ। तर, घ्याम्पेडाँडामा घटेको सोमबारको कथित 'इन्काउन्टर' नभएर प्रहरीद्वारा जबर्जस्त गरिएको हत्या हो भन्न सकिने देखिन्छ।

केही वर्ष पहिलासम्म भारत तथा पाकिस्तानमा आतंकवादी संगठनलाई नियन्त्रणमा लिन हदैसम्मको इन्काउन्टरका घटना हुने गर्दथे। त्यस्ता आतंकवादीहरूलाई सुरक्षा निकायको विशेष सर्च अपरेसन टोलीद्वारा सीधै इन्काउन्टरमा पारेर मार्ने गर्दथे। खासमा आतंककारीहरूकै लागि भनेर भारत र पाकिस्तानमा इन्काउन्टरको अभ्यास अत्यधिक भए तापनि बेलाबखत त्यस्ता इन्काउन्टरहरू विवादमा पनि तानिएका छन्। कतिपय मानवअधिकारकर्मीले त्यसरी गरिने इन्काउन्टर अपरेसन धेरै मात्रामा फर्जी हुने र मान्छेले इन्काउन्टरको नाममा अनाहकमा ज्यान गुमाउन बाध्य हुने भन्दै आपत्ति पनि जनाएको थिए। साथै अन्तर्राष्ट्रिय समुदायले पनि भारत र पाकिस्तानले अवलम्बन गरेको विशेष अपरेसन इन्काउन्टरको चर्को विरोधपश्चात् हाल यी देशहरूमा इन्काउन्टरका घटनामा पनि उल्लेख्य कमी आएको छ। यद्यपि फाट्टफुट्टरूपमा अझै पनि यस्ता घटना दोहिरिई नै राखेका छन्। पछिल्लो समय असान्दर्भिक हुँदै गइरहेको इन्काउन्टरलाई नेपालले भने खूबै पछ्याएको देखिन्छ। पछिल्लो समयमा इन्काउन्टरमै पारेर कतिपय गुन्डा नाइकेहरूको हत्या नेपालको प्रहरीले गर्दै आएको छ। त्यस्तै कतिपय फर्जी इन्काउन्टर खडा गरी त्यस्तै आपराधिक समूहमा संलग्नलाई प्रहरीले मार्ने पनि गरेको छ। घ्याम्पेडाँडा इन्काउन्टर पनि केवल फर्जी इन्काउन्टर मात्र हो।

### कहाँ चुक्यो प्रहरी ?

अपहृत बालक निशान खड्कालाई शायद प्रहरीले जिउँदै उद्धार पनि गर्न सक्थ्यो। विशेष परिस्थिति भन्दै अदालतको स्वीकृतिविनै टेलिकमबाट सीधै कल डिटेल लिएको प्रहरीले अपहरणकारीको मोबाइलमा 'बालकलाई फिर्ता नगरे जे पनि हुन सक्ने' भन्ने म्यासेज पठाउनु नै बालक मारिनुको प्रमुख कारण लाग्दछ। जब लोकेसन र कल डिटेल सबै प्राप्त गरिसकिएको छ भने प्रहरीले सूक्ष्म अपरेसन गर्नुपर्दथ्यो। बालक पनि सकुशल फिर्ता गर्न सकिने र अपहरणकारी पनि सहजै फन्दामा पार्न सकिने मौका प्रहरीले आफ्नै त्रुटिको कारण गुमाएको मात्र छैन कि एउटा बालक सकुशल फिर्ता गर्न सक्ने सामर्थ्यबाट पनि प्रहरी गम्भीररूपले चुकेको देखिन्छ। यसमा प्रहरीको 'हिरोइज्म' बन्ने सपना अत्यन्तै गलत तरिकाले तुहिएको मात्र छैन, प्रहरीको नियतमै अनेक शंका अनि प्रश्नहरू तेर्सिएका छन्।

अपहरणकारी रहेको भनिएको भक्तपुर नगदेशस्थित श्याम लवटको घरमा डेरा लिई बसेका ती दूई अपहरणकारीको प्रहरीले जब लोकेसन पत्ता लगायो, तब अत्यन्तै संवेदनशील र सतर्कताका साथ ती दुवैलाई सहजरूपमै नियन्त्रणमा लिन सक्थ्यो भने बालकको पनि सकुशल उद्धार गर्न सकिन्थ्यो होला। तर, प्रहरीको उक्त एसएमएस सबैका लागि भारी मात्र परेन कि स्वयम् प्रहरी पनि यस्ता गम्भीर एवम् संवेदनशील विषयहरूमा कसरी चुक्दोरहेछ भन्ने विषयको उजागर हुन्छ। प्रहरीको यति ठूलो लापरबाहीले गर्दा अपरेसनमा खटिएको प्रहरी टोली त बद्नाम भयो-भयो, साथमा न बालक जीवित रहे, न सबुत प्रमाण नै हात लाग्यो। प्रहरीको उक्त सन्देशपश्चात् नै अपहरणकारीले प्रहरी अब हाम्रो पिछा गर्दै छ, हामी उम्किनै पर्दछ भन्ने मनसायले उक्त बालकको हत्या गरेको हुन सक्छ।

अर्कोतर्फ जब प्रहरी अपहरणकारीकै डेरामा पुग्यो र अपहरणकारी समात्न सफल रह्यो भने किन घ्याम्पेडाँडामा लगेर गोली हानी माऱ्यो त भन्ने चर्को सवाल छ। उनीहरू बस्दै आएको डेरामै ती अपहरणकारीलाई मरणासन्न हुने गरी कुटेको थाहा पाएका घरबेटीले पुलिस चौकी लगेर जे गरे पनि गर्नुहोस् तर यहाँ यस्तो नगर्नुहोस् भन्ने आग्रहपश्चात् गाडीमा लगेर घ्याम्पेडाँडातर्फ लगेको रहेछ। जब त्यसरी नियन्त्रणमा लिई नै सकेपछि बालक अपहरण, फिरौती र हत्याका साथै ती अपहरणकारीहरूको विगतको बारेमा छानबिन गरी सत्यतथ्य कुरा बाहिर ल्याएर दोषीलाई हदैसम्मको कानुनी कारबाहीको भागिदार बनाउनुपर्नेमा नक्कली इन्काउन्टरको नाममा किन माऱ्यो प्रहरीले ? किन नष्ट गऱ्यो प्रमाणहरू ? मुख्य प्रश्न यही नै हो।

### त्यस दिनको घटनाक्रम

घटनाक्रम नियाल्दा अपराधी पेशेवर नभएको पुष्टि हुन्छ। बच्चा अपहरण गरेर मारिसकेपछि पनि आफ्नै डेरामा बसिरहेका ती अपहरकारीलाई पेशेवर अपराधी मान्न सकिन्न। पेन्टरको काम गर्दै आएका ती अपहरणकारी छिटो पैसा कमाउने लालसामा आफूहरू त डुबे नै, साथमा एउटा जीवन फक्रिन नपाउँदै कोपिलामै निमोठेका छन्। यस्तो भयंकर अपराधकर्मको सजायँ त उत्तिकै कठोर त हुनै पर्दछ। नेपालमा अहिलेसम्म मृत्युदण्डको प्रावधान नभएको हुँदा ती अपराधीहरूलाई आजीवन कारावासको सजायँ दिन सकिन्थ्यो भने शायद उनीहरूबाट येथेष्ट अन्य प्रमाणहरू पनि संकलन गर्न सकिन्थ्यो। तर प्रहरी यो विकल्पबाट गम्भीर रूपमा चुकेको छ।

सानोठिमीस्थित डेरामा आफू अबेर फर्कने जानकारी गराएका उनीहरू राति १२ बजेतिर मात्र फर्किएका रहेछन्। शायद त्यति बेलासम्म उनीहरूले बालकलाई मारेर गाड्नसम्म भ्याइसकेका थिए होलान्। डेरामा फर्किंदा पूरै हिलाम्य भएकाले राति नै लुगा र जुता धोएर रेलिङमा सुकाएका रहेछन्। बिहान ७ बजेतिर प्रहरी उनीहरूको कोठामा छिरेर ढोका लगाएर बाहिर छिमेकीले समेत सुन्ने गरी कुटेको रहेछ। उनीहरूकै बयानका आधारमा प्रहरीले बालकको शव पनि खोतलेर निकाल्यो। त्यसपछि दुवै आरोपीलाई प्रहरीले आँखामा पट्टी बाँधेर ११ बजेतिर गाडीमा हाली लगेको रहेछ। दिउँसो १ बजेतिर बल्ल समाचारहरू आउन लागे-घ्याम्पेडाँडामा प्रहरीसँगको इन्काउन्टरमा दुई अपहरणकारीको मृत्यु भनेर। अपहरणकारी इन्काउन्टरमा मारिएको खबरले सामाजिक सञ्जालहरू गर्माए। प्रहरीहरू स्याबासीका पात्र बनाइए। तर कसैको 'हिरोइज्म' बन्ने प्रहरी अधिकारीको महत्वकांक्षा त पूरा भयो तर बालकलाई किन बचाउन सकिएन भन्ने मूल विषय ओझेलमा पऱ्यो। प्रहरीले आरोपीलाई जंगलमा लगेर इन्काउन्टरको नाम दिई गोली ठोक्दा अपहरण र हत्याको उद्देश्य के थियो भन्ने विषयको अनुसन्धान स्वत: कमजोर भएको छ।

### केही अनुत्तरित प्रश्नहरू

काँडाघारीबाट अपहरणमा परेका ती बालकको अपहरणपछि फिरौती मागलगत्तै बालकको हत्या, अनि लगत्तै अपहरणकारीको इन्काउन्टरमा मृत्यु। यी सबै घटना केलाउँदै जाँदा प्रहरीको गतिविधि शंकास्पद र प्रतिक्रिया सतही देखिन्छन्। खासमा अपहरणकारीलाई प्रहरीले डेराबाटै पक्रिएर ११ किलोमिटर टाढा घ्याम्पेडाँडाको जंगलमा लगेर गोली ठोकेको रहेछ। यसबाट मुख्य गरेर केही सवालहरू पैदा हुन्छन् :

१) जब डेराबाटै प्रहरीले पक्राउ गऱ्यो भनेपछि उनीहरूलाई सोझै जंगलमा लगेर हत्या किन गरियो ?
२) त्यसरी पक्राउ गरिसकेपछि बालक अपहरण, फिरौती र हत्याको कारण पत्ता लगाउनुपर्दैन ?
३) प्रहरीमा नयाँ हाकिम आउनासाथ आफ्नो सस्तो लोकप्रियताको लागि इन्काउन्टरको भ्रम फैलाएर आफू हिरो बन्न खोज्ने प्रवृत्तिले कस्तो सन्देश देला ? यो घटना इन्काउन्टर नभएर आफू 'हिरोइज्म' बन्ने मेथोड मात्र रहेछ भन्ने पुष्टि भयो।
४) त्यसरी पक्राउ गरिसकेपछि ती अपहरणकारी र हत्याराद्वारा विगतमा गरेका कर्तुतको पनि खोजनीति गर्नुपर्दथ्यो वा पर्दैनथ्यो ?
५) प्रहरीले उनीहरूको डेरामा गएर बाहिरका मान्छेले नै सुन्ने गरी कुटेर उनीहरूले नै अपहरण, फिरौती र हत्या गरेको हो भनेर बकाएछन्। हुन सक्छ- प्रहरीको लातको मारमा अन्य परेर खासमा अपराधी भागेको वा भगाइएको पो कि ?
६) इन्काउन्टरमा मारिएका भन्ने ती दुवै जना अपहरणकारी नै हुन् भन्ने दरिलो प्रमाण प्रहरीसँग के छ ?
७) चिया पसल गर्दै आएकी बालककी आमाले पसलमा चिनजान भएकै आधारमा आफ्नो नितान्त व्यक्तिगत कारोबारको लागि पनि ग्राहकको सहारा लिनुपर्नाको कारण के हो ?
८) आफैं घ्याम्पेडाँडाको जंगलमा लगेर मार्ने अनि इन्काउन्टरमा मारिएको भनेर हल्ला फैलाएर प्रहरी संगठनले कस्तो सन्देश दिन खोजेको होला ?
९) बालकको बुबा मलेसियाको जागिरे, आमाले चिया पसल चलाएर गुजारा गर्दै आएकी, ती अपहरणकारीलाई कसरी थाहा भयो कि यिनीहरूसँग यति रकम माग्यो भने सहजै उपलब्ध हुन सक्छ भनेर ?
१०) मुख्य कुरा यति छिट्टै बालक किन मारियो, तत्कालै प्रहरीले खबर पाए तापनि बालकको जीवितै उद्धार किन गर्न सकिएन ? वा, कथित अपहरणकारीले बालकलाई यति छिट्टै मारेर गाड्नुको उद्देश्य के थियो ? यी सबै विवरणहरू संकलन गर्नबाट किन चुक्यो प्रहरी ?
११) अपराधको अनुसन्धान कुनै पनि कोणबाट गर्न सकिन्छ। बालककी आमा र कथित ती अपहरणकारीबीचको सम्बन्ध के हो, कनेक्सन के हो ? यसबारेमा प्रहरीले किन अनुसन्धान नै गर्न चाहेन ?

## पाठक पत्र

### न्यायपालिका किन टार्गेटमा ?

नेपालको न्ययपालिका बेला-बेलामा विवादमा तानिदै आएको छ। फेरि नेपालको न्यायपालिका विवादमा तानिएको छ। न्याय सम्पादन गर्ने सर्वोच्च संस्था सर्वोच्च अदालतप्रति नागरिकको आस्था र गौरवमा आँच आउने कार्य हुनु विडम्बनापूर्ण छ। संवैधानिक परिषद्ले प्रधानन्यायाधीशमा प्रस्ताव गरेका दीपकराज जोशीको शैक्षिक प्रमाणपत्र शंकास्पद रहेको, फरक-फरक जन्ममिति पाइएको, न्यायालय सुधारका कुनै योजना पेस गर्न नसकेको लगायतका आरोपसहित संसदीय सुनुवाइ समितिले जोशीको नाम अस्वीकृत गरेको थियो। नेपाल समाचारपत्रमा ईश्वरराज ढकाल र प्रशान्त वलीले ओम प्रकाश मिश्रको प्रमाणपत्रमा समेत शंका उत्पन्न गराएपछि फेरि यो सतहमा आएको छ।

नेपालको उच्च ओहदामा रहेकाहरूले नै डुब्लिकेट काम गरेको आइरहनु विडम्बनापूर्ण छ। यता समितिको निर्णयले सन्देह सिर्जना गर्दै गर्दा जोशीले पदबाट राजीनामा नदिने अडान राखेपछि नेकपाका नेताहरू असन्तुष्ट भएका थिए। प्रतिपक्ष नेपाली कांग्रेसले भने न्यायालय कब्जा गर्न खोजेको आरोप लगाउँदै जोशी प्रकरणलाई सडक, सदन, बौद्धिक जगत् हुँदै अन्तर्राष्ट्रियकरण गर्ने जनायो। गतवर्ष पनि प्रधाननान्यायाधीश गोपालप्रसाद पराजुलीको शैक्षिक प्रमाणपत्र तथा नागरिकताको विवाद र उनले न्याय सम्पादनका क्रममा आफ्नै प्रतिरक्षाका लागि अदालतको अवहेलनाको अस्त्र प्रयोग गरेबाट सिंगो न्यायपालिका विवादित भएको थियो।

न्यायाधीशका वैयक्तिक योग्यता, शैक्षिक योग्यता, चारित्रिक विषयजस्ता विषय नितान्त व्यक्तिगत हुन्। यस विषयमा उठेका सवालहरूको जवाफ दिने साहस सम्बन्धित व्यक्तिले सार्वजनिकरूपमा दिन सक्नुपर्छ। न्यायाधीश जोशीका सवालमा संवैधानिक परिषद्ले लगाएको आरोप आफैँमा पर्याप्त छैन। किनभने, परिषद्ले प्रमाणपत्र शंकास्पद भनेर भ्रम सिर्जना गर्न पाइँदैन। कि सक्कली, कि नक्कली भनेर प्रमाण खोजी गर्नुपर्छ। यस्तै, फरक जन्ममिति र न्यायालय सुधारका योजना पेस गर्न नसकेकोजस्ता फितलो आरोप आफैँमा सन्देहात्मक र प्रायोजित छन्।

व्यक्तिका योग्यता र क्षमतामाथि प्रश्न उठाउने प्रधानन्यायाधीश बन्नका लागि मात्रै हो ? किन न्यायालयमाथि बारम्बार हस्तक्षेप हुन्छ ? आफ्ना पक्षमा आएको फैसला जायज हुने तर आफूविरुद्ध फैसला भए उसलाई सिध्याउने खेल कार्यपालिकाले न्यायपालिकामाथि गर्दै आएको छ। मिडियाले राज्यलाई जवाफदेही बनाउने र जुनसुकै ओहदामा आसीन व्यक्तिका विषयमा शिष्ट र मर्यादित ढंगले प्रश्न उठाउने अधिकार संविधानले संरक्षण गरेको मौलिक अधिकारभित्रै पर्दछ। त्यसैले, प्रधानन्यायाधीशको शैक्षिक प्रमाणपत्र र नागरिकताका बारेमा बहस हुनुपर्छ। तर, न्यायपालिकालाई पटक-पटक विवादित बनाउने प्रवृत्ति भने जायज होइन।

संवैधानिक परिषद्बाट प्रस्तावित प्रधानन्यायाधीश नै अस्वीकृत हुनु भनेको न्यायालयमाथिकै हस्तक्षेप हो। सत्ता र शक्तिको दुरूपयोगबाट राज्य संयन्त्रलाई जोगाउन नसक्ने हो भने लोकतन्त्र धरापमा पर्छ। कुनै अमुक न्यायाधीशको व्यक्तिगत विषयले न्यायालयमाथि हस्तक्षेप हुनु दु:खको कुरा हो। न्यायालयलाई राजनीतिक प्रभावबाट टाढा राखिनुपर्नेमा पक्ष/विपक्षमा उत्रिएर विवादमा तान्ने प्रवृत्तिले न्यायपालिका कमजोर र बदनाम बन्न पुगेको छ। यो लोकतन्त्रमा आस्था राख्ने जुनसुकै नागरिकका लागि चिन्ताको विषय हो।

प्रधानन्यायाधीशको इज्जत, प्रतिष्ठा र मान-मर्यादामा आँच आउने गरी सार्वजनिक विषयहरूको न्यायिक निरूपण निर्धारित विधि प्रक्रियाद्वारा हुनुपर्छ । पछिल्लो समय प्रस्तावित प्रधानन्यायाधीशबारे सार्वजनिक भएका विषयहरू उनका नितान्त वैयक्तिक विषयमा केन्द्रित छन्। त्यस विषयले समग्र न्याय सम्पादनमा अवरोध वा फैसलाको कार्यान्वयनमा भने अवरोध गर्दैन। प्रधानन्यायाधीशका निजी विषयलाई लिएर समग्र न्यायपालिका जनआक्रोशको सिकार बन्नुचाहिँ विडम्बनापूर्ण कुरा हो। यस विषयलाई लिएर न्यायपालिकाको छवि नकारात्मकरूपमा सार्वजनिक भइसक्दा पनि न्यायपालिकाका तमाम न्यायाधीशहरू पक्ष र विपक्षमा बाँडिनु स्वतन्त्र न्यायपालिकामाथि नै प्रश्न उठेको छ।

नेपालको न्यायिक इतिहासमै पहिलोपटक प्रस्तावित प्रधानन्यायाधीशलाई अस्वीकृत गरेर न्यायपालिकालाई विवादित बनाइएको छ। संसदीय सुनुवाइ समितिले राजनीतिक गन्ध र शक्तिबाट मुक्त हुँदै वास्तविकता जाँचबुझ गरेर मात्रै निर्णय लिनु आवश्यक देखिन्छ। न्यायालय राजनीतीकरण हुँदै जाँदा अराजकता हाबी हुन्छ। र, त्यसले लोकतन्त्रकै निम्ति अशुभ संकेत देखाउँछ। न्यायपालिका अति सम्मानित र संवेदनशील अंग भएकाले यसलाई विवादमा तान्ने प्रवृत्ति अन्त्य गर्नु जरुरी देखिन्छ।

*- सन्देश पोखेल, भक्तपुर।*

### खै कहाँ गयो गाउँको सिंहदरबार ?

स्थानीय सरकार गाउँमा आएपछि केन्द्र सरकार सम्हाल्ने नेताहरूले एकताका निकै धेरै भाषण गरे, अब गाउँमै सिंहदरबार आयो भनेर। गाउँमा आएको सिंहदरबारमा बसेका स्थानीय सरकार प्रमुखहरू र नीति निर्माताहरू अहिले कता-कता ओझेलमा परेझैँ भएका छन्। ओझेलमा परेका स्थानीय सरकारका प्रमुखहरूले आर्थिक वर्ष शुरू भएको दोस्रो चौमासिक अवधिसम्म त विभिन्न कानुन र निर्देशिका नआएको भन्दै समस्या देखाए। अहिले कानुन र निर्देशिका आइसकेको छ। कानुन र निर्देशिका लागू गरेर काम गर्नुपर्छ भन्ने कुरा उठेका बेला पुन: कानुन मिचेर आफूले भएको वा भनेको वा आफ्ना मान्छे वा नजिकका मान्छे वा पार्टीका मान्छे मात्र हुनुपर्दछ भन्ने मानसिकताले जरा गाडेको छ।


कतै-कतै त यतिसम्म भएको छ कि सबै कुराहरू आफन्तकै नेटवर्कभित्र सञ्चालित गरिँदै छ, डोजर सञ्चालनदेखि रकम भुक्तानीसम्म र गाउँ प्रोफाइलदेखि सार्वजनिक सुनुवाइसम्म सबै कामको जिम्मेवारी बाहिर देखिँदा निकै पारदर्शी देखिने तर भित्र-भित्र आफ्ना, आफन्त, गुट वा अन्यको संयन्त्र कायमै रहेको छ। यस्तो पद्धति बोक्न थालेका स्थानीय सरकारहरूको काम कारबाहीबाट जनताले भनेबमोजिम सिंहदरबारको अधिकार पाउन सक्ने अवस्था देखिएको छैन।

अहिले टिप्पणी हुन थालेको छ। गाउँ-गाउँमा सिंहदरबार हैन, गाउँ-गाउँमा भ्रष्टाचार बढ्ने पो हो कि ? जनताले लामो समयसम्म बलिदानी गरेर ल्याएको परिवर्तनको नाममै कतै समस्या उत्पन्न हुने हो कि भनेर। अब केन्द्र सरकारले गाउँपालिका र नगरपालिकामा भएका र हुन थालेका सम्भावित समस्याहरूको बेलैमा पहिचान गरेर सही मार्गमा हिँड्न सिकाउनुपर्ने र कडा निर्देशन जारी गरी गल्ती गरेको भेटिएमा कारबाहीसम्मका कार्यहरूको थालनी गर्नु पनि अहिलेको आवश्यकता हो।

यसो गरेको खण्डमा गाउँको आर्थिक अवस्था सुधारका केही संकेतहरू देखिन सक्ने सम्भावना बढेर जानेछ। गाउँ-गाउँमा भएका स्थानीय स्रोत र साधनहरूको अधिकतम प्रयोग गरेर स्थानीय स्तरमै रोजगारी प्रदान गर्ने कार्य गर्न सकेमा मात्र गाउँबाटै आर्थिक अवस्था सुधारका पाटाहरू खुल्नेछन्। सरकारले अब पनि यस विषयमा गम्भीर भएर सोचेन भने अर्को चुनावमा जनताले फेरि आफ्नो पावर देखाउनेछन्।

*- पूर्णिमा केसी, काठमाडौं।*

## सामाजिक सञ्जाल



छोराछोरी सुरक्षित छैनन्। अर्थात् देशको भविष्य सुरक्षित छैन। सत्तासीनहरूलाई आफ्नो र भजन समूहको सात पुस्ताको सुखसयलको सुरक्षा गरेरै फुर्सद छैन। 'समृद्ध नेपाल सुखी नेपाली' नारा यसै गरी अनुवाद हुने त रहेछ नि जनताको जिन्दगीमा !

**Yadab Devkota**
**@gaunkomanchhey**



एसएलसीमा फस्ट डिभिजन आउने डाक्टर-इन्जिनियर बन्छन्, सेकेन्ड डिभिजन आउने लोकसेवा दिएर सचिव बनी तिनैलाई कजाउँछन्, थर्ड डिभिजन आउनेचाहिं नेता बनेर सचिव ठेगानमा राख्छन्, फेल हुने न्यायधीश बनेर नेता तर्साउँछन् र स्कुलै नजानेचाहिं गुन्डा बनेर देशै थर्काउँछन् भन्नुपर्ने भो ?

**रामेश**
**@RaameshKoirala**

{ संसदीय सुनुवाइ समितिको निर्णयले संवैधानिक परिषद्का अध्यक्ष रहने प्रधानमन्त्रीको नैतिकताको प्रश्न उठेको भन्दै प्रमुख प्रतिपक्ष दल कांग्रेसले यस बारेमा सदनमा जानकारी गराउन माग गरेको हो।

# प्रधानमन्त्री र गृहमन्त्रीको जवाफ माग

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रमुख प्रतिपक्षदल नेपाली कांग्रेसले अपहरित बालक निशान खड्काको हत्याबारे सदनमा जानकारी गराउन माग गरेको छ। साथै कांग्रेसले प्रधानन्यायाधीश नियुक्ति सम्बन्धमा संसदीय सुनुवाइ समितिको निर्णय र कञ्चनपुर घटनाका बारेमा पनि सरकारले सदनमा जानकारी गराउनुपर्ने माग राखेको छ।

बुधबार बसेको राष्ट्रिय सभा बैठकमा कांग्रेसका सांसदहरूले प्रधानमन्त्री केपी शर्मा ओलीको पनि चर्को आलोचना गरेका छन्। संसदीय सुनुवाइ समितिको निर्णयले संवैधानिक परिषद्का अध्यक्ष रहने प्रधानमन्त्रीको नैतिकताको प्रश्न उठेको भन्दै प्रमुख प्रतिपक्ष दल कांग्रेसले यस बारेमा सदनमा जानकारी गराउन माग गरेको हो। राष्ट्रिय सभा बैठकको विशेष समयमा बोल्दै सांसद राधेश्याम अधिकारीले काँडाघारीका अपहरित बालक निशान खड्काको हत्याबारे सदनलाई जानकारी गराउन सरकारसँग माग गरेका हुन्। बालक हत्याबारे एक-अर्कामा विरोधाभाष सूचना आइरहेको भन्दै यथार्थ जानकारी गराउन सरकारसँग उहाँले माग गर्नुभएको हो। यो घटनामा प्रहरीको कारबाही पनि संकास्पद रहेको उहाँको भनाइ थियो।

'समयमै प्रहरीले सुझबुझपूर्ण निर्णय लिएको भए बालकको हत्या नहुने भन्ने टिप्पणी पूर्वप्रहरीका उच्च अधिकारीबाट आइरहेको छ', सांसद अधिकारीले भन्नुभयो- 'प्रहरीको भूमिका र घटनाको वस्तुगत यथार्थताबारे गृहमन्त्रीले





सदनलाई जवाफ दिनुपर्छ।'

समयमै रेस्क्यु गर्न नसक्नुमा सरकारको संयन्त्र नै असफल भएको पुष्टि भएको भन्दै उहाँले 'बालकको हत्या हुनुमा कसको दोष हो ? रेस्क्यु गर्न नसक्नु सरकारको दोष हो कि होइन ? सरकारको संयन्त्र फेल भएको हो कि होइन ?' जस्ता प्रश्न राख्दै प्रहरीले भनेको इन्काउन्टरमा मानव अधिकारको उल्लंघन भएको कुराको पनि जानकारी गराउनुभएको थियो।

सांसद अधिकारीले बालक अपहरणको घटनाप्रति राष्ट्रिय मानव अधिकारको पनि कुनै धारणा नआएको भन्दै त्यसतर्फ पनि आयोगको ध्यानाकर्षण गराउनुभएको थियो। साथै उहाँले कञ्चनपुरको घटनामा सरकार कहाँ छ ? कञ्चनपुरका लागि सरकार छ कि छैन ? भन्दै कञ्चनपुर घटनाबारे पनि सरकारले सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभएको थियो।

बैठकमा सांसद जितेन्द्र देवले प्रधानन्यायाधीशमा दीपकराज जोशीलाई संसदीय सुनुवाइ विशेष समितिले अस्वीकार गरेको सन्दर्भ उठाउँदै प्रमाणपत्रमा सन्देह छ भने त्यसलाई जाँच गर्ने निकायमा पठाउनुपर्नेमा संसदीय सुनुवाइ समितिले नै प्रमाणपत्रका आधारमा अस्वीकार गर्न नहुने बताउनुभएको थियो। उहाँले संसदीय सुनुवाइ समिति कसैको प्रमाणपत्र जाँच गर्ने निकाय हो कि होइन ? भनी प्रश्न पनि उठाउनुभएको थियो।

सांसद देवले संवैधानिक परिषद्को नैतिक जिम्मेवारी बारे अध्यक्षको हैसियतले प्रधानमन्त्री केपी शर्मा ओलीले सदनलाई जवाफ दिनुपर्ने बताउनुभएको थियो। संवैधानिक परिषद्को निर्णयलाई संसदीय सुनुवाइ विशेष समितिले उल्टाउने काम गरेकाले सोबारे प्रधानमन्त्रीले सदनलाई जवाफ दिनुपर्ने उहाँको माग थियो।

# न्यायालयको पुनर्संरचना गरिनुपर्छ : भुसाल

भक्तपुर, (नेस)

नेपाल कम्युनिस्ट पार्टी नेकपाका स्थायी कमिटी सदस्य पम्फा भुसालले नेपालको अग्रगामी परिवर्तनलाई आत्मसाथ गर्न नसक्ने एकमात्र संस्था न्यायपालिका भएको बताउनुभएको छ।

रफत सञ्चार क्लबमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै भुसालले जनताको अभिमतबाट आएको सरकार र संसद्को निर्णयलाई न्यायपालिकाले कुठाराघात गर्दै आएकाले अन्य संस्थाको पुनर्संरचना जस्तै न्यायपालिकाको पनि पुनर्संरचना गरिनुपर्ने बताउनुभयो। उहाँले विगतको जस्तो यो सरकार कमजोर नभएको भन्दै प्रतिपक्ष दलले आफ्नो विषयमा भन्दा पनि अरूको पक्षमा नलागी जनमतअनुरूप जनताको सुविधाका लागि विगतमा झैं मिलेर देश विकासको काममा लाग्नुपर्नेमा जोड दिनुभयो।

सत्ता र प्रतिपक्ष नभई संविधानको कार्यान्वयन देशको विकास र समृद्धिमा एक भएर अघि बढ्नु नै नेपाल र नेपालीका लागि हित हुने बताउनुभयो। उहाँले संसदीय सुनवाइ समितिले प्रधानन्यायाधीश नियुक्तिमा जनताको निवेदन र आफ्नो अनुसन्धानपश्चात् दीपकराज जोशीलाई अनुमोदन नगरेको बताउँदै यो संसदीय सुनवाइको अधिकारको विषय रहेको बताउनुभयो। संसदीय सुनवाइको निर्णय सर्वोच्च अदालतको निर्णय जस्तै अन्तिम भएकाले यसमा प्रधानमन्त्रीलाई बीचमा ल्याउन खोज्ने प्रयास गलत भएको बताउनुभयो।

भ्रष्टाचार र कमिसन हाम्रो देशमा संस्थागत बनिसकेको भन्दै भुसालले सुशासन कायम गर्ने र गलत काम गर्नेलाई सरकारले छुट नदिने सकारको पहिलो काम भएको बताउनुभयो। विगत देउवा सरकारले जाँदाजाँदै आचार संहितविपरीत र गलत मनसायले गरेका नियुक्ति वर्तमान सरकाले खोरज गर्ने अधिकार रहेको र सोहीअनुरूप खारेज गरे तापनि न्यायालयले कार्यापालिका र व्यवस्थापिका भन्दा आफूलाई माथि राखेर निर्णय गर्नु गलत भएको बताउनुभयो।

## दुई मिनेट

### मेयरमाथि आक्रमण गर्ने समातिए

भक्तपुर, (नेस)

मध्यपुर ठिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठलाई आक्रमण गर्ने प्रमुख योजनाकार टेकबहादुर केसीलाई प्रहरीले पक्राउ गरेको छ। गत वैशाख ८ गते मध्यपुर ठिमी नगरपालिका-३ गठ्ठाघरमा सोही नगरपालिकाका मेयर श्रेष्ठलाई कुटपिट गरी घाइते बनाएर फरार रहेका केसीलाई महानगरीय प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले भक्तपुरको कालोपाटीबाट पक्राउ गरेको हो।

### लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

प्रहरीले छुट्टाछुट्टै घटनामा लागूऔषधसहित २ जनालाई पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त स्वयम्भुबाट खटिएको प्रहरी टोलीले स्वयम्भुको अन्नपूर्ण चोकबाट लागूऔषधसहित तारकेश्वर-६ बस्ने दोलखाका बादल श्रेष्ठलाई पक्राउ गरेको हो। श्रेष्ठको साथबाट प्रहरीले नुफिन ३४ एम्पुल, डाइजेल्याड ३४ एम्पुल र फेनारागन ६० एम्पुल फेला परेको प्रहरीले जनाएको छ। यसै गरी सर्लाहीबाट काठमाडौं आउँदै गरेको नाढख ७४६० नम्बरको यात्रुवाहक बसलाई महानगरीय प्रहरी प्रभाग नागढुंगाले चेकजाँच गर्दा सर्लाही कबिलासी-३ का राजकुमार यादवलाई २८२ ट्याबलेट माइक्राजेपामसहित पक्राउ गरेको प्रहरीले जनाएको छ।

### मेसिनले काटेर मृत्यु

ललितपुर, (नेस)

ललितपुर महानगरपालिकास्थित ग्वार्को बस्ने तनहुँ घर भएका सञ्जय विकको मंगलबार मार्बल काट्ने मेसिनले लागेर मृत्यु भएको छ। ललितपुर महानगरपालिका-४ महालक्ष्मीस्थान ओजु हाइटस्थित झमकनारायण घिमिरेको घरमा मार्बल घोट्ने क्रममा मार्बल काट्ने मेसिन उछिट्टिएर घाँटीमा चोट लाग्न जाँदा गम्भीर घाइते भएका विकको किस्ट मेडिकल कलेज ग्वार्कोमा उपचारको क्रममा मृत्यु भएको हो।

### ५ लाखको चोरी

काठमाडौं, (नेस)

गोकर्णेश्वर नगरपालिका-२ सुन्दरीजल राइटार बस्ने सुमन पण्डितको घरमा कोही नभएको अवस्थामा झ्यालको ग्रिल निकाली करिब २ लाख ७५ हजार रुपियाँ बराबरका सुनका विभिन्न गहना चोरी भएका छन्। यसै गरी काठमाडौं महानगरपालिका-१७ क्षेत्रपाटी बस्ने महेन्द्र श्रेष्ठको घरको पहिलो तलामा सोलुखुम्बु घर भई धापासी बस्ने भूपाल मगरले सञ्चालन गरेको तामाखानी ट्राभल्स एन्ड टुर्सबाट मंगलबार कोही नभएको अवस्थामा ढोकाको ताल्चा फोडेर घर्रामा रहेको नगद २ लाख रुपियाँ चोरी भएको छ।

# घाइते तरुण दलका उपाध्यक्षलाई भेट्न सिटौला अस्पतालमा

चिरञ्जीवी मास्के, काठमाडौं

पूर्वगृहमन्त्री एवं कांग्रेस नेता कृष्णप्रसाद सिटौलाले धारिलो हतियार प्रहारबाट गम्भीर घाइते भई काठमाडौं ट्रमा सेन्टरमा उपचार गराइरहेका नेपाल तरुण दल दोलखाका उपाध्यक्ष चित्र तमाङसँग भेट गरी स्वास्थ्य स्थितिबारे जानकारी लिएका छन्।

नेपाल विद्यार्थी संघका महामन्त्री कुन्दन काफ्लेसँग ट्रमा सेन्टर पुगेका नेता सिटौलाले घटनाको जानकारी लिँदै अपराधिलाई कारबाही गर्न र शान्ति सुरक्षाको प्रत्याभूत गराउन सरकारसँग माग गरेका छन्। मुलुकमा दिनदिनै शान्ति सुरक्षाको अवस्था कमजोर भएको भन्दै पूर्वगृहमन्त्री सिटौलाले चिन्तासमेत व्यक्त गरेका छन्। आइतबार राति दोलखा भीमेश्वर नगरपालिका-६ स्थित किशोर केसीको कोठामा सुतिरहेको अवस्थामा केसीले नै तमाङलाई धारिलो हतियारले प्रहार गरेका थिए। केसी आफ्नो एक वर्षअघिदेखिको चिनजानको साथी रहेको र आफूले नै केसीलाई फोन गरी कोठामा सुत्न आउँछु भनेर गएको उल्लेख गर्दै घाइते तमाङले किन आफूलाई हतियार प्रहार गर्‍यो भन्नेबारे अझै अनविज्ञ रहेको बताए।



चरिकोटमा प्राथामिक उपचारपछि काठमाडौं ट्रमा सेन्टरमा उपचार गराइरहेका तमाङको टाउको र खुट्टामा गम्भीर चोट लागेको छ। तरुण दल दोलखाका उपाध्यक्ष तमाङको स्वास्थ्य अवस्थाबारे जानकारी लिन मंगलबार नै पूर्वअर्थ राज्यमन्त्री उदयशमशेर राणा, नेविसंघका महामन्त्री कुन्दनराज काफ्ले, नेपाली कांग्रेस दोलखाका सभापति रुद्रबहादुर खड्का, जिल्ला सदस्य कुमार भुजेल, नेपाल तरुण दल दोलखाका अध्यक्ष दावासाङ्गे शेर्पालगायतका नेता कार्यकर्ता ट्रमा सेन्टर पुगेका थिए।

दोलखाका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक वासुदेव पाठकले तमाङलाई धारिलो हतियार प्रहार गर्ने भीमेश्वर नगरपालिका-६ का किशोर केसीलगायत तीन जनालाई नियन्त्रणमा लिई ज्यान मार्ने उद्योगमा म्याद थप गरिएको र घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको जानकारी दिए।

# महिला सशक्तीकरणका बारेमा छलफल

**नेपाल समाचारपत्र**

काठमाडौं

स्विडेनको स्टकहोम नगरकी उपप्रमुख एन मार्गरिटको नेतृत्वमा आएको महिला अधिकारकर्मीको टोलीले स्थानीय जनप्रतिनिधि, सरकारी कार्यालयका अधिकारी, सामाजिक तथा गैरसरकारी संघ-संस्थाका प्रतिनिधिसँग भेटघाट गरेको छ।

टोलीले मंगलबार काठमाडौं महानगरपालिकाका प्रमुख र उपप्रमुखसँग भेट गरी स्थानीय सरकार सञ्चालनमा महिला सशक्तीकरणका अवस्थाका बारेमा छलफल गरेका थिए।

छलफलको क्रममा महानगरका प्रमुख विद्यासुन्दर शाक्यले नीतिगतरूपमा महिलाको स्थान सम्मानजनक ठाउँमा रहेको बताउँदै, प्राप्त जिम्मेवारी बहन गर्न सक्ने क्षमता विकासको क्रममा रहेको जानकारी गराउनुभएको थियो।

त्यस्तै उपप्रमुख हरिप्रभा खड्गीले नेपालको शासनमा महिलालाई ठाउँ दिइएको तर, उपस्थितिलाई स्वत:स्फूर्त स्वीकार नगरिएको अवस्थाका रूपमा टिप्पणी गर्नुभयो।

भेटका अवसरमा नेपाल भ्रमणका क्रममा आफूले बुझेको कुरा सुनाउँदै स्टकहोम नगरकी उपप्रमुख मार्गरेटले, नेपालमा महिलाको अवस्था बलियो महसुस गरेको बताउनुभयो। परिवर्तन क्रमिकरूपमा हुने हो, प्राप्त अवसरलाई उपयोग गर्दै अगाडि बढ्नुपर्छ, उहाँको भनाइ थियो। सोही क्रममा महानगरका सहसचिव राजेश्वर ज्ञवालीले, निश्चित समयसम्मको अभ्यासपछि परिणाम मूल्यांकन गर्न सहज हुने धारणा राख्नुभएको थियो।

अखिल नेपाल महिला संघको निमन्त्रणामा आएको टोलीले धुलिखेल र नमोबुद्ध नगरपालिकाका प्रमुख र उपप्रमुखसँग छुट्टाछुट्टै भेटघाट गरिसकेको छ। भ्रमणका क्रममा राष्ट्रपति, पार्टीका विदेश विभागका पदाधिकारीसँग भेटघाट गर्ने कार्यक्रम तय गरिएको छ।


## सिनेमा कर्नर











**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, इज्जत-प्रतिष्ठा बढ्ने, अधुरा कार्य पूरा हुने।
**वृष** : धनहानि, चिन्ता, अनुपलब्धिमूलक खर्च, काममा बाधा।
**मिथुन** : उपहार-कोसेली मिल्ने, पेसा-व्यवसायबाट सन्तुष्टि, द्रव्यलाभ।
**कर्कट** : रोगव्याधिको भय, कार्यमा बाधा, धननाश, विवादमा फसिएला।
**सिंह** : धनलाभ, सुख-शान्ति, खाद्यान्न प्राप्ति, साथीभाइबाट सहयोग।
**कन्या** : काममा सफलता, धन प्राप्ति, जोश-जाँगर, स्फूर्ति बढ्नेछ।
**तुला** : राजनीतिक असफलता, मान-प्रतिष्ठामा आघात, कार्यमा बाधा।
**वृश्चिक** : काममा बाधा, स्वास्थ्यमा समस्या, आर्थिक नोक्सानी।
**धनु** : धनलाभ, समस्या समाधान, सम्मानित हुने अवसर, शुभ यात्रा।
**मकर** : परीक्षा, प्रतियोगितात्मक प्रतिस्पर्धामा विजय, आर्थिक लाभ।
**कुम्भ** : कार्य अधुरो, स्वास्थ्य समस्या, पारिवारिक विवाद, दु:ख-कष्ट।
**मीन** : व्यर्थमा खर्च र दौडधुप, दिनचर्या अस्तव्यस्त, विवादमा फसिएला।



# प्रदेश-३



2018, AUG
Thursday
9

कार्यालयभित्र सीसीटिभी भएकाले न्यौपानेले शौचालयमा पुगेर नगद लिएका थिए।

## बस र ट्रक ठोक्किँदा ४ को मृत्यु, १७ घाइते

कृष्ण आचार्य, चितवन



पूर्वीचितवनको रत्ननगर नगरपालिका-१० भानुचोकमा मंगलबार राति बस र ट्रक एकापसमा ठक्कर खाँदा ४ जनाको मृत्यु भएको छ। दुर्घटनामा १७ जना घाइते भएका छन्। काठमाडौंबाट झापाको काँकडभिट्टा जाँदै गरेको ना६ख १७४१ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको ना५ख ५९४१ नम्बरको ट्रक एकापसमा ठक्कर खाँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ।

राति ११ बजे भएको सो दुर्घटनामा परी ट्रकका चालक रौटहट चन्द्रपुर नगरपालिका-२ का ३४ वर्षीय मोहन घिसिङ, सहचालक सोही ठाउँमा ३० वर्षीय बुद्धिमान लामा, बसका यात्रु ताप्लेजुङको खुम्ली नगरपालिका-१ बस्ने ४२ वर्षीय तारा बराल र काठमाडौं थानकोट-३ का ४८ वर्षीय विष्णुप्रसाद थापाको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको उपचारका क्रममा मृत्यु भएको हो। घाइते १७ जनामध्ये १३ जनाको पुरानो मेडिकल कलेज र ४ जनाको चितवन मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जनाएको छ। तीव्र गतिका कारण कारण दुर्घटना भएको प्रहरीको अनुमान छ।

## पहिरोले घर बगाउँदा बालकको मृत्यु

काभ्रे, (नेस)

बुधबार बिहान आएको पहिरोका कारण १८ महिनाका बालक पुरिएका छन्। सुतिरहेको स्थानमा पुरिएका बालकको शव प्रहरीले फेला पारेको छ।

मण्डन देउपुर नगरपालिका वडा नम्बर १० छापमा परेको अबिरल वर्षाका कारण स्थानीय हेमबहादुर तामाङको घर कटेज बगाएको थियो। भूकम्पका कारण पक्की घर ढलेको र नयाँ घर निर्माण नगरी टहरामै बसिरहेको अवस्थामा हेमबहादुरको घर पहिरोले पुरेको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख एसपी रविराज खड्काले जानकारी दिए। बाँसले बनाएको कटेजमा बस्दै आएका हेमबहादुरसहित ६ जनाको परिवार कटेजबाहिर निस्किए पनि बालकलाई निकाल्न नसकिएका कारण पुरिएको बताइएको छ। घटना भएको जानकारी पाएलगत्तै प्रहरी उद्धारका लागि खटिएको थियो। पहिरोका कारण हेमबहादुर तामाङका १८ महिनाका छोरा दीपक तामाङ पुरिएको अवस्थामा फेला परेका थिए।

हेमबहादुरका ४ वटा बाखासमेत पहिरोले पुरेर बेपत्ता बनाएको छ। बाँस र जस्ताले बनाएको टहरा पूर्णरूपमा क्षति भएको छ। पहिरोबाट हेमबहादुर र उनकी श्रीमती सीतामाया तामाङ घाइते भएका छन्।

## शौचालयमा इन्जिनियरले 'खाजा खर्च' लिँदा...


हेटौंडा, (नेस)



मकवानपुर थाहानगरका एक प्राविधिक घूससहित पक्राउ परेका छन्। थाहा नगरपालिका भवन तथा प्राविधिक निर्माण शाखामा कार्यरत सबइन्जिनियर करिब २४ वर्षीय कलराज न्यौपानेलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय, पालुङले जनाएको छ।

वडा-२, अंगारे बस्ने मीनप्रसाद ढकालसँग भूकम्पले भत्काएको घर पुनर्निर्माण गरेको र नयाँ घर बनाएको निरीक्षण गरिएको भनेर 'खाजा खर्च' मागेको सूचनाका आधारमा पुगेको इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको टोलीले नगरपालिका कार्यालयको शौचालयमा नगद २ हजार लिँदै गर्दा उनलाई पक्राउ गरेको हो।

ढकाल नोटको फोटोकपी प्रहरीलाई उपलब्ध गराएर आफूचाहिँ 'खाजा खर्च' दिन बुधबार दिउँसो करिब पौने १ बजे नगरपालिका कार्यालय पुग्नुभएको थियो। कार्यालयभित्र सीसीटिभी भएकाले न्यौपानेले शौचालयमा पुगेर नगद लिएका थिए। इन्जिनियर न्यौपाने कालिकोटको रासिकोट नगरपालिका-१ का स्थायीबासी रहेको बताइएको छ।



## चोरिएका मोटरसाइकल हस्तान्तरण

नेपाल समाचारपत्र

हेटौंडा

३ नम्बर प्रदेश प्रहरी कार्यालय हेटौंडाको क्षेत्रीय अनुसन्धान समूहबाट खटिएको प्रहरी टोलीले चितवनका विभिन्न स्थानबाट असार २५ गते बरामद गरेका चोरीका सवारीसाधनमध्ये ३ वटा मोटरसाइकल धनीलाई हस्तान्तरण गरेको छ।

प्रहरी उपरीक्षक दीपेन्द्र जीसीले ती मोटरसाइकल सम्बन्धित धनीलाई हस्तान्तरण गर्नुभएको हो। काठमाडौं पेप्सीकोलाबाट हराएको कालो रंगको १५० सीसीको पल्सर र काठमाडौंकै ठमेलबाट हराएको २०० सीसीको कालो/रातो रंगको एनएस पल्सर तथा पोखराबाट हराएको कालो/रातो रंगको २०० सीसीको एनएस पल्सर मंगलबार सम्बन्धित धनीलाई जिम्मा लगाइएको छ।

हरिबहादुर थापाको पेप्सीकोलाबाट हराएको बा९४प ७२ ९१, पवनकुमार सिंहको काठमाडौंबाट हराएको बा८८प २६३८ र विभोर दंगालको पोखराबाट हराएको बा९४प



७५९ नम्बर मोटरसाइकल उहाँहरूलाई हस्तान्तरण गरिएको छ।

विभिन्न स्थानबाट चोरी गरिएका मोटरसाइकल भरतपुरका विभिन्न अस्पताल कम्पाउन्डमा वास्तविक नम्बर परिवर्तन गरी बेवारिसे अवस्थामा पार्किङ गरिराखेको अवस्थामा क्षेत्रीय अनुसन्धान समूहका प्रहरी निरीक्षक रोशन थापाको कमान्डमा खटिएको प्रहरी टोलीले ६ वटा मोटरसाइकल र एउटा बोलेरो गाडी नियन्त्रण लिएको थियो। बरामद भएका अन्य मोटरसाइकलका भने हालसम्म वास्तविक धनी खुल्न सकेका छैनन्।

## सवारी सञ्चालनमा रोक

### केरुङ गएका व्यापारी फर्किन थाले

नेपाल समाचारपत्र

रसुवा

चीनसँगको अन्तर्राष्ट्रिय व्यापारिक नाका रसुवागढीमा सवारी सञ्चालनमा रोक लगाइएपछि चीनको केरुङमा रहेका नेपाली व्यापारी स्वदेश फर्किन थालेका छन्।

नाकामा सवारी सञ्चालन रोकिनुका साथै कन्टेनरको अभाव हुन थालेपछि व्यापारी तथा व्यावसायी नेपाल फर्किन थालेका हुन्। व्यापार घाटा बढ्न थालेपछि ८ दिनमा १५ जना व्यापारी फर्किसकेका छन्। त्यहाँ ३५ जना व्यापारी तथा व्यावसायी रहेका छन्। सामग्री आयात-निर्यात ठप्प भएपछि १५ जना स्वदेश फर्किएका छन्। 'केरुङमा ३५ जना नेपाली व्यापारी तथा व्यावसायी कार्यरत छन्', व्यापारी पुरुषोत्तम पौडेलले भने- 'कामको अभावमा उहाँहरू नेपाल फर्किसक्नुभएको छ।'

बाढीले पुलमा क्षति पुर्‍याउनुपूर्व केरुङमा दैनिक १ सयभन्दा बढी कन्टेनरमा सिल लगाइन्थ्यो, तर अहिले त्यहाँ दैनिक २० भन्दा कम कन्टेनरमा सिल लाग्ने गरेको व्यापारीले बताएका छन्। त्यहाँ रहेका सीमित सवारीसाधनमा सामग्री लोड गर्ने कार्य भइरहेको उनले बताए। त्यहाँ कार्यरत व्यापारी तथा व्यावसायीले ट्रान्सपोर्टमा बिल्टी पुर्‍याउने कार्य गर्दछन्। यहाँ रहेका व्यवसायीले सामग्री निर्यातका लागि गएको सवारीको बिल्टी पुर्‍याउने कार्य गर्छन् रेडिमेटमा ३१ जना र ५ जना स्याउको गाडीमा छन्। सामग्री लिएर नेपाल आएका कन्टेनर नफर्किएपछि त्यहाँ सामग्री ढुवानीका लागि सवारीसाधनको अभाव भएको छ।


चीनको केरुङबाट नेपाल ल्याउन लागिएको एनसेलको सामग्री लोड गर्नका लागि कन्टेनर अभाव रहेको व्यापारी सुमित खड्काले बताए।

'सामग्री आयातका लागि १० वटा कन्टेनर आवश्यक पर्छ', व्यापारी खड्काले भने- अहिलेसम्म ३ वटा कन्टेनर मात्र मिलेका छन्।' त्यहाँ रहेका केही कन्टेनर स्याउ, नास्पाती र लसुन बोकेर सीमापार आएका छन्।

'कुहिने किसिमका सामग्री आयात गर्दा नाकामा पोल्ट्री गर्न मिल्छ', उनले भने- 'रेडिमेट सामग्री बोकेका गाडी पुल मर्मत नसकिँदासम्म नाकामै रोकिनुपर्छ।' रसुवागढी नाकाभन्दा २ किलोमिटर वर पर्ने घट्टेखोलामा बाढीले पुलमा क्षति पुर्‍याएपछि ८ दिनदेखि सवारी रोकिएका छन्। सामग्री आयात तथा निर्यातमा कमी आएपछि केरुङमा रहेका नेपाली व्यापारी तथा व्यावसायी स्वदेश फर्कन थालेका छन्।


## वर्गीकृत डिस्प्ले





## मकवानपुरका १ सय २४ गुम्बामा क्षति

हेटौंडा, (नेस)

२०७२ को भूकम्पले मकवानपुरका १ सय २४ वटा गुम्बामा क्षति पुगेको छ। ती गुम्बाको पुनर्निर्माणमा जोड दिइएको छ। भूकम्पप्रभावित गुम्बाबिहार पुनर्निर्माणमा भएको गतिरोध अन्त्यका लागि हेटौंडामा गरिएको अन्तर्क्रियामा यस्तो जानकारी दिइएको हो।

गुम्बाबिहार संरक्षण संघ मकवानपुरका अध्यक्ष निरु थिङले पुनर्निर्माण विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। २९ जिल्लामा रहेका झन्डै १ हजार ३ सय बढी गुम्बाबिहार भूकम्पले क्षतिग्रस्त भएकाले उक्त गुम्बाबिहार पुनर्निर्माण गर्नुपर्ने उहाँले बताउनुभयो। मकवानपुरलगायत जिल्लामा १ हजार गुम्बाविहार पुनर्निर्माण गर्नुपर्ने अध्यक्ष थिङले बताउनुभयो।

सिन्धुपाल्चोकमा २ सय ३, काभ्रेमा १ सय १३, नुवाकोटमा १ सय १३, गोरखामा ९६, दोलखामा ८७, धादिङमा ८५, रामेछापमा ८३, चितवनमा ५६, काठमाडौंमा २४, ललितपुरमा १६, भक्तपुरमा ३ वटा गुम्बाबिहारमा क्षति पुगेको थिङले जानकारी दिनुभयो।

कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जम्कट्टेलले प्रदेशभित्र पर्ने क्षतिग्रस्त गुम्बाबिहार पुनर्निर्माणमा सहजता ल्याउने बताउनुभयो। आफ्नो कला संस्कृति, चाडपर्वअनुसार गुम्बाबिहार पुनर्निर्माणमा प्रदेश सरकार लागिपर्ने मन्त्री जम्कट्टेलले बताउनुभयो।

कार्यक्रममा प्रदेशसभा सदस्य कुमारी मोक्तान, ओम घलान, प्रेमबहादुर पुलामी, प्रमुख जिल्ला अधिकारी आश्मान तामाङ, पूर्वसांसद राजाराम स्यांतान, नेपाल आदिवासी जनजाति महासंघ प्रदेश संयोजक काजीमान थिङ तामाङ, तामाङ घेदुङ केन्द्रीय सदस्य सुनिल मोक्तान, जनजाति महासंघ मकवानपुरका पूर्वअध्यक्ष बुद्ध लामा, स्थानीय तहका जनप्रतिनिधि, लामा गुरुलगायतको उपस्थिति थियो।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
**नारायणी पेट्रोल पम्प**
**रिङरोड, बाफल**
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरु

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 I Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७५, साउन
बिहीबार
२४

'मैले कार्यबाहक दिएर परिवारका सदस्य भेट्न जाँदा पदबाट हटाउने षड्यन्त्र भयो', वडा अध्यक्ष श्रेष्ठले भने- 'षड्यन्त्रपूर्वक भएको यस्तो कामका लागि उपाध्यक्षले राजीनामा दिनुपर्छ।'




### दशगजा क्षेत्रभित्र एसएसबीले बनायो सबबेस क्याम्प

# सम्भारको अभावमा सीमास्तम्भ जीर्ण, हराउने क्रम पनि जारी

**गणेश घिमिरे, इलाम**

नेपाल भारत सीमावर्ती दशगजा क्षेत्रमा भारतीय सीमा सुरक्षा बल एसएसबीले सबबेसक्याम्प निर्माण गरेको छ। इलाम पशुपतिनगरदेखि करिब ४-५ किलोमिटरको दूरीमा पर्ने पुलखोलाको दशगजा क्षेत्रमा एसएसबीले सबबेस क्याम्प निर्माण गरेको हो। अन्तर्राष्ट्रिय सीमासम्बन्धी कानुनमा दशगजा क्षेत्रभित्र कुनै पनि संरचना निर्माण गर्न पाइँदैन।

एसएसबीले सो क्षेत्र भारतीय क्षेत्र भएकाले क्याम्प निर्माण गरेको जनाएको छ। तर पशुपतिनगरस्थित सीमा प्रशासन कार्यालयका प्रमुख मोहन पनेरुले एसएसबीले दशगजा क्षेत्रभित्र सबबेस क्याम्प निर्माण गरेको दाबी गरे। 'एसएसबीले त्यो क्षेत्रलाई घेराबारा गर्न खोजेको थियो', पनेरुले भने- 'तर हामीले यो दशगजा क्षेत्र भएकाले घेराबार नगर्न भनेका छौं।' सबबेस क्याम्प समेत चाँडो हटाउन आग्रह गरेको पनेरुले बताए। स्थानीय बासिन्दाले पनि एसएसबीले सबबेस क्याम्प राखेको स्थान दशगजा क्षेत्रभित्र नै परेको बताएका छन्।

यसै क्रममा भारतसँग सीमा जोडिएका जिल्लाका विभिन्न स्थानमा गाडिएका मुख्य तथा सहायक सीमास्तम्भ मर्मतसम्भारको अभावमा जीर्ण अवस्थामा पुगेका छन्। कतिपय सीमास्तम्भ हराउनेक्रम पनि रहेको छ। सीमास्तम्भको मर्मतसम्भार, रेखदेख र पूर्ण निगरानी गर्ने जिम्मा पाएको सीमा प्रशासन कार्यालयले जिल्लाका सीमावर्ती क्षेत्रमा गाडिएका अधिकांश सीमास्तम्भ जीर्ण अवस्थामा रहेको जनाएको छ।

कार्यालय प्रमुख पनेरुले हालसम्म ५ वटा सीमास्तम्भ हराएको जनाए। जिल्लाको माइमझुवादेखि जिर्मलेसम्म जङे, सहायक र सामान्य गरी जम्मा १ सय १६ वटा सीमास्तम्भ रहेका छन्। तीमध्ये अधिकांश मर्मतसम्भारको अभावमा जीर्ण अवस्थामा छन्। माइमझुवादेखि छब्बीसेसम्म १८ देखि २६ नम्बरसम्मका ९ मुख्य स्तम्भ (जङे पिल्लर) छन्। त्यस्तै छब्बीसेदेखि तराईको सीमा क्षेत्रसम्म १६ वटा स्तम्भ रहेका छन्। पशुपतिनगरमा रहेका ३ साना ७१/२१, ७१/२२ र ७१/२३ नम्बरका स्तम्भ हराएका छन्। श्रीअन्तुमा रहेको ७२/४ नम्बरको सहायक स्तम्भ र जोगमाईको ३ मेघमामा रहेको ७५/४ नम्बरको मझौला स्तम्भ हराएको छ।

सीमास्तम्भ व्यवस्थित नहुँदा मेघमा, तुम्लिङ, हिले, लामिधुरा, छब्बीसेलगायत दर्जनभन्दा बढी क्षेत्रमा भारतीय सीमा सुरक्षा बल एसएसबीले समय-समयमा नेपाली भूमि अतिक्रमण गर्ने गरेको छ। सीमास्तम्भको मर्मतसम्भार, जीर्णोद्धार, रङरोगन लागि केन्द्रबाट पहल शुरू भएको प्रमुख पनेरुले जानकारी दिए।

# वन क्याम्पस अनिश्चितकालीन बन्द

**विजय नेपाली, पोखरा**

जोग्राफिकल इन्फर्मेसन सफ्टवेयर (जीआईएस) निःशुल्क गर्न माग गर्दै स्वतन्त्र विद्यार्थी युनियनले वन विज्ञान अध्ययन संस्थानको शैक्षिक तथा प्रशासनिक कार्य अनिश्चितकालका लागि बन्द गरेको छ।

क्याम्पसले क्यापिटेसन, भर्ना तथा प्रयोगशाला शुल्कलाई सदुपयोग गरेर अन्य खर्च कटौती गरी विद्यार्थीबाट लिइने जीएसआई शुल्क निःशुल्क बनाउनुपर्ने अडान लिँदै आएको स्ववियुको मागमा एक्यबद्धता जनाउँदै नेपाल विद्यार्थी संघ, अनेरास्ववियु क्रान्तिकारी, अनेरास्ववियु र अखिल छैटौं संयुक्तरूपमा आन्दोलनमा होमिएका हुन्।

विद्यार्थीको जायज मागलाई क्याम्पस प्रशासनले आलटाल गर्दै गरिब विद्यार्थीलाई मर्कामा पार्ने काम निन्दनीय र विरोधपूर्ण रहेको स्ववियु सभापति विशाल अर्यालले बताए। विसं २०५७ सालदेखि जीएसआईको लिँदै आएको ३ हजार रुपियाँ डिपार्टमेन्ट हेडमार्फत खर्च हुँदै ०६७-०६८ सालदेखि क्याम्पसको खातामा संकलन हुने गरेको र विद्यार्थीबाट लिने शुल्क अनावश्यक विषय बनाई खर्च गर्दै आइरहेको आरोप उनले लगाए।

'जीएसआई शुल्क १ लाख २९ हजार संकलन हुन्छ, ४४ जना कर्मचारीलाई प्रोत्साहन भत्ता भन्दै ६ महिनामा ८ लाख बाँड्ने काम भएको छ, वार्षिक १५ प्रतिशतको दरले क्यापिटेसन शुल्क क्याम्पसको आयमा जान्छ। हामी विद्यार्थीलाई शुल्क लिने कारण नै छैन, तर पनि गरिब विद्यार्थीको ढाड सेक्ने काम भएको छ' -उनले भने। कर्मचारी प्रोत्साहन भत्ता कटौती गरी जीएसआई शुल्क हटाउनुपर्ने अनेरास्ववियु क्रान्तिकारीका अध्यक्ष नरेश खनालले बताए। विद्यार्थीले भर्ना हुने क्रममा नै प्रयोगशाला शुल्क भनेर तिरे पनि पुनः रकम लिनु आपत्तिजनक भएको उनले बताए।

यस विषयमा बोल्दै निमित्त क्याम्पस प्रमुख ठाकुर सिलवालले ऐच्छिक विषय रहेकाले शुल्क लिने गरेको बताए। 'यो नियमित विषय होइन, ऐच्छिक विषय हो, हाम्रोमा ८ ऐच्छिक विषय छन्, अन्य विषयमा खर्च हुँदैन। यसमा बढी प्रयोगात्मक हुन्छ, त्यसैले शुल्क लिने गरेका छौं' -प्रमुख सिलवालले भने। जीएसआई ८० जना विद्यार्थीले पढ्ने गरेको र उनीहरूसँग मात्र शुल्क लिने गरेको उनले बताए।

विद्यार्थीको माग जायज भए पनि जीएसआई निःशुल्क गर्न नसकिने उनको भनाइ थियो। जीएसआई शुल्क निःशुल्क गर्नुपर्ने भन्दै स्ववियु तथा विभिन्न विद्यार्थी संगठनले आन्दोलनसहित ९ दिनदेखि क्याम्पस बन्द गरेका छन्। आफूहरूको माग सुनुवाइ नभए आन्दोलन थप चर्काउने उनीहरूले बताए।

# खिमचोक गाउँका ३२ परिवार विस्थापित

लमजुङ, (नेस)

लमजुङको दोर्दी गाउँपालिका-८ मा गएको पहिरोका कारण जोखिम बढेपछि ३२ घरपरिवार विस्थापित भएका छन्। जिल्ला प्रशासनले उनीहरूका लागि अस्थायी बसोबास गर्ने प्रबन्ध मिलाएको जनाएको छ।

दोर्दी गाउँपालिका-८ को खिमचोक जल्गेनी सडक भासिई जोखिममा पर्न गएको खिन्चोक जल्गेनी गाउँको सम्बन्धमा प्राप्त प्राविधिक प्रतिवेदन समेतको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा तत्काल अस्थायी बासस्थानको व्यवस्था गरिएको प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालले बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी, आरसीडीसीसमेतका गैरसरकारी संस्थाको सहयोगमा जोखिममा रहेका परिवारलाई तत्काल अस्थायी बासस्थान व्यवस्था गर्न बालकल्याण माध्यमिक विद्यालयनजिकको खाली स्थान उपलब्ध गराइदिन दोर्दी गाउँपालिकालाई अनुरोध गरिएको प्रजिअ ढकालले बताउनुभयो।

उहाँका अनुसार ती परिवारलाई तत्कालका लागि अस्थायी आश्रयस्थल निर्माण गर्न प्रतिपरिवार २ बन्डलका दरले जस्तापाता, महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयसमेतको व्यवस्था गरिदिन आरसीडीसी लमजुङमार्फत वर्ल्ड भिजन इन्टरनेसनललाई अनुरोध गरिएको छ। उक्त कार्यका लागि प्राविधिक सहयोग शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय लमजुङले गर्ने र अन्य कार्यमा सहयोग र समन्वय नेपाल रेडक्रस सोसाइटीलाई काम गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समितिले दिने निर्णयसमेत गरी सो कार्य गरेको प्रजिअ ढकालले जानकारी दिनुभयो।

# भौतिक पूर्वाधारका नाममा चन्दा दिँदै प्रदेश सरकार

**यमलाल भुसाल, बुटवल**

प्रदेश नम्बर ५ को सरकारले भौतिक पूर्वाधारको नाममा बुटवलका विभिन्न संघसंस्थालाई लाखौं रकम आर्थिक सहयोग गर्ने निर्णय गरेको छ।

सरकारले यहाँका विभिन्न संघसंस्थाको भवन प्रयोग गरिरहेको र उनीहरूलाई भाडास्वरुप सरकारले सीधै दिने व्यवस्था नभएकाले घुमाउरो पाराले सरकाले पूर्वाधार भोगाधिकारका नाममा आर्थिक अनुदान दिएको बुझिएको छ।

प्रदेश सरकार र प्रदेशसभाका लागि यहाँका विभिन्न संघसंस्थाको भवन प्रयोग गर्न सरकार बाध्य छ। जसअन्तर्गत बुटवल उद्योग वाणिज्य संघ र महिला जेसिस भवन प्रदेशसभाले प्रयोग गरिरहेको छ। बीटीआईको आवास क्षेत्रमा प्रदेश सरकारका कर्मचारीको आवास व्यवस्थान गर्ने तयारी रहेको मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीले बताउनुभयो।

बुटवल उद्योग वाणिज्य संघ अहिले रहेको बालमन्दिरमा र महिला जेसिस मगर महिला संघको कार्यालयमा स्थानान्तरण हुँदै छन्। बुधबार बुटवलमा बसेको मन्त्रिपरिषद्को बैठकले बुटवल उद्योग वाणिज्य संघलाई ४० लाख, बुटवल टेक्निकल इन्टिच्युटलाई १० लाख, बालमन्दिरलाई २ लाख र बुटवल महिला जेसिज र मगर महिलासंघलाई जनही १/१ लाख गरी ५४ लाख अनुदान दिने निर्णय गरेको हो।

त्यस्तै बुधबारको बैठकले ३ वटा उपसमिति रहेको मन्त्रिपरिषद् समिति गठन गरेको छ। जसमा राजनीतिक समिति, प्रशासन तथा विधेयक समिति र आर्थिक सामाजिक तथा पूर्वाधार समिति रहेका छन्। प्रदेश मन्त्रिपरिषद्को कार्य सम्पादनमा सहयोग होस् भन्ने उद्देश्यले समिति गठन गरिएको सरकारका प्रवक्ता तथा पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरीले बताउनुभयो।

मन्त्रिपरिषद्ले बिहीबारदेखि प्रदेश संसद्को दोस्रो अधिवेशन अन्त्य गर्ने निर्णयसमेत गरेको छ। बैठकले प्रदेश योजना आयोगमा रहने सदस्यका लागि आवश्यक तल्लो उमेर हदलाई ४० वर्षबाट ३५ वर्षमा झारेको छ। यसअघि प्रदेश योजना आयोगको सदस्य हुन ४० वर्ष उमेर पुगेको हुनुपर्ने थियो ।

त्यस्तै प्रदेश मन्त्रिपरिषद्ले दाङ जिल्लाको शान्तिनगर गाउँपालिकाको केन्द्र परिवर्तनका लागि गाउँसभाबाट स्वीकृत भईआएको प्रस्तावलाई संघीय सरकारमा पठाउने निर्णयसमेत गरेको छ।

# ९२ महिलाका नाममा जग्गा पास

**विनोदसिंह विष्ट, बैतडी**

पछिल्लो समय महिला पनि सम्पत्तिको हकदार बन्दै गएका छन्, तर हकदार बन्दै गएका भए पनि धेरै कम मात्रामा। नेपालको संविधान-२०७२ को धारा ३८ को उपधारा ६ मा सम्पत्ति तथा पारिवारिक मामिलामा महिलाको पनि समान हक हुने कुरा उल्लेख गरिएको छ, तर पनि स्रोत तथा सम्पत्तिमा महिलाको पहुँच अझै पुग्न सकेको छैन। अशिक्षा, जनचेतनाको अभाव र स्वयं महिलाको अग्रसरताको कमीले महिलाको सम्पत्तिमा न्यून पहुँच रहेको पाइन्छ।

पछिल्ला केही वर्ष यतादेखि भने महिलाका नाममा जग्गा दर्ता गर्नेलगायतका काम भइरहेका छन्। यसले महिलाको सम्पत्तिमा पहुँच पुर्‍याउनका लागि पहल गरिरहेको बताउनुहुन्छ बैतडीको शिवनाथ गाउँपालिका उपाध्यक्ष कुष्मा चन्द । महिलाका नाममा जमिन राख्दा दर्ता गर्दा लाग्ने शुल्कमा छुट दिने सरकारले व्यवस्था गरेसँगै यो क्रम बढ्दै गएको हो। पहिला-पहिला महिलाको नाममा जग्गा दर्ता गर्ने चलन नै थिएन। 'पछिल्लो समयमा केही मात्रामा भए पनि महिलाको सम्पत्तिमा पहुँच पुग्न थालेको छ', उनले भने- 'महिलाको स्रोत तथा सम्पत्तिमा पहुँच पुर्‍याउनका लागि नेतृत्व तहमा पुगेका महिलाले पहल गर्नुपर्ने आवश्यक देखिन्छ।'

आर्थिक वर्ष २०७३/७४ मा ७९ जना महिलाको नाममा जग्गा दर्ता भएकामा ०७४/७५ मा ९२ जना महिलाको नाममा जग्गा पास भएको जिल्ला मालपोत कार्यालय बैतडीका कम्प्युटर अपरेटर अनिल चन्दले बताए। यस्तै आर्थिक वर्ष २०७४/७५ मा १ दम्पतीले संयुक्तरुपमा जग्गाको लालपुर्जा लिएका छन्।

महिलाले लगाउने गहनादेखि लिएर अन्य सम्पत्तिमा अझै पनि महिलाको स्वामित्व छैन भन्ने कुरा धेरैले भन्ने गरेका छन्। पहिलादेखि पुरुषको नाममा जमिन दर्ता गर्ने र उनीहरूलाई नै सम्पत्तिको हकदार ठान्ने प्रवृतिले महिलाको स्रोत र सम्पत्तिमा न्यून पहुँच रहेको सुर्नया गाउँपालिका उपाध्यक्ष लीला विष्टको भनाइ छ। उनले भने- 'अहिले सबै स्थानीय सरकारमा महिलाको पहुँच भएकाले उनीहरूको स्रोत तथा सम्पत्तिमा पहुँच पुर्‍याउनका लागि पहल गर्नुपर्छ।'

## बेपत्ता प्रधानाध्यापक मृत भेटिए

पर्वत, (नेस)

पर्वतको कुश्मा नगरपालिका-९ घर भई पर्वतकै मोदी गाउँपालिका-६ दोबिल्लामा सञ्चालित हरि प्राथमिक विद्यालयका प्रधानाध्यापक ५९ वर्षीय शिवप्रसाद पौडेल अलपेश्वर गुफाभित्र मृत भेटिएका छन्।

कुस्मा नगरपालिका वडा नं ९ स्थित अलपेश्वर गुफाको सबैभन्दा तल्लो भागमा बुधबार दिउँसो ६ दिनपछि प्रअ पौडेल मृत भेटिएका हुन्। बिहान पूजापाठ गर्न भनी मन्दिर गएका पौडेल साउन १८ गते शुक्रबार बिहानदेखि बेपत्ता भएका थिए।

अलपेश्वर गुफाभित्र उनले कम्मरमा बाँध्दै आएको पटुकी भेटिएपछि आफन्त र प्रहरीले खोजी गर्ने क्रममा गुफाको सबैभन्दा तल्लो भागमा ढुंगामा अड्किएको अवस्थामा शव भेटिएको जिल्ला प्रहरी कार्यालय पर्वतले जनाएको छ। मृतक पौडेलको शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल लैजाने तयारी भएको छ।

# उपाध्यक्षको राजीनामा माग्दै धर्ना

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको पैंयु गाउँपालिकाकी उपाध्यक्ष जसमति गुरुङको राजीनामा माग गर्दै जनप्रतिनिधि धर्नामा बसेका छन्। नेपाल कम्युनिस्ट पार्टी(नेकपा) बाट निर्वाचित वडाध्यक्ष महेन्द्र श्रेष्ठको पद षड्यन्त्रपूर्वक रिक्त गराउने योजना बनाएको भन्दै उपाध्यक्ष गुरुङको राजीनामा माग गर्दै जनप्रतिनिधिहरू धर्नामा बसेका हुन्।

बुधबारबाटै अनिश्चिकालीन अनसन बस्ने घोषणा गरेका जनप्रतिनिधिले १ दिनका लागि धर्ना बसेको र राजीनामा नआए अनिश्चितकालसम्म अनसन बस्ने चेतावनी दिएका छन्। धर्नामा वडा नं ३ का अध्यक्ष विष्णु काफ्ले, ४ का अध्यक्ष महेन्द्र श्रेष्ठ र ५ का अध्यक्ष उमाकान्त भुर्तेल अनसनमा बसेका छन्। अनसनलाई सामाजिक परिचालक र स्थानीय समाजसेवीले समेत ऐक्यबद्धता जनाएका छन्।

पैयुँ गाउँपालिका वडा नं ४ का वडाध्यक्ष महेन्द्र श्रेष्ठलाई बिनाकारण स्ष्पटीकरण सोध्ने र पद रिक्त गराउन षड्यन्त्र गरेकाले गाउँपालिका उपाध्यक्ष गुरुङले राजीनामा गर्नुपर्ने माग गरेको नेकपाका नेता मित्रलाल बस्यालले बताए। वडाध्यक्ष श्रेष्ठ परिवारलाई भेट्न जापान गएका बेला गाउँपालिकाका कार्यबाहक अध्यक्ष जसमती गुरुङले 'लगातार ३ वटा बैठकमा बिनाजानकारी अनुपस्थित भएमा पद रिक्त हुने व्यवस्था भएको' व्यहोरासहित ७ दिने स्पष्टीकरण सोधेपछि विवाद भएको हो। कार्यवाहक अध्यक्ष गुरुङले साउन ८ गतेको मितिमा श्रेष्ठलाई ७ दिनभित्र स्वयं उपस्थित भएर स्पष्टीकरण दिने पत्र पठाएकी थिइन्।

वडाध्यक्ष श्रेष्ठले जेठ २९ गते वडासदस्य मोतीलाल न्यौपानेलाई कार्यबाहक दिएर जापान गएका थिए। कार्यबाहक दिएका बारे श्रेष्ठले गाउँपालिकामा लिखित पत्रसमेत दर्ता गराएका थिए। 'मैले कार्यबाहक दिएर परिवारका सदस्य भेट्न जाँदा पदबाट हटाउने षड्यन्त्र भयो', वडा अध्यक्ष श्रेष्ठले भने- 'षड्यन्त्रपूर्वक भएको यस्तो कामका लागि उपाध्यक्षले राजीनामा दिनुपर्छ।'

हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. २००७-१२-१२

स्वर्गारोहण
वि.सं. २०७५।४।१२

स्व. जानकी पन्त

यस टिभी टुडे टेलिभिजनका अध्यक्ष तथा प्रबन्ध निर्देशक **जनक राज पन्त** ज्यू की ममतामयी माता **जानकी पन्तको** मिति २०७५ साल साउन १२ गते भएको असामयिक तथा अकल्पनीय स्वर्गारोहणले हामी अत्यन्त शोकविह्वल तथा मर्माहत भएका छौ ।

आज **१३ औं दिनको** पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार जनमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस भनी इश्वर सँग प्रार्थना गर्दछौ । साथै मृत आत्माको बैकुण्ठमा बास होस भनी हार्दिक संवेदना प्रकट गर्दछौ ।

tv TODAY

टिभी टुडे टेलिभिजन परिवार

# विश्व

**हड्ताल**

इटालीमा १६ जना सहकर्मी सडक दुर्घटनामा मारिएपछि हड्तालमा उत्रेका आप्रवासी मजदुर।



**नागरिकता**

थाइल्यान्डको बाढीग्रस्त गुफाबाट उद्धार गरिएका फुटबल टोलिका ३ जनालाई नागरिकता प्रदान गरिएको छ।





विश्व २ मिनेट

**फिनल्यान्ड**

## गर्मीले लामखुट्टे चट

हेलेन्सिकी, (एजेन्सी)

फिनल्यान्डमा बढेको अस्वाभाविक तापक्रमका कारण लामखुट्टेहरु धमाधम मर्न थालेको तर रगत चुस्ने अन्य किराफट्याङ्ग्रा भने बढ्न थालेको बुधबार सञ्चार माध्यमले जनाएको छ। जलवायु तथा मौसम विभागले यसपालि युरोपभरि नै नयाँ कीर्तिमानसहित गर्मी चर्केको जनाएको छ। फिनिस विशेषज्ञहरुले जुलाई महिना अहिलेसम्मकै सबैभन्दा गर्मी भएको र एउटा शहरको तापक्रम ३३ दशमलब ७ डिग्री सेल्सियस पुगेको बताएका छन्। प्रायश: गर्मीयाममा फिनल्यान्डको केही भागबाट लामखुट्टे गायवै हुने गरेको छ। दुग्ध व्यवसायी कृषकहरु पनि गर्मीबाट प्रभावित भएका छन्।

**भारत**

## अन्त्येष्टि विवाद

नयाँदिल्ली, (एजेन्सी)

भारतको एक अदालतले सरकारको विरोधको बाबजुद पनि भेटरान राजनीतिज्ञ मुथुभेल करुणानिधिलाई प्रतीकात्मक क्षेत्रमा अन्त्येष्टि गर्न दिने अनुमति दिएको छ। उनको परिवारले चेन्नाई (पूर्व मद्रास) को मरिना समुद्रितटमा अन्य पूर्वमुख्य मन्त्रीहरुसँगै उनको पार्थिव शरीरलाई समाधिस्थ गर्न चाहेको थियो। तर दक्षिणी भारतीय राज्य तमिलनाडु सरकारले तिनीहरुको सो अनुरोध अस्वीकार गरेको छ। पाँच पटकसम्म यस राज्यको मुख्यमन्त्री बनेका करुणानिधिको ९४ वर्षको उमेरमा मंगलबार निधन भएको थियो। बुढ्यौली रोगग्रस्त उनको चेन्नाईको काउबेरी अस्पतालमा उपचार भइरहेको थियो।

**पाकिस्तान**

## नवाजपुत्र कालो सूचीमा

इस्लामाबाद , (एजेन्सी)

पाकिस्तानी सरकारले पूर्वप्रधानमन्त्री नवाज सरिफका छोरा हसन र हुसैनलाई कालो सूचीमा राखेको छ। अब उनीहरुले पाकिस्तानको पासपोर्टबाट विदेश भ्रमण गर्न पाउनेछैनन्। लन्डनमा बसिरहेका दाजुभाइलाई भ्रष्टाचारका तीनवटा मुद्दामा भएको सुनुवाइमा उपस्थित नभएपछि भगौडा घोषित गरेको थियो। सन् २०१७ मा सर्वोच्च अदालतको एक फैसलापछि नवाजसँग ती दुवै विरुद्ध पनि भ्रष्टाचारको मुद्दा दर्ता भएको थियो। राष्ट्रिय भ्रष्टाचार नियन्त्रण इकाई (एनबीए) ले हसन र हुसैनको नाम पासपोर्ट डाइरेक्टोरेटसँग अपील गरेपछि उनीहरुको पासपोर्ट रोक्का गरिएको र ब्ल्याक लिस्टमा राखिएको हो।

**अमेरिका**

## साइबर खतरा

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा यसै हप्ता पुन: प्रतिबन्ध लगाएको जवाफमा इरानले साइबर हमला गर्न सक्नेमा साइबर सुरक्षा तथा गुप्तचर विशेषज्ञहरुले सचेत गराएका छन्। ट्रम्पले सन् २०१५ को परमाणु सम्झौताबाट फिर्ता हुने निर्णयपछि गत मे देखि नै इरानको तर्फबाट साइबर हमला हुन सक्ने विषयमा चिन्ता व्यक्त गरिएको थियो। अमेरिकाले तेहरान विरुद्ध आर्थिक प्रतिबन्ध पुन: लागू गरेपछि मंगलबारबाट खतरा अझ बढेको विज्ञहरुले बताए। तर इरानले आफ्नो साइबर क्षमताको प्रयोग आक्रमणको उद्देश्यले गर्ने कुरालाई अस्वीकार गरेको छ। उसले अमेरिका आफैंलाई निसाना बनाइरहेको आरोप पनि लगाएको छ।

# अमेरिकी सरकार आप्रवासीप्रति कडा रूपमा पेश हुने

### झण्डै दुई करोडले अमेरिका छोड्नुपर्ने

वासिंगटन, (एजेन्सी)



अमेरिकाको ट्रम्प सरकारले सरकारी सुविधाहरु भोग गर्ने उद्देश्यले नागरिकताका लागि आवेदन गर्ने आप्रवासीहरुलाई सजाय दिने योजना बनाइरहेको खबर बाहिर आएको छ। यसरी अमेरिकाको वर्तमान मान्यताबाहिरको यस प्रमुख कदमबाट लाखौं मानिस प्रभावित हुने बताइएको छ।

अमेरिकी राष्ट्रपति भवन ह्वाइट हाउसले केही सातापछि नै ओबामा केयर, बालबालिकाको स्वास्थ्य बीमा वा फुड स्ट्याम्पसजस्ता सरकारी फाइदा लिन अमेरिकाको ग्रिनकार्ड वा नागरिकता लिन खोज्ने आप्रवासीहरुमाथि निकै कडा नीति अपनाउन एउटा महत्त्वपूर्ण प्रस्ताव जारी गर्न लागेको एनबीसी न्युजले जनाएको छ।

यो प्रस्ताव ह्वाइट हाउसका नीति सल्लाहकार स्टेफन मिल्लरको अमेरिकामा स्थायी बसोबास गर्नसक्ने वैध आप्रवासीहरुको संख्या कटौती गर्ने योजनाअन्तर्गत रहेको बताइएको छ। विशेषज्ञहरुले यसबाट करिब २ करोड आप्रवासी प्रभावित हुने अनुमान गरेका छन्। राष्ट्रिय सुरक्षा विभागले जारी गरेको एक विज्ञप्ति जारी गर्दै अमेरिकी सरकार हाल अस्तित्वमा रहेको आप्रवासी कानुनलाई कार्यान्वयन गर्न प्रतिबद्ध रहेको जनाइएको छ।

उक्त विभागका प्रवक्ताले भनेका छन्- 'यी कानुनको स्पष्ट उद्देश्य अमेरिकी करदाताहरुको रक्षा गर्नु र अमेरिकामा प्रवेश गर्न वा बस्न चाहने विदेशीहरु आफैं आर्थिक रूपमा सबल हुँ भन्ने चाहेको हो।'

तर आप्रवासी न्यायविद्हरुले यदि यो प्रस्ताव कानुनका रूपमा लागू भएको खण्डमा ठूलो संख्यामा मानिस अमेरिकाबाट बाहिरिनुपर्ने दी इन्डिपेन्डेन्टलाई बताएका छन्।

वर्तमान कानुनअनुसार यदि कुनै आप्रवासी सरकारी सहुलियत र सुविधामा रहन दृढ रहेको देखिएमा उनको आफ्नो ग्रिन कार्ड वा भिसा आवेदन अस्वीकार गरिन सक्छ। तर यसै क्षेत्रमा विगत ३० वर्षदेखि काम गर्दै आएका २ जना आप्रवाससम्बन्धी वकिलले आफूहरुले कहिल्यै पनि सरकारी कार्यक्रम प्रयोग गरेकै आधारमा कसैको यस्तो आवेदन अस्विकृत भएको नदेखेको दी इन्डिपेन्डेन्टलाई बताएका छन्।

# नाजिवलाई मुद्रा अपचलनको अभियोग



क्वालालम्पुर, (एजेन्सी)

मलेसियाका पूर्वप्रधानमन्त्री नाजिव रजाकलाई करोडौं अमेरिकी डलरबराबरको भ्रष्टाचार काण्डको सिलसिलामा मुद्रा अपचलन गरेको ३ वटा अभियोग लगाइएको छ। उनलाई राष्ट्रिय कोष १ एमडीबीबाट एक करोड डलर आफ्नो व्यक्तिगत खातामा सारेको अभियोग लगाइएको छ।

गत जुलाईमा गिरफ्तार गरिएको उनीमाथि विश्वास र आफ्नो पदीय अधिकारको दुरूपयोग गरेको अभियोग लगाइएको थियो। गत मे महिनामा आयोजित आमनिर्वाचनमा रजाकको पराजय भएपछि १ एमडीबी काण्डको नयाँ ढंगले अनुसन्धान शुरू गरिएको थियो।

सत्तामा छँदा आफू विरुद्धका सम्पूर्ण अभियोग अस्वीकार गर्दै आएका उनलाई सरकारले उन्मुक्ति दिएको थियो। विभिन्न बहुमूल्य विलासिताका सामानहरु र विश्वका विभिन्न स्थानमा घरजग्गा जोड्न नाजिव र उनको परिवारका सदस्य तथा अन्य गठबन्धन समूहले ठूलो परिणाममा आर्थिक घोटाला गरेको बताइएको छ।

यस्तै भ्रष्टाचारको अभियोगका कारणले उनी ९३ वर्षीय राजनीतिक भेटरान महाथिर मोहमदसँग चुनाव हारेका थिए। प्रहरीले नावि र उनकी पत्नीका विभिन्न निवासस्थानमा छापा मारेर कराडौं डलरबराबरका बहुमूल्य वस्तुहरु बरामद गरेको थियो।

# मेकेनको अपमान गरेको खुलासा

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०१५ मा सिनेटर जोन मेकेनको सैन्य सेवाको अवमूल्यनमा 'उनी वीर योद्धा हुन् किनभने उनी कब्जामा परेका थिए' भन्दै धेरै अमेरिकीमाथि प्रहार गरेका थिए।

मेकेनप्रति ट्रम्पको घृणा सन् १९९९ मा डेन राडरसँगको ६० मिनेटको अन्तरवार्ताको पुनरावृत्ति भएको खुलासा भएको छ।

ट्रम्पको रिफोर्म पार्टीमा प्रवेशमा केन्द्रित रहेको १२ मिनेटको एउटा फिचरमा ती भावी राष्ट्रपतिले अहिलेको जस्तै आशयमा मेकेनको अपमान गरेका थिए। त्यतिबेला मेकेन राष्ट्रपतिका प्रत्यासी थिए।

'उनी कब्जामा परेका थिए' -ट्रम्पले भनेका थिए। 'कोही कब्जामा परेका वीर योद्धा हुन्छ ? मलाई थाहा छैन। म त्यस्तो लाग्दैन।'

मेकेन साढे पाँच वर्ष नर्थ भियतनामको युद्धबन्दीका रूपमा बिताएका थिए। सन् १९६७ मा उनको स्काइ हक डाभइ बम्बर खसालिएपछि कब्जामा परेका मेकेनमाथि यातना दिइएको थियो।

ट्रम्प त्यतिबेला चिकित्सकीय सिफारिस र निलम्बनमा परेका ४ विद्यार्थीमा परेर युद्धमा जानबाट फुत्किएका थिए।

समय परिवर्तन भइसकेको छ, यद्यपि मेकेनको विषयमा ट्रम्पले गरेको सबैभन्दा पछिल्लो टिप्पणीमा समानता छ। कम्तिमा पनि ट्रम्पको उम्मेदवारीमा मतदाताको धारणालाई बुझ्नुपर्ने हुन्छ।

सन् २०१६ जस्तो सन् १९९९ मा ट्रम्पले मतदाताहरुमाथि ठूलो प्रभाव पार्न सकेको थिएन। रिफोम पार्टीको क्यालिफोर्नियामा भएको एक कार्यक्रममा ट्रम्पले पार्टीका अन्य सदस्यहरुलाई गरिने व्यवहार अन्त्यन्तै असम्मानजनक हुने गरेको एक सहभागीले बताएका थिए।

# स्तनपानको तस्वीर भाइरल

न्युयोर्क, (ऐजेन्सी)

अमेरिकाको एउटा रेस्टुरेन्टमा स्तनपान गराइरहेका बेला स्तन छोप्न आग्रह गरिएपछि एकजना महिलाले गरेको ठट्यौली पाराको तस्वीर इन्टरनेटमा भाइरल भएको छ।

गतसाता फेसबुक प्रयोगकर्ता क्यारेल लकबुडले कम्बलले आफ्नो पुरा टाउको छोपेर आफ्नो चार महिने बच्चालाई दूध पिलाउँदै गरेकी टेक्सासको अस्टिन निवासी ३४ वर्षीया मेलानी डुड्लीको तस्वीर सेयर गरेका थिए।

सो पोस्टमा लेखिएको छ, 'स्तनपान गराउँदै गरेकी एकजना साथीकी बुहारीलाई 'छोप्नु ह' भनिएपछि उनले यसो गरिन्।' यस पोस्टमा ९० हजार प्रतिक्रिया, १२ हजार टिप्पणी व्यक्त गरिनुका साथै यसलाई १ लाख ६९ हजार सेयर गरिएको छ।

उनले बच्चालाई दूध पिलाउँदै गरेकी महिलाहरुलाई लोकलाज सम्झाउने मानिसहरुलाई ध्यानमा राख्दै यो तस्वीर पोस्ट गरेको जनाएका छन्। सार्वजनिक स्थलमा स्तनपान गराउने विषयमा प्रायश: मानिसहरुले सम्बन्धित महिलाले टाउको नभई स्तनको भाग छोप्नुपर्ने तथा बच्चालाई भोक लाग्दा जहाँ पनि आमाले स्तनपान गराउन सक्ने राय व्यक्त गर्ने गरेका छन्।



# पाकिस्तानी सैनिकले रुसमा सैन्य तालिम गर्ने



इस्लामाबाद (एजेन्सी)

पाकिस्तान र रुसबीच एक सैन्य सहयोगसम्बन्धी सम्झौता भएको छ। उक्त सम्झौताअनुसार पाकिस्तानी सैनिकलाई रुसको सैन्य संस्थानहरुमा तालिम दिइने छ।

दुई देशले रक्षा क्षेत्रमा द्विपक्षीय सहयोग बढाउनका लागि सम्झौता गरिएको हो। यस सम्झौताले भारतको चिन्ता बढ्न सक्ने बताइएको छ। रुसलाई भारतको सदाबहार मित्र मानिन्छ। तर विगत केही वर्षमा पाकिस्तानसँग मस्कोको निकटता बढिरहेको छ।

पाकिस्तान रक्षा मन्त्रालयले रुस-पाकिस्तान संयुक्त सैन्य परामर्स कमिटी (जेएमसीसी) को पहिलो बैठक समाप्त भएपछि उक्त सम्झौतामा हस्ताक्षर भएको जनाएको छ।

पाकिस्तानी रक्षा मन्त्रालयले भने- 'दुई देशबीच पाकिस्तानी सैनिकहरुलाई रुसी ट्रेनिङ इन्स्टिच्युटस्मा भर्ना गर्ने विषयलाई लिएर सम्झौतामा हस्ताक्षर गरिएको छ।'

रुसका तर्फबाट उक्त बैठकमा उपरक्षामन्त्री कर्नल जनरल अलेक्जेन्डर व फामिन सहभागी भएका थिए। उनी अगस्ट ६ र ७ का लागि पाकिस्तानको यात्रामा थिए। पाकिस्तान र रुसबीच रक्षा सहयोगको सबैभन्दा ठूलो मञ्च जेएमसीसी हो।

पाकिस्तानका तर्फबाट रक्षा सचिव अवकाश प्राप्त लेफ्टिनेन्ट जनलर जमिर उल हसन शाहले जएमसीसी बैठकमा प्रतिनिधित्व गरेका थिए। बैठकअगाडि रुसी प्रतिनिधि मण्डलले रावलपिण्डीमा रक्षा मन्त्रीसँग भेटघाट रेका थिए। बैठकका क्रममा दुई पक्षले द्विपक्षीय तथा अन्य ठूला अन्तर्राष्ट्रिय मुद्दामा छलफल गरेका थिए। जसमा अफगानिस्तान र मध्यपूर्वको वर्तमान स्थितिलाई पनि समावेश गरिएको थियो।

अमेरिकासँगको दूरी बढेपछि पाकिस्तान हालैका वर्षमा चीन र रुसकोनजिक भइरहेको छ। पाकिस्तान रुससँग सैन्य सहयोग बढाउने प्रयासमा छ। यसैवर्षको शुरूआतमा तत्कालीन विदेशमन्त्री ख्वाजा आसिफले मस्कोको भ्रमण गरेका थिए। उक्त भ्रमणमा पनि दुई देशबीच सैन्य सहयोग बढाउनमा सहमति भएको थियो। विगत तीन वर्षमा रुसले पाकिस्तानलाई ४ एमआई-३५ एम लडाकू तथा हेलिकप्टर दिएको छ। दुवै देशले सैनिकहरुबीचको मित्रता बढाउन सैन्य अभ्यास पनि गरेका छन्।

# पार्कमा बच्चाहरुका अगाडि यौन सम्पर्क

लन्डन, (एजेन्सी)



बेलायतको न्यु योर्कसरस्थित एक क्रिकेट मैदानमा एक युगल जोडी बच्चाहरुको अगाडि नै आपत्तिजनक स्थितिमा भेटिएको बताइएको छ।

मैदानसँग जोडिएको पार्कमा रहेका बच्चाका मातापिताले उक्त दृष्य देखेपछि सबैभन्दा पहिला प्रहरीलाई सूचना दिएका थिए। तर पटक-पटक फोन गर्दा पनि प्रहरी भने आएको थिएन। त्यसपछि रुष्ट भएका मातापितामध्येका एक उक्त जोडीको नजिक गए र युवकलाई थप्पड दिन थाले। यस क्रममा ती व्यक्तिका पत्नीले यौन क्रियामा लिप्त जोडीको भिडियो बनाइरहेका थिए।

उक्त जोडी आइतबार अपरान्हतिर नै उक्त लोकप्रिय राउन्डे पार्कमा यौन क्रिया गरिरहेको द सनले जनाएको छ। भिडियोमा एक महिला ९९९ मा फोन गरिरहेको सुनिएको थियो। उसँग कस्तो आपत्काल हो भन्ने विषयमा सोधिएको थियो। महिलाले जवाफमा भनेकी थिइन्- 'मैले आधा घण्टा पहिला रिपोर्ट गरेको थिएँ कि पार्कमा क्रिकेट खेलिरहेका बच्चाहरुको अगाडि एक जोडी सहबास गरिरहेका छन्। ती जोडी फेरि सहबास गर्न गइरहेका छन्, तर अहिलेसम्म प्रहरी आइपुगेको छैन।'

भिडियोमा एक व्यक्ति चिच्याइरहेको सुनिन्थ्यो। 'अब धरै खराब समय आएको छ।' तर एक पिताले रिस थाम्न नसकेपछि ती जोडीको नजिकै पुगेर युवकको गालामा थप्पड हिर्काउन थाले।

प्रहरीले पनि उनीहरुलाई पहिलो फोन अपरान्ह १ बजेर ५५ मिनेटमा गरिएको स्वीकारेका छन्। तर २ बजेर ११ मिनेटसम्म पनि पार्कमा नपुगेपछि ती जोडी भाग्न सफल भएको बताइएको छ।

प्रदेशसभामा रहेका नेकपाका पूर्वएमाले सांसदहरू र गैरजनजातिहरू भने प्रदेशको नाम सगरमाथा राख्नुपर्ने पक्षमा छन्। यसको अगुवाइ नेकपाकै नेता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मतकुमार कार्कीले गरिरहनुभएको छ।

# प्रदेश नामांकनको सकसमा नेकपा र सरकार

**नेपाल समाचारपत्र**

विराटनगर

साउन महिनाभित्र प्रदेशको नाम र राजधानी टुंगो लगाउँछु भनिरहेको १ नम्बर प्रदेश सरकारले सो विषयमा अझै औपचारिक छलफल शुरू गरेको छैन।

प्रदेशसभाका सदस्यहरू र आम प्रदेशवासीले प्रदेशको राजधानी र नामांकन छिटो हुनुपर्ने माग गरिरहे पनि सरकारले यो विषयलाई पछाडि धकेल्दै आएको छ।

प्रदेश सरकार बनेको र प्रदेशसभा गठन भएको ६ महिना पुग्दासमेत अझै प्रदेशको नामको विषयमा सरकारले औपचारिक छलफल शुरू नगरेकोप्रति प्रदेशसभामा पनि सांसदहरूले प्रश्न उठाउँदै आएका छन्। तर, सरकारले यसको तयारी थालेको छैन।

अनौपचारिक छलफल भने भइरहेको प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरूले बताउँदै आएका छन्। संविधानअनुसार प्रदेशको नामाकरण र राजधानीको टुंगो प्रदेशसभाको दुईतिहाइ बहुमतले लगाउने व्यवस्था छ।

१ नं. प्रदेशसभामा नेपाल कम्युनिस्ट पार्टीको एक्लै दुईतिहाइभन्दा बढी मत रहेकाले नेकपाले जे निर्णय गर्‍यो त्यही नाम र राजधानी तह हुने अवस्था छ। तर, नाम र राजधानीबारे नेकपाभित्रै एकमत नरहेकाले निर्णय हुन सकेको छैन।

खासगरी प्रदेश सरकारका मुख्यमन्त्री शेरधन राई, आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोसहित प्रदेशसभाका जनजाति सांसद र नेकपाका पूर्वमाओवादी सांसदहरू प्रदेशको नाममा पहिचान पनि जोड्नुपर्ने पक्षमा छन्।

प्रदेशको ४७ प्रतिशत जनसंख्या जनजातिको रहेको र त्यसमा ठूलो संख्या किरातीहरूको रहेकाले प्रदेशको नाम किरात-कोशी हुनुपर्ने उनीहरूको मत छ। कतिपयले भने लिम्बूवान्समेत जोड्नुपर्ने बताउँदै आएका छन्। उनीहरूले विश्वमै चिनिएको सगरमाथालाई प्रदेशमा खुम्च्याउन नहुने तर्कसमेत गर्दै आएका छन्।

प्रदेशसभामा रहेका नेकपाका पूर्वएमाले सांसदहरू र गैरजनजातिहरू भने प्रदेशको नाम सगरमाथा राख्नुपर्ने पक्षमा छन्। यसको अगुवाइ नेकपाकै नेता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मतकुमार कार्कीले गरिरहनुभएको छ।

पहिचानले जातीय द्वन्द्व बढाउने भन्दै उनीहरूले नाममा सगरमाथा वा कोशीको विकल्प नभएको तर्क गर्दै आएका छन्। विभिन्न कार्यक्रमहरूमा र आन्तरिक छलफलमा मुख्यमन्त्री राईले प्रदेशको नाममा किरात राख्न आपत्ति नहुने बताउँदै आउनुभएको छ।

त्यस्तै आर्थिक मामिलामन्त्री आङ्बोले भूगोलले नभएर जनताले पहिचान माग गरेकाले उनीहरूको पहिचान प्रदेशको नामाकरणमा झल्कनुपर्ने मत राख्दै आउनुभएको छ। तर, आन्तरिक मामिलामन्त्री कार्कीले भने प्रदेशको नाम सगरमाथा हुनुपर्ने मत औपचारिक र अनौपचारिक रूपमा व्यक्त गर्दै आउनुभएको छ। प्रदेश सरकारका सामाजिक विकासमन्त्री जीवन घिमिरेको भने साझा पहिचान खोज्नुपर्ने भन्दै मध्यमार्गी धारणा छ।

प्रदेश सरकार र नेकपाभित्रै नामबारे एकमत हुन नसकेकाले पनि सरकारले नामांकन र राजधानीको प्रस्ताव अगाडि सार्न सकेको छैन। यसअघि असार महिनाभित्र नाम र राजधानीको प्रस्ताव गर्ने बताएको सरकारले असारमा छलफल नै शुरू नगरेपछि साउनभित्र त्यसको टुंगो लगाउने बताएको थियो।

अहिले भने प्रदेश सरकारका मन्त्रीहरू संसद्को चालू अधिवेशनमै नाम र राजधानी टुंगो लाग्ने बताउन थालेका छन्। संसद्को चालू अधिवेशन कम्तीमा असोजसम्म चल्ने भएकाले यो विषय अझै धकेलिने देखिएको छ। सरकार र संसद्ले औपचारिकरूपमा छलफल नथाले पनि नागरिक तहबाट यसबारे विभिन्न चरणमा छलफल भइरहेका छन्।

राजनीतिक र सामाजिक विवादबारे छलफल गर्न हालै मात्र मोरङमा गठन भएको संवाद समूहले मंगलबार प्रदेशको नामांकनबारे सरोकारवालासँग छलफल गरेको छ। छलफलमा सहभागीहरूको मत दलभित्रको आन्तरिक राजनीतिजस्तै बाझिएको थियो।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री जीवन घिमिरे प्रदेशको नाम छिट्टै टुंग्याउने गरी अनौपचारिक छलफल भइरहेको जानकारी दिनुभयो। उहाँले साझा पहिचानको आधारमा सर्वसम्मत रूपमा प्रदेशको नाम राख्ने बताउनुभयो।

## गोकियो तालबाट एक जनाको शव निकालियो

काठमाडौं, (नेस)

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकास्थित गोकियो तालमा नुहाउने क्रममा डुबेर हराइरहेकामध्ये पेम्वा नोर्वु शेर्पाको शव बुधबार बिहान सशस्त्र प्रहरी बल नेपालको गोताखोरले सो तालबाट निकालेको छ।

सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट सशस्त्र प्रहरी नायब निरीक्षक रामचन्द्र खड्काको कमाण्डमा २ जना गोताखोरसहित विपद् व्यवस्थापन तालिम प्राप्त कुल ५ जनाको एपीएफ टोली आवश्यक उद्धार सामग्रीसहित मंगलबार बिहान खोजी तथा उद्धार कार्यका लागि हेलीकोप्टरद्वारा त्यसतर्फ प्रस्थान गरेको थियो। सो टोलीले बुधबार बिहान ९ बजेर ४५ मिनेटबाट खोजी कार्य शुरू गरेको थियो। त्यसक्रममा गोताखोर टोलीले करिब २ घण्टाको अवधिमा हराइरहेका विद्यार्थीमध्ये शेर्पाको शव तालबाट बाहिर निकाल्न सफल भएको हो।

सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित खुम्जुङ माध्यमिक विद्यालयमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरू सो तालनजिक शैक्षिक भ्रमण गएकोमा तालमा नुहाउने क्रममा डुबेर हराएका थिए।

सशस्त्र प्रहरी बल नेपालको गोताखोरसहितको टोलीले डुबेर बेपत्ता भएका पेम्बादोर्जे शेर्पा र सुमन बराइलीको खोजी कार्य गरिरहेको छ।

## बनारसबाट सिफ्ट गरेका महिला दिल्लीमा भेटिए

बाँके, (नेस)

भारत हुँदै खाडी जान थालेका १६ जना नेपाली महिलालाई उद्धार गरी नेपालगन्ज ल्याइएको छ।

दिल्ली महिला आयोग, नेपाली दूतावास, भारतीय प्रहरी र रेस्क्यू फाउन्डेसनले दिल्लीको मैदानगढी भन्ने ठाउँबाट उद्धार गरिएका १६ जना नेपाली महिलालाई नेपालगन्ज ल्याइएको हो। दिल्ली महिला आयोगको अगुवाइमा छापा मार्दा साथमा रहेका माइती नेपाल, नेपालगन्जका क्षेत्रीय संयोजक केशव कोइरालाले १६ जना नेपाली महिलालाई लिएर आएका हुन्।

छापा मारेर बाँके, दैलेख, दाङ, पाल्पा, नवलपरासी, भैरहवा, मोरङ र झापाका महिलाको उद्धार गरिएको थियो। भारत हुँदै खाडीमूलक जान थालेका महिलालाई दलालले एक ठाउँमा जम्मा पारेर राखेको थियो।

उद्धार गरिएका १६ जनामध्ये ६ जना बनारसमा बन्धक बनाइएका महिला छन्। बनारसमा बन्धक बनाएर राखिएका महिलाका बारेमा सूचना चुहिएपछि दलालले उनीहरूलाई रातारात दिल्ली सिफ्ट गरेको थियो। तीमध्येका दैलेखकी महिलाले बनारसमा ४ दिन राखेर दिल्ली पुर्‍याएको खुलासा गरिन्। बनारसमा डेढ सय नेपाली महिलालाई बन्धक बनाएको भन्दै बर्दियाकी महिलाले घरमा फोन गरेर जानकारी दिएपछि प्रहरी, प्रशासन र माइती नेपालमा उजुरी परेको थियो। उजुरी परेको कुरा थाहा पाएर दलालले ती दुई महिलालाई फिर्ता गरिदिएका थिए। पछि बर्दिया प्रशासन र प्रहरीको टोली ती महिलालाई लिएर बनारस पुगेको थियो। त्यतिबेलासम्ममा दलालले कोठा सारिसकेका थिए।

नेपालगन्ज ल्याइएका १६ जनामध्ये पाँच जनालाई यही राखेर अन्यलाई भैरहवा र काठमाडौं पठाइएको माइती नेपाल, नेपालगन्जका प्रमुख कोइरालाले बताउनुभयो। नेपाली महिलाहरू स्वेच्छाले भारत हुँदै खाडीमुलुक जान थालेका थिए। यद्यपि, भारतबाट खाडीमुलुक जान पाइँदैन।

दिल्ली महिला आयोगले पटक-पटक छापा मारेर ७३ जना नेपाली महिलाको उद्धार गरेको थियो। तीमध्ये धेरैजना काठमाडौं हुँदै फर्किसकेका छन्।

**समाचार संक्षेप**

## छोरी हत्या अभियोगमा बावुआमा दुवै पक्राउ

वीरगन्ज, (नेस)

छोरीको हत्या अभियोगमा प्रहरीले बाबु आमासहित एकै घरका ४ जना सदस्यलाई पक्राउ गरेको छ।

कलैया उपमहानगरपालिका ५ घुसुकपुर टोल बस्ने १७ वर्षीया प्रियंकाकुमारी मिश्रको हत्यामा संलग्नको आरोपमा उनको बाबुआमासहित ४ जनालाई पक्राउ गरको हो। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा प्रियंकाको बाबु ब्रजकिशोर मिश्र, आमा पुष्पादेवी मिश्र, काका हरिकिशोर मिश्र र रामनाथ मिश्रलाई पक्राउ गरेको जनाएको छ।

प्रियंकाको मृत्यु शंकास्पद देखिएपछि प्रहरीले गम्भीर ढंगले अनुसन्धान शुरु गरेको थियो। 'भूमिका शंकास्पद देखिएकाले उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरिएको बारा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जितसिंह राठौरले बताउनुभयो। 'घटनामा परिवारको भूमिका शंकास्पद देखिएको छ' उहाँले भन्नुभयो- 'त्यही भएर उनीहरूलाई नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेका छौं।' असार १२ गते बेलुका उपचारका लागि वीरगन्ज लैजादै गर्दा बाटोमा मृत्यु भएको बताइए पनि प्रियंकाको हत्या भएको दावी स्थानीयले गरेका थिए। प्रहरीले प्रारम्भिक अनुसन्धानपछि उनीहरूलाई पक्राउ गरेको थियो।

## दुई महिलाले गरे आत्महत्या

बुटवल, (नेस)

रूपन्देही जिल्लामा एकै दिन दुई महिलाद्वारा झुडिएर आत्महत्या गरेका छन्।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका अनुसार कञ्चन गाउँपालिका-१ लौसा बस्ने बाबुराम विककी श्रीमतीकी विष्णुमाया कुमाल आफ्नै घरको सुत्ने कोठामा झुन्डिएर आत्महत्या गरेकी छन्। सुत्ने कोठामा फलामको बलोमा पटुकिको पासो लगाइ झुण्डी आत्महत्या गरेको प्रहरीले जनाएको छ। बुधबार बिहान पौने ७ बजे प्रहरीले खबर पाई इलाका प्रहरी कार्यालय सालण्डीका प्रहरी निरीक्षक दिपेश बस्यालको टोलीले घटनास्थलको मुचुल्का गरेको हो।

त्यसै गरी रूपन्देही तिलोत्तमा नगरपालिका-१३ बस्ने राजु कुमालकी श्रीमती गंगा कुमालले पनि झुन्डिएर आत्महत्या गरेकी छन्।

आफ्नै घरको कोठाको बलोमा प्लास्टिकको डोरीको पासो लगाई झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ।

कुमालले दिउँसो करिब ३ बजेको समयमा झुन्डिएर आत्महत्या गरको प्रहरीले जनाएको छ। वडा प्रहरी कार्यालय भैरहवाको प्रहरी टोलीले घटनास्थलमा गई थप अनुसन्धान गरिएको जनाएको छ।

प्रदेश-३ मन्त्रिपरिषद् बैठक

## छ महिनाको काम 'सन्तोषजनक'

हेटौंडा, (नेस)

प्रदेश-३ को मन्त्रिपरिषद् बैठकले प्रदेश सरकारले छ महिना अवधिमा गरेका कामबाट 'पूर्णसन्तुष्ट' हुने अवस्था नरहेको निष्कर्ष निकालेको छ।

बुधबार मन्त्रिपरिषद् कार्यालयमा बसेको समीक्षा बैठकले हालसम्मका कामको समीक्षा गर्दै काम 'सन्तोषजनक' रहेको समीक्षा गरेको हो। 'पूर्णरूपमा सन्तुष्ट भन्न त मिल्दैन तर असन्तुष्ट हुने ठाउँ पनि छैन,' सञ्चारकर्मीसँग मुख्यमन्त्री डोरमणि पौडेलले भन्नुभयो- 'यो अवधिमा भएका काम सन्तोषजनक छन्, कामको गति ठीक छ।'

उहाँले बैठकमा विगतको कामको समीक्षा र आगामी दिनमा कसरी जाने भन्नेबारे योजनाबारे छलफल भएको बताउनुभयो। 'यसबीच धेरै कानुन बनेका छन् र धेरै विधेयक पनि। केही दिनभित्र विकास निर्माणका कामहरू पनि सुरु हुने भएकाले ससाना असन्तुष्टिका पक्षमा अल्झिरहनुहुँदैन,' -पौडेलले भन्नुभयो।

प्रदेशका लागि तय भएका कर्मचारी संगठन संरचना पुनर्मूल्यांकन गर्न संघीय सरकारलाई पत्र लेख्नेबारे पनि बैठकमा छलफल भएको थियो। बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शालिकराम जमरकट्टेल, भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापित, सामाजिक विकास मन्त्री युवराज दुलाल र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामा सहभागी हुनुभएको थियो।

बैठकले ३ विधेयक स्वीकृत गरी प्रदेशसभामा पठाउने निर्णय गरेको छ। प्रादेशिक स्वास्थ्य तथा पोषणसम्बन्धि व्यवस्था गर्न बनेको विधेयक, संस्था दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक स्वीकृत गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सचिव रमेशप्रसाद शिवाकोटीले जानकारी दिनुभयो।

# जाजरकोटका पहिरोपीडितलाई राहत वितरण

- रेडक्रसद्वारा गैरखाद्य सामग्री प्रदान
- गोविन्द अझै भेटिएनन्
- बेपत्ताको एकिन भएपछि मात्र गोविन्दको परिवारलाई राहत दिइने

दिपेन्द्र शर्मा, सुर्खेत

जाजरकोट सदरमुकाममा गएको पहिरोमा परि आफन्त गुमाएका र विस्थापित भएका परिवारलाई राहात रकम हस्तान्तरण गरिएको छ। गत आइतबार जाजरकोट सदरमुकाम खलंगाको ठाँटीमा गएको पहिरोमा परी मृत्यु भएका परिवारलाई जिल्ला प्रशासन जाजरकोटले राहत वितरण गरेको हो।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी ललितबहादुर बस्नेतले पीडित परिवारलाई जनही १ लाखको चेक हस्तान्तरण गरेका छन्। पहिरोमा परी ज्यान गुमाउनेको क्षतिको पैसाले परिपुरण नहुने भन्दै सरकार सधैं पीडितसँगै रहेको प्रजिअ वस्नेतले बताए। पहिरोमा छोरी गुमाएका तीर्थराज बोहरा, छोरा गुमाएका कुशे ६ भार्माका प्रेम परियार र कृष्ण परियारलाई जनही एक-एक लाख, तीन छोरी र श्रीमती गुमाएका भेरी ६ गंगटियाका लालबहादुर लुहारलाई १ मुष्ट ४ लाख रूपियाँको चेक हस्तान्तरण गरिएको प्रजिअ बस्नेतले जानकारी दिए।

पहिरोमा परि बेपत्ता भएका कुशे ५ का गोविन्द परियार अझै हराइरहेकाले बेपत्ताको एकिन भएपछि मात्र केही दिनपछि राहत दिइने प्रजिअ बस्नेतले बताए। प्रजिअ बस्नेतका अनुसार घर पुरिएका परिवारको आवास व्यवस्थापनका लागी तीर्थराज बोहरा र गोपाल सुनारलाई जनही दश हजारका दरले रकम प्रदान गरिएको छ। यसअघि मृतकका परिवारलाई प्रदेश सरकारको तर्फबाट २५ हजार र भेरी नगरपालिकाको तर्फबाट ३० हजारका दरले राहत प्रदान गरिएको थियो। पहिरोका कारण विस्थापित भएर सदरमुकामस्थित वृद्धाश्रम केन्द्रको भवनमा बस्दै आएका ७ घर परिवारलाई कुशे गाउँपालिका र स्थानीय प्रशासनले खाद्यन्न तथा लत्ताकपडा सहयोग गरेको छ।

### गोविन्द अझै भेटिएनन्

जाजरकोट सदरमुकाम खलंगामा आइतबार बिहान गएको पहिरो परि बेपत्ता भएका गोविन्द परियार अझै भेटिएका छैनन्।

होमवर्क गरिरहेका बेला पहिरोमा परि बेपत्ता भएका कुशे गाउँपालिका ५ जाजरकोटका ८ वर्षीय गोविन्द परियार बुधबारसम्म अझै भेटिएका छैनन्।

आइतबार बुधबारसम्म दिनभर खोजतलास गर्दा पनि अहिलेसम्म भेटिन नसकेको प्रजिअ वस्नेतले जानकारी दिए। नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले घटनास्थलमा गोविन्दको खोजीकार्य जारी राखेको प्रमुख जिल्ला अधिकारी वस्नेतले बताए।

### रेडक्रसद्वारा गैरखाद्य सामग्री प्रदान

रेडक्रस जाजरकोटले पनि पहिरोपीडित परिवारलाई गैरखाद्य सामग्री प्रदान गरेको छ। पहिरो पीडित पाँच परिवारलाई त्रिपाल, कम्मल, लत्ताकपडा, भाडावर्तन, बाल्टी लगायतका गैरखाद्य सामग्री हस्तान्तरण गरिएको नेपाल रेडक्रस सोसाईटी जाजरकोटका मन्त्री हरिबहादुर बस्नेतले बताए।

आइतबार बिहान गएको पहिरोले पुरेका एकै घरका ४ जनासहित ८ जनाको मृत्यु भएको थियो। भेरी नगरपालिका ६ गंगटियाका लालबहादुर लुहारकी श्रीमती २५ वर्षीया शितली लुहार, उनका छोरीहरू १० वर्षीय रञ्जना लुहार, ७ वर्षीय मनिसा लुहार, र ३ वर्षीय भगवती लुहार, कुशे गाउँपालिका ५ का १३ वर्षीय नरेन्द्र परियार, १० वर्षीय दशरथ परियार कुशे ६ का ११ वर्षीय नवीन परियार र बारेकोट गाउँपालिकाका तीर्थ बोहराकी छोरी नजम बोहराको मृत्यु भएको थियो।

भेरी नगरपालिका वडा नं. ३ ठाटीबजारबाट पानीनाउला जाने बाटोमा रहेका गोपाल नेपाली र तीर्थराज बोहराको घरमा पहिरो जाँदा भेरी नगरपालिका ६ गंगटियाका लालबहादुर लुहारको जीवितै उद्धार गरिएको थियो। पहिरोमा परि ८ जनाको ज्यान गएको छ भने १ बालक अझै हराइरहेका छन्। पहिरोको जोखिम बढेपछि ७ घर विस्थापित भएका छन्।

## ९० प्रतिशत चिकित्सक शहरमै थुप्रिँदा समस्या: मन्त्री यादव

**नेपाल समाचारपत्र**

काठमाडौं

उपप्रधानमन्त्री एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले चिकित्सा शिक्षा र स्वास्थ्य नीतिमा ठूलो परिवर्तन र सुधारको खाँचो औंल्याउनुभएको छ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा मृगौला प्रत्यारोपणको १०औं वर्ष भएको उपलक्ष्यमा बुधबार आयोजित कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो।

९० प्रतिशत चिकित्सक शहरमै केन्द्रित भएको बताउँदै मन्त्री यादवले भन्नुभयो -'गाउँमा बस्ने ८५ प्रतिशत जनताले विशेषज्ञ पाउन सकेका छैनन्, बिरामीले विशेषज्ञ सेवा पाउन सकेकै छैनन्।

त्रिविका उपकुलपति प्राडा. तीर्थ खनियाँले त्रिवि शिक्षण अस्पतालमा मिर्गौला प्रत्यारोपण शुरु भएको र अब कलेजो पनि प्रत्यारोपण हुने जानकारी दिनुभयो।

चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्राडा. जगदीशप्रसाद अग्रवालले सरकार र त्रिविका उपकुलपतिले चिकित्सकलाई शहरमा भन्दा दुर्गममा बढी सेवा सुविधा दिनुपर्ने विचार राख्नुभयो।

त्रिवि शिक्षण अस्पतालले सन् २००८ अगस्ट ८ का दिन पहिलोपटक मृगौला प्रत्यारोपण शुरु गर्दा विशेषज्ञ सेवामा महत्त्वपूर्ण सहयोग गर्नुहुने अस्ट्रेलियन प्राडा. डेबिट फ्रान्सिसले मृगौला प्रत्यारोपणमा नेपालले अन्तर्राष्ट्रिय मापदण्डभन्दा राम्रो काम गरेको बताउनुभयो।

प्राडा. दिव्या सिंह शाहले मृगौला प्रत्यारोपणका लागि स्वीकृति लिनै २ वर्ष संघर्ष गर्नुपरेको सम्झँदै भन्नुभयो- 'उपकरण, औषधि, जनशक्ति, सहयोग, शल्यक्रिया कक्ष सबैको अभावैअभावमा मृगौला प्रत्यारोपण शुरू गरियो। १० वर्षमा ५ सय ६ जनामा मृगौला प्रत्यारोपण गर्न पाउँदा नयाँ युग थालनीको महसुस भएको छ।'

प्राडा. उत्तमकुमार शर्माले मृगौला प्रत्यारोपणमा लैंगिक विभेद भएको टिप्पणी गर्दै भन्नुभयो- 'अहिलेसम्म ८५ प्रतिशत पुरुष र ८ जना बालबालिकासहित १५ प्रतिशत महिलाले मात्र यो सेवा लिएका छन्।' कार्यक्रममा मृगौला प्रत्यारोपणको शुरुआत गर्ने चिकित्सक तथा नर्सलाई सम्मान गरिएको थियो।

## 'समाचार लेख्दा न्यायपालिकाको अस्तित्व अझ उँचो हुन्छ'

काठमाडौं, (नेस)

अधिवक्ता यज्ञमणि न्यौपानेले कायममुकायम प्रधानन्यायाधीश ओमप्रकाश मिश्रका बारेमा बोल्ने र लेख्ने कार्यले वास्तविकता र निष्पक्षतामा मद्दत पुगी स्वतन्त्र न्यायपालिकाको अस्तित्व अझ उच्चो हुने बताउनुभएको छ।

उहाँले बुधबार विज्ञप्ति जारी गरी न्यायपालिकाका बारेमा समाचारहरू प्रकाशन गर्दा न्यायपालिका र सम्बन्धित न्यायाधीशको मानमर्यादामा आँच नआउने बताउनुभएको हो।

न्यौपानेद्वारा जारी विज्ञप्तीमा भनिएको छ- 'यस्तो अवस्थालाई विचार गरी प्रकाशित समाचार र नागरिकका विचारलाई कुण्ठित गराउने अभिप्राय झल्काउने गरी २०७५ साउन २१ मा नेपाल समाचारपत्र दैनिकको नाम लिई समाचार प्रकाशन नगर्न नगराउन भन्ने व्यहोराको न्यायपरिषद् सचिवालयको पत्रले स्वतन्त्र, निष्पक्ष र जनआस्थाको धरोहर न्यायपालिकालाई संकुचन गराउन पो खोजिएको हो कि भन्ने डर पैदा भएको छ।'

नेपाल समाचारपत्र दैनिकले कायममुकायम प्रधानन्यायाधीश मिश्रको शैक्षिक प्रमाणपत्रसम्बन्धी समाचार प्रकाशित गरेपछि न्यायपरिषद्ले विज्ञप्तिमार्फत् पत्रिकाको नाम उल्लेख गरी न्यायपरिषद्को जानकारीबिना समाचार प्रकाशन नगर्न नगराउन आग्रह गरेको थियो।

## न्यायपरिषद्को बैठक स्थगित

काठमाडौं, (नेस)

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उपचारका लागि सिंगापुर प्रस्थान गरेपछि बुधबार बस्ने भनिएको न्यायपरिषद्को बैठक स्थगित भएको छ।

प्रधानन्यायाधीश तथा अन्य न्यायाधीश नियुक्तिको सिफारिस गर्न डाकिएको बैठक कांग्रेस सभापति देउवा अनुपस्थित हुने जानकारी पाएपछि स्थगित गरिएको न्यायपरिषद्ले जनाएको छ।

### ७ करोड...

प्रहरीले बुधबार नै उहाँको कपनस्थित डेरामा छापासमेत मारेको थियो। त्यसै गरी विप्लव नेतृत्वको माओवादीले पक्राउ परेका विकलाई तत्काल रिहा गर्न माग गरेको छ। विप्लवद्वारा जारी गरेको विज्ञप्तिमा प्रवक्ता विकलाई दक्षिणकालीबाट बिनाकारण गिरफ्तार गरेको दावी गरिएको छ।

राजनीतिक विचारका आधारमा गरिएको कायरतापूर्ण गिरफ्तारी बन्द गर्न र गिरफ्तार गरिएका प्रवक्तासहित दुई जनालाई बिनासर्त रिहा गर्न माग गर्दै विप्लवले गिरफ्तार नेताहरू रिहाइ नभए सशक्त प्रतिरोध गर्ने चेतावनी दिनुभएको छ।

### सार्वजनिक...

संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा आज ११ बजे यसबारे छलफल हुने समितिकी उपसचिव बबिता मिश्रले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाली कांग्रेसका सांसदहरू सञ्जयकुमार गौतम र मिनाक्षी झाले सार्वजनिक सुरक्षा ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ माथि संशोधन सूचना दर्ता गराउनुभएको छ।

समितिमा २६ जना सदस्य रहेकामा सदस्य भानुभक्त ढकाल कानुनमन्त्री भएपछि समितिमा २५ सदस्य मात्र रहेका छन्। जेष्ठ सदस्यको हैसियतले कांग्रेस सांसद मीना पाण्डेले बैठकको अध्यक्षता गर्दै आउनुभएको छ।

2018, AUG
Thursday
9

# अर्थ

> पेट्रोलियम पाइपलाइनको शिलान्यास प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले मोतिहारी-अम्लेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाको चैत २५ गते गर्नुभएको थियो। प्रधानमन्त्रीद्वयले दिल्लीबाट रिमोटमार्फत् परियोजना शुभारम्भ गर्नुभएको थियो भने मोतिहारीमा पाइप बिछ्याउने काम शुरू गरिएको थियो।

हिमाल स्टील आजको भाउ

RHINO 5000
बिक्री मूल्य रु. प्रति क्विन्टल

# अखाद्य वस्तु बेच्ने २ सय २४ व्यापारीविरुद्ध मुद्दा दायर

**नेपाल समाचारपत्र**
काठमाडौं

गत आर्थिक वर्ष २०७४/७५ मा खाद्य ऐन, २०२३ को बर्खिलाप हुने गरी व्यापार व्यवसाय सञ्चालन गर्ने २ सय २४ व्यापारीविरुद्ध मुद्दा दायर गरिएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बुधबार आफ्नो वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै गत आर्थिक वर्षमा विभिन्न जिल्लाका जिल्ला प्रशासन कार्यालयमा २ सय २४ वटा मुद्दा दायर गरिएका जनाएको छ। त्यसमा न्यून गुणस्तरका खाद्य वस्तु बेच्ने १ सय २३, दूषित खाद्यवस्तु बेच्ने ६०, दुषित पानी बेच्ने ४१, खाने तेलका ३८, दूधका १६ र अरू मुद्दा वस्तुको गुणस्तर, मूल्यलगायतका विवरण नमिलेका मुद्दा छन्। त्यसरी दर्ता भएका मुद्दामा सम्बन्धित जिल्ला समन्वय समितिले खाद्य ऐन, २०२३ अनुसार न्यूनस्तर, मिसावट तथा दूषित खाद्यवस्तु उत्पादन तथा बिक्री वितरणको कसुरमा मुद्दा अगाडि बढाएको विभागले जनाएको छ।

विभागका अनुसार गत आर्थिक वर्षमा देशभरिबाट २ हजार ८ सय १३ वटा नमुना संकलन गरी परिक्षण गर्दा ३ सय ५४ वटा न्यून गुणस्तरका पाइएको छ। त्यसमध्ये खाद्य समूहमा सबैभन्दा बढी १ सय ४० वटा न्यून गुणस्तरको पाइएको छ। जसमध्ये दूध तथा दूग्ध पदार्थ ७२, पशोधित पिउने पानी २६, गुलियो पदार्थ १७, तेल तथा घ्युजन्य पदार्थ ११ वटा न्यून गुणस्तरको पाइएको विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत नवराज दाहालले जानकारी दिनुभयो। संकलन गरिएको नमुनामध्ये २ हजार ४ सय ८५ वटा नमुनाको मात्र प्रयोगशालामा परीक्षण गरिएको विभागले जनाएको छ।

विभागले बजार अनुगमनका क्रममा संकलन गरेको तथ्यांकअनुसार दूग्धजन्य वस्तु र पिउने पानीमा गुणस्तरको समस्या सबैभन्दा बढी देखिएको छ। विभागका अनुसार प्रतिकूल पाइएका नमुनामध्ये दूध तथा दूग्धजन्य पदार्थमा १ सय १ वटा र प्रशोधित पिउने पानीमा ६६ वटा गुणस्तर रहेको पाइएको छ। काठमाडौं उपत्यकामा मात्र नभई अन्य शहरी क्षेत्रमा बिक्री वितरण हुने जार तथा बोतलको पानीमा गुणस्तरको समस्या देखिएको छ। उपत्यकामै पनि काठमाडौंमा ११, ललितपुरका १० र भक्तपुरका २ पानी वटा उद्योगमा गुणस्तरको समस्या देखिएको छ। यस्तो समस्या देखिएका २३ वटा उद्योगविरुद्ध विभिन्न जिल्लाका जिल्ला प्रशासन कार्यालयमा विभागले मुद्दा दायर गरेको छ। दूधमा मिसावट गर्ने उपत्यकाका ११ वटा डेरी उद्योगविरुद्ध पनि मुद्दा दायर गरिएको विभागले जनाएको छ।

## सेन्चुरी कमर्सियल बैंकको ८ नयाँ शाखा

काठमाडौं, (नेस)

सेन्चुरी कमर्सियल बैंकले आफ्नो बैंकिङ पहुँच थप जनतामाझ पुर्‍याउने उद्देश्यसहित गण्डकी प्रदेश कार्यालय र गण्डकी प्रदेशअन्तर्गत ८ वटा शाखा कार्यालय एकैसाथ सञ्चालनमा ल्याएको छ। विभिन्न स्थानमा आफ्नो शाखा कार्यालय विस्तार गर्दै जाने क्रममा बैंकले बगर, बिरौटा, तालचोक, दुलेगौंडा, भिमाड, कुस्मा, बाग्लुङ र बेनीमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ। उक्त गण्डकी प्रदेश कार्यालयको उद्घाटन गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका मन्त्री किरण गुरुङ र बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठले गर्नुभयो। साथै ८ वटा शाखा कार्यालयको उद्घाटन बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठले गर्नुभयो। उद्घाटन समारोहमा बैंकका सञ्चालकहरू, प्रमुख कार्यकारी अधिकृत तुलसीराम गौतम, स्थानीय जनप्रतिनिधिहरू, स्थानीय व्यवसायीहरू तथा बैंकका अन्य वरिष्ठ पदाधिकारीको पनि उपस्थिति थियो। नयाँ शाखा कार्यालयमार्फत बैंकले आफ्ना ग्राहकलाई कर्जा, निक्षेपलगायत सम्पूर्ण बैंकिङ सुविधा उपलब्ध गराउनेछ।

शाखा कार्यालयको उद्घाटनपश्चात बैंकले काठमाडौं उपत्यकामा १२ शाखा र ६ वटा एक्स्टेन्सन काउन्टर र उपत्यकाबाहिर ९१ शाखा र २ वटा एक्स्टेन्सन काउन्टर साथै १० वटा शाखारहित बैंकिङ गरी जम्मा १ सय २१ स्थानबाट कारोबार सञ्चालन गरिरहेको छ भने बैंकको गत असार मसान्तमा कुल निक्षेप रु ६१ अरब ३२ करोड तथा कुल कर्जा रु ५५ अरब पुगेको छ।

## ४० हजारभन्दा बढीले रिचार्ज जिते

काठमाडौं, (नेस)

'स्प्राइट रिफ्रेस बनायो, रिर्चाज गरायो' योजनाअन्तर्गत हालसम्म ४४ हजार भन्दा बढी उपभोक्ता सहभागी भई ७ लाख ३० हजार रुपियाँ बराबरको टक टाइम जित्न सफल भइसकेका छन्।

साउन २ गते सो योजना शुरू भएको थियो। 'स्प्राइट रिफ्रेस बनायो, रिर्चाज गरायो, योजनाअन्तर्गत उपभोक्ताले १० रुपियाँदेखि ५ हजार रुपियाँसम्मको टक टाइम जित्न सकिन्छ। यो योजनाअन्तर्गत यो हप्ता मात्र सातदोबाटो निवासी सपना सुब्बा, बुटवलकी सीता कर्मा, डल्लुकी नविना नेपाली, सुकेधारका राजकुमार कार्की र गोकर्णकी निम ल्हामु शेर्पाले ५ हजार बराबरको टक टाइम जितिसक्नुभएको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ साउन २४, अगस्ट ९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।५० | ११०।१० |
| युरो १ को रू. | १२६।९८ | १२७।६७ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४०।८८ | १४१।६५ |
| स्विस फ्रन्क १ को रू. | १०९।९४ | ११०।५४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।१९ | ८१।६३ |
| क्यानाडियन डलर १ को रू. | ८३।७० | ८४।१६ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२८ | ८०।७२ |
| जापानी यन १० को रू. | ९।८६ | ९।९१ |
| चिनियाँ युआन १ को रू. | १६।०२ | १६।१० |
| साउदी अरब रियाल १ को रू. | २९।२० | २९।३६ |
| कतारी रियाल १ को रू. | ३०।०७ | ३०।२४ |
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८१ | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८७ | २७।०२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७८ | ९।८३ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२५ |
| डेनिस क्रानर १ का रू. | १७।०४ |
| हङकङ डलर १ का रू. | १३।९५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# रक्सौल-अम्लेखगन्ज खण्डमा १६ किलोमिटर पाइपलाइन बिछ्याइयो

**दीपेन्द्र थापा, काठमाडौं**

नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजानका विस्तारका लागि रक्सौल-अम्लेखगन्ज खण्डको ३६ दशमलव २८ किलोमिटरमध्ये १६ किलोमिटर पाइपलाइन बिछ्याउने काम सकिएको छ।

२ सय ४५ भौतिक संरचना हटाउनुपर्ने नेपाल आयल निगमले सडक विभागलाई सिफारिस गरेको थियो। ती संरचना ४ किलोमिटरमा पाइलाइन बिस्तार गर्नुपर्ने क्षेत्रमा रहेका छन्। पत्तलैया अम्लेखगन्ज सडकखण्डको वन क्षेत्रको ८ किलोमिटर बाँकी रहेको छ जसको वन मन्त्रालयमा वातावरणीय प्रभाव मूल्यांकनका क्रममा रहेको निगमले जनाएको छ। साथै ९ किलोमिटर टुक्राटुक्री क्षेत्रको बाँकी रहेको छ।

वार्डदेखि रजतजयन्ती चोकसम्म बाँकी रहेको छ। यता बाइवास क्षेत्रको ७ किलोमिटर खण्डमा करिब १ किलोमिटर बाँकी रहेको छ। गंठक चोकबाट परवानीपुरसम्म खाल्डाखुल्डी रहेकाले त्यता पनि पाइपलाइन बिछ्याउने काम बाँकी राखिएको छ। केही क्षेत्रमा भने ड्रिल गरेर पाइपलाइन विस्तार गर्ने योजना निगमको रहेको छ। जितपुर बजार, परवानीपुर बजार, भन्सार पत्तलैया क्षेत्रमा पाइपलाइन विस्तारको काम बाँकी रहेको छ। विभिन्नखाले अवरोध भएकाले गर्दा हाल सो खण्डमा बाँकी राखिएको निगमले जनाएको छ।

सडक विभागको जग्गामा अतिक्रमित गरेर बनाइएको भौतिक संरचनाले पाइपलाइन विस्तारमा अवरोध भएपछि निगमले विभागलाई हटाउनका लागि अनुरोध गरेको हो। यसका लागि विभागले सूचना जारी गर्न हटाउनुपर्ने घर टहरामा कति मात्रामा हटाउनुपर्ने हो यसको समेत रेखांकन गरिसकेको निगमका निमित्त प्रमुख ई-सुशील भट्टराईले जानकारी दिनुभयो। कहीं हटाइँदै छ, केही हटाउने कार्य जारी रहेको र हाल भने वर्षा सिजन भएकाले गर्दा खाडलमा पानी भरिएर विस्तारमा अवरोध भएपछि विस्तार गर्ने काम यथावत राखिएको निमित्त प्रमुख भट्टराईले बताउनुभयो। अवरोध रहेका भौतिक संरचनामा घर, टहरा, मन्दिर, भंसार कार्यालय, आँखा अस्पताललगायतका संरचना रहेका छन्। नेपाल आयल निगमले केही महिना अगाडिबाट पाइप बिछ्याउन शुरू गरेको थियो। निगमले बाराको जीतपुरबाट पाइप बिछ्याउने काम थालेको थियो। बिच्छाएको पाइपलाइनबाट पहिलो चरणमा डिजेल आयात गरिने निगमले जनाएको छ।

निगमले बाराको जितपुर-सिमराबाट पाइप बिछ्याउने काम थालेको थियो। निगमले पेट्रोलियम पदार्थमध्येमा डिजेलको माग हाल बजारमा उच्च रहेकाले डिजेलको मागलाई सम्बोधन गर्नका लागि पहिचो चरणमा पाइपलाइनबाट डिजेल आयात गर्न लागिएको निगमले जनाएको छ। मोतिहारी-अमलेखगन्ज हुँदै पाइपलाइन विस्तार हुनेछ। मोतीहारी-रक्सौल पेट्रोलियम पाइपलाइन ३२ दशमलव ७८ किलोमिटर रहेको छ भने रक्सौल-अम्लेखगन्ज भने ३६ दशमलव २८ किलोमिटर रहेको छ।

१६ हजार किलोलिटर इन्धन मौज्दातका लागि ४ ट्यांकीलाई स्तरोन्नति गरिँदै छ। ३९ सय किलो लिटरका २ र ४१ सय किलोलिटरका २ ट्यांकीलाई स्तरोन्नति गरिँदै छ। बढिरहेको मागलाई सम्बोधन गर्नका लागि नेपाल आयल निगमले ४ ठूला ट्यांकीलाई स्तरोन्नति गरेर मौज्दात राख्नका लागि उचित बनाउँदै छ।

कुल २ अर्ब ७५ करोड भारतीय रुपियाँमा परियोजना निर्माण हुन लागेको हो। त्यसमध्ये भारतीय आयल निगम (आईओसी) को २ अर्ब र नेपाल आयल निगम (एनओसी) को ७५ करोड भारतीय रुपियाँ खर्च हुनेछ। बरेली नाकाबाट आयात हुँदै आएको पेट्रोलियम पदार्थ भने अब मोतिहारीमा नै आईओसीले डिपो निर्माणसँगै सोही स्थानबाट आयात गर्नेछ। भारतबाट ल्याइएको करिब ११ मिटर लम्बाइ रहेको १० दशमलव ७५ इन्च मोटाइको माइल स्टिल एमएस पाइपबाट प्रतिघन्टा २ सय ९४ किलोलिटर पेट्रोलियम पदार्थ आयात हुनेछ। रक्सौल-अम्लेखगन्ज पेट्रोलियम पाइपलाइन परियोजनाका मेकानिक इन्जिनियर शरदप्रसाद पौडेलका अनुसार हालसम्म ३७ किलोमिटर नै पाइप आएको र बाँकी अरू सानाठूला पाइप आउने क्रममा रहेको बताउनुभयो।

काम शुरू भएको १५ महिनामा भारतको मोतीहारीबाट निगमको अमलेखगन्जस्थित डिपोमा जोडिने निगमको दाबी छ। सन् २०१५ को अगस्ट २४ मा नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनबीच सो परियोजना निर्माण गर्ने सहमति भएको थियो। सहमतिमा काम शुरू भएको २ वर्षभित्र सक्ने सहमति भए पनि नाकाबन्दीले गर्दा आयोजनाले गति लिन सकेको थिएन भने आयोजनामा दुवै पक्षको नीतिगत निर्णयमा ढिलाइ हुँदा निर्माण प्रक्रिया ढिलो शुरू भएको थियो।

सहारा विकास बैंक लिमिटेड
Sahara Bikash Bank Limited
सर्लाही जिल्ला, मलंगवा नगरपालिका, वार्ड नं. ५, सर्लाही, नेपाल
Website:www.saharabikashbank.com
को

हकप्रद साधारण शेयरको बाँडफाँट सम्बन्धी सूचना

सहारा विकास बैंक लिमिटेडको मिति २०७५/१/९ गतेसम्म कायम साविक शेयरधनीहरूका लागि १ शेयर बराबर नयाँ २५ शेयर (१ : २५) को अनुपातमा जारी गरिएको हकप्रद शेयर मध्ये रितपूर्वक आवेदन दिने [illegible] जना शेयरधनीहरूलाई [illegible] कित्ता हकप्रद शेयर मिति २०७५/४/२२ गते निष्काशनकर्ता कम्पनीको सञ्चालक समितिले बाँडफाँट गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै आफ्नो नाममा हक भन्दा बढी शेयर माग गरि दरखास्त दिने आवेदकहरूको हकमा बाँडफाँटमा नपरेका हकप्रद शेयर बापतको रकम मिति २०७५ श्रावण २५ गते शुक्रबारदेखि फिर्ता भुक्तानी गर्ने व्यवस्था मिलाइएकोले सम्बन्धित शेयरधनी महानुभावहरूले आफूले आवेदन बुझाएको संकलन केन्द्रमा सम्पर्क राखी भुक्तानी पूर्जा संकलन गर्नुहुन सूचित गर्दछौं ।

NIBL ACE CAPITAL
नेपाल इन्भेष्टमेन्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
एनआईबिएल एस क्यापिटल लिमिटेड
Email: info@niblcapital.com, Website: www.niblcapital.com

कर्जा चुक्ता गर्ने सम्बन्धमा ३५ दिने जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५ श्रावण २४ गते

धितो सम्पत्तिको विवरण

| जग्गाधनीको नाम | गा.बि.स./न.पा. | कित्ता नं. | वडा नं. नक्सा सिट नं. | क्षेत्रफल / वर्ग मि. | मो/पाना नं. |
|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| | | | [illegible] | [illegible] | [illegible] |

तीनपुस्ते विवरण

| ऋणिको विवरण | फोटो | जमानतवालाको तीन पुस्ते विवरण | फोटो |
|---|---|---|---|
| [illegible] |  | [illegible] |  |

सुबिस्ता बचत तथा ऋण सहकारी संस्था लिमिटेड
का.म.न.पा. १७ वडा ठँहिटि, काठमाडौं
फोन नं. ४२५०६२२ / ०१६९१३५८

## SHARE MARKET

**8 AUGUST WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 1567.00 | 327.00 | 322.00 | 325.00 | -1.00 |
| 2 | Api Power Company Ltd. | 322.00 | 265.00 | 261.00 | 265.00 | 2.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 697.00 | 697.00 | 697.00 | 13.00 |
| 4 | Arun Kabeli Power Ltd. | 658.00 | 255.00 | 250.00 | 251.00 | -2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1469.00 | 140.00 | 137.00 | 140.00 | -1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 278.00 | 615.00 | 610.00 | 610.00 | -15.00 |
| 7 | Bank of Kathmandu Ltd. | 4965.00 | 263.00 | 259.00 | 263.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 47.00 | 140.00 | 140.00 | 140.00 | 0.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 10.00 | 5350.00 | 5350.00 | 5350.00 | -50.00 |
| 10 | Butwal Power Company Limited | 1920.00 | 443.00 | 433.00 | 443.00 | 2.00 |
| 11 | Central Finance Co. Ltd. | 2158.00 | 116.00 | 113.00 | 115.00 | 1.00 |
| 12 | Century Commercial Bank Ltd. | 17627.00 | 170.00 | 168.00 | 170.00 | 2.00 |
| 13 | Chhimek Laghubitta Bikas Bank Limited | 3271.00 | 907.00 | 891.00 | 905.00 | 5.00 |
| 14 | Chhyangdi Hydropower Ltd. | 94.00 | 126.00 | 123.00 | 126.00 | 1.00 |
| 15 | Chilime Hydropower Company Limited | 2889.00 | 749.00 | 738.00 | 745.00 | 5.00 |
| 16 | Citizen Bank International Limited | 11582.00 | 233.00 | 230.00 | 233.00 | 1.00 |
| 17 | Citizen Investment Trust | 271.00 | 2440.00 | 2410.00 | 2440.00 | -10.00 |
| 18 | Citizens Mutual Fund -1 | 6200.00 | 9.15 | 8.83 | 9.15 | 0.15 |
| 19 | City Express Finance Co. Limited | 100.00 | 103.00 | 103.00 | 103.00 | -2.00 |
| 20 | Civil Bank Ltd | 6742.00 | 150.00 | 148.00 | 148.00 | -1.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 52.00 | 698.00 | 696.00 | 698.00 | -12.00 |
| 22 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 949.00 | 708.00 | 696.00 | 700.00 | -2.00 |
| 23 | Deva Bikas Bank Limited | 5268.00 | 129.00 | 127.00 | 127.00 | 0.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 136.00 | 104.00 | 102.00 | 104.00 | -2.00 |
| 25 | Everest Bank Limited | 8962.00 | 668.00 | 664.00 | 664.00 | -2.00 |
| 26 | Everest Insurance Co. Ltd. | 154.00 | 1280.00 | 1275.00 | 1275.00 | -5.00 |
| 27 | Excel Development Bank Ltd. | 100.00 | 324.00 | 324.00 | 324.00 | 0.00 |
| 28 | First Micro Finance Dev.Bank Ltd. | 19500.00 | 451.00 | 423.00 | 438.00 | -9.00 |
| 29 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 60.00 | 2085.00 | 2066.00 | 2076.00 | -14.00 |
| 30 | Gandaki Bikas Bank Limited | 3863.00 | 194.00 | 191.00 | 193.00 | 1.00 |
| 31 | Gandaki Bikas Bank Limited Pro. Share | 2386.00 | 120.00 | 120.00 | 120.00 | 0.00 |
| 32 | Garima Bikas Bank Limited | 5417.00 | 185.00 | 181.00 | 183.00 | -2.00 |
| 33 | Global IME Bank Limited | 9677.00 | 295.00 | 293.00 | 295.00 | 1.00 |
| 34 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 180.00 | 1101.00 | 1066.00 | 1101.00 | -21.00 |
| 35 | Goodwill Finance Co. Ltd. | 2940.00 | 122.00 | 119.00 | 122.00 | 2.00 |
| 36 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 2300.00 | 569.00 | 560.00 | 561.00 | -10.00 |
| 37 | Green Development Bank Ltd. | 10.00 | 128.00 | 128.00 | 128.00 | 0.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 822.00 | 845.00 | 831.00 | 832.00 | -3.00 |
| 39 | Gurkhas Finance Ltd. | 2977.00 | 107.00 | 104.00 | 105.00 | -2.00 |
| 40 | Himalayan Bank Limited | 988.00 | 559.00 | 554.00 | 559.00 | 5.00 |
| 41 | Himalayan Distillery Limited | 110.00 | 1271.00 | 1270.00 | 1270.00 | -25.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 2187.00 | 433.00 | 425.00 | 433.00 | 8.00 |
| 43 | Himalayan Power Partner Ltd. | 1760.00 | 270.00 | 259.00 | 260.00 | -10.00 |
| 44 | ICFC Finance Limited | 78.00 | 163.00 | 160.00 | 161.00 | -5.00 |
| 45 | IME General Insurance Ltd. | 10.00 | 840.00 | 840.00 | 840.00 | 15.00 |
| 46 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6634.00 | 166.00 | 160.00 | 162.00 | -1.00 |
| 47 | Janaki Finance Ltd. | 320.00 | 185.00 | 180.00 | 185.00 | 2.00 |
| 48 | Janata Bank Nepal Ltd. | 12327.00 | 155.00 | 152.00 | 152.00 | -3.00 |
| 49 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 12.00 | 2770.00 | 2770.00 | 2770.00 | -23.00 |
| 50 | Jyoti Bikas Bank Limited | 5325.00 | 140.00 | 136.00 | 136.00 | -2.00 |
| 51 | Kabeli Bikas Bank Limited | 591.00 | 211.00 | 209.00 | 211.00 | -2.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 4647.00 | 222.00 | 218.00 | 219.00 | 1.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 66.00 | 1250.00 | 1250.00 | 1250.00 | -9.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 4484.00 | 144.00 | 141.00 | 143.00 | 0.00 |
| 55 | Kanchan Development Bank Limited | 1.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 45.00 | 124.00 | 124.00 | 124.00 | -2.00 |
| 57 | Karnali Development Bank Limited | 277.00 | 104.00 | 103.00 | 103.00 | -3.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 10.00 | 113.00 | 113.00 | 113.00 | 0.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 679.00 | 1598.00 | 1551.00 | 1551.00 | -49.00 |
| 60 | Kumari Bank Limited | 9271.00 | 199.00 | 198.00 | 198.00 | -1.00 |
| 61 | Laxmi Bank Limited | 2285.00 | 245.00 | 241.00 | 241.00 | -4.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 650.00 | 1030.00 | 1005.00 | 1005.00 | -6.00 |
| 63 | Laxmi Value Fund-1 | 7816.00 | 10.16 | 10.15 | 10.15 | 0.05 |
| 64 | Life Insurance Co. Nepal | 386.00 | 1610.00 | 1607.00 | 1610.00 | 10.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 3189.00 | 155.00 | 153.00 | 153.00 | -1.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 601.00 | 520.00 | 510.00 | 515.00 | 2.00 |
| 67 | Machhapuchhre Bank Limited | 5387.00 | 210.00 | 206.00 | 207.00 | -1.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 2361.00 | 189.00 | 188.00 | 189.00 | -1.00 |
| 69 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 79.00 | 663.00 | 650.00 | 650.00 | 5.00 |
| 70 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 598.00 | 2435.00 | 2420.00 | 2430.00 | -22.00 |
| 71 | Manjushree Finance Ltd. | 150.00 | 119.00 | 119.00 | 119.00 | 0.00 |
| 72 | Mega Bank Nepal Ltd. | 7468.00 | 163.00 | 160.00 | 162.00 | -2.00 |
| 73 | Mero Microfinance Bittiya Sanstha Ltd. | 272.00 | 1024.00 | 1010.00 | 1017.00 | -4.00 |
| 74 | Mirmire LaghuBitta Bittiya Sanstha Ltd. | 202.00 | 1500.00 | 1466.00 | 1466.00 | -46.00 |
| 75 | Miteri Development Bank Limited | 2654.00 | 275.00 | 270.00 | 270.00 | -4.00 |
| 76 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 15.00 | 889.00 | 889.00 | 889.00 | -18.00 |
| 77 | Muktinath Bikas Bank Ltd. | 2377.00 | 380.00 | 377.00 | 378.00 | -2.00 |
| 78 | Nabil Bank Limited | 2673.00 | 910.00 | 903.00 | 904.00 | 0.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 2682.00 | 725.00 | 716.00 | 720.00 | 1.00 |
| 80 | Nabil Equity Fund | 2752.00 | 8.70 | 8.70 | 8.70 | 0.00 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 346.00 | 1120.00 | 1099.00 | 1099.00 | -21.00 |
| 82 | National Hydro Power Company Limited | 3480.00 | 80.00 | 78.00 | 80.00 | 1.00 |
| 83 | National Life Insurance Co. Ltd. | 1240.00 | 740.00 | 735.00 | 738.00 | -5.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 862.00 | 2132.00 | 2121.00 | 2130.00 | -11.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 676.00 | 684.00 | 657.00 | 658.00 | -37.00 |
| 86 | Neco Insurance Co. Ltd. | 2990.00 | 521.00 | 515.00 | 519.00 | -3.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 11049.00 | 207.00 | 204.00 | 204.00 | -2.00 |
| 88 | Nepal Bank Limited | 2345.00 | 288.00 | 285.00 | 286.00 | 2.00 |
| 89 | Nepal Community Development Bank Ltd. | 173.00 | 127.00 | 123.00 | 125.00 | 3.00 |
| 90 | Nepal Credit And Commercial Bank Ltd. | 889.00 | 181.00 | 178.00 | 180.00 | 2.00 |
| 91 | Nepal Doorsanchar Comapany Limited | 3030.00 | 727.00 | 724.00 | 727.00 | 3.00 |
| 92 | Nepal Hydro Developers Ltd. | 110.00 | 166.00 | 164.00 | 166.00 | 0.00 |
| 93 | Nepal Insurance Co. Ltd. | 3573.00 | 549.00 | 531.00 | 537.00 | -4.00 |
| 94 | Nepal Investment Bank Limited | 6304.00 | 623.00 | 619.00 | 621.00 | 1.00 |
| 95 | Nepal Investment Bank Ltd. Pro. Share | 4234.00 | 564.00 | 555.00 | 559.00 | 3.00 |
| 96 | Nepal Life Insurance Co. Ltd. | 4298.00 | 1007.00 | 996.00 | 1000.00 | -2.00 |
| 97 | Nepal SBI Bank Limited | 1625.00 | 505.00 | 498.00 | 500.00 | 2.00 |
| 98 | Nerude Laghubita Bikas Bank Limited | 151.00 | 622.00 | 602.00 | 622.00 | 13.00 |
| 99 | Ngadi Group Power Ltd. | 290.00 | 161.00 | 159.00 | 161.00 | 0.00 |
| 100 | NIBL Pragati Fund | 6605.00 | 8.00 | 7.91 | 7.91 | -0.09 |
| 101 | NIC Asia Bank Ltd. | 10693.00 | 316.00 | 310.00 | 312.00 | -3.00 |
| 102 | NIC Asia Growth Fund | 100.00 | 8.90 | 8.90 | 8.90 | -0.10 |
| 103 | Nirdhan Utthan Lag, Bittiya Sanstha Ltd. | 188.00 | 975.00 | 960.00 | 975.00 | 19.00 |
| 104 | NLG Insurance Company Ltd. | 1355.00 | 862.00 | 825.00 | 848.00 | -1.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 284.00 | 1535.00 | 1501.00 | 1501.00 | 5.00 |
| 106 | NMB Bank Limited | 15347.00 | 319.00 | 314.00 | 316.00 | 0.00 |
| 107 | NMB Hybrid Fund L-1 | 16125.00 | 9.28 | 9.10 | 9.25 | 0.05 |
| 108 | NMB Sulav Investment Fund-1 | 5600.00 | 12.40 | 12.30 | 12.40 | 0.00 |
| 109 | Om Development Bank Ltd. | 12966.00 | 180.00 | 173.00 | 180.00 | 6.00 |
| 110 | Oriental Hotels Limited | 1650.00 | 500.00 | 493.00 | 495.00 | -8.00 |
| 111 | Pokhara Finance Ltd. | 3192.00 | 142.00 | 136.00 | 138.00 | 3.00 |
| 112 | Prabhu Bank Limited | 12328.00 | 186.00 | 183.00 | 185.00 | -2.00 |
| 113 | Prabhu Insurance Ltd. | 3575.00 | 498.00 | 482.00 | 490.00 | 1.00 |
| 114 | Premier Insurance Co. Ltd. | 1280.00 | 1037.00 | 1027.00 | 1027.00 | -10.00 |
| 115 | Prime Commercial Bank Ltd. | 7063.00 | 290.00 | 283.00 | 283.00 | -5.00 |
| 116 | Prime Life Insurance Company Limited | 6755.00 | 513.00 | 503.00 | 506.00 | -7.00 |
| 117 | ProgressiveFinance Limited | 550.00 | 105.00 | 103.00 | 103.00 | -4.00 |
| 118 | Prudential Insurance Co. Ltd. | 710.00 | 730.00 | 726.00 | 730.00 | 3.00 |
| 119 | Purnima Bikas Bank Ltd. | 558.00 | 166.00 | 161.00 | 161.00 | -7.00 |
| 120 | Radhi Bidyut Company Ltd | 200.00 | 224.00 | 220.00 | 222.00 | -2.00 |
| 121 | Rairang Hydropower Dev. Company Ltd. | 3530.00 | 158.00 | 149.00 | 152.00 | 0.00 |
| 122 | Rastriya Beema Company Limited | 117.00 | 10400.00 | 10336.00 | 10400.00 | 34.00 |
| 123 | Rastriya Beema Co. Limited Pro. Share | 240.00 | 9500.00 | 9300.00 | 9300.00 | -160.00 |
| 124 | Reliance Finance Ltd. | 595.00 | 120.00 | 119.00 | 120.00 | 0.00 |
| 125 | Ridi Hydropower Development Co. Ltd. | 216.00 | 118.00 | 118.00 | 118.00 | -2.00 |
| 126 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 620.00 | 655.00 | 645.00 | 645.00 | 0.00 |
| 127 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 851.00 | 507.00 | 493.00 | 502.00 | -8.00 |
| 128 | Sagarmatha Insurance Co. Ltd. | 382.00 | 1330.00 | 1328.00 | 1328.00 | -21.00 |
| 129 | Sahayogi Bikas Bank Limited | 1037.00 | 199.00 | 198.00 | 199.00 | 3.00 |
| 130 | Samata Microfinance Bittiya Sanstha Ltd. | 140.00 | 1290.00 | 1280.00 | 1280.00 | -20.00 |
| 131 | Sana Kisan Bikas Bank Ltd | 2035.00 | 1115.00 | 1110.00 | 1115.00 | 1.00 |
| 132 | Sanima Bank Limited | 8244.00 | 315.00 | 312.00 | 313.00 | 1.00 |
| 133 | Sanima Equity Fund | 6400.00 | 9.19 | 9.01 | 9.19 | 0.08 |
| 134 | Sanima Mai Hydropower Ltd. | 3380.00 | 312.00 | 309.00 | 310.00 | -2.00 |
| 135 | Saptakoshi Development Bank Ltd. | 958.00 | 117.00 | 115.00 | 116.00 | 1.00 |
| 136 | Shangrila Development Bank Ltd. | 6987.00 | 145.00 | 143.00 | 145.00 | 3.00 |
| 137 | Shangrila Dev. Bank Ltd. Pro. Share | 18147.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 138 | Shikhar Insurance Co. Ltd. | 1240.00 | 925.00 | 908.00 | 909.00 | -1.00 |
| 139 | Shine Resunga Development Bank Ltd. | 4064.00 | 271.00 | 268.00 | 268.00 | -2.00 |
| 140 | Shree Investment Finance Co. Ltd. | 2641.00 | 149.00 | 143.00 | 145.00 | 2.00 |
| 141 | Shrijana Finance (Bittaya Sanstha) | 120.00 | 285.00 | 280.00 | 285.00 | 10.00 |
| 142 | Siddhartha Bank Limited | 11847.00 | 309.00 | 300.00 | 309.00 | 4.00 |

Total Amount Rs. 149,197,795 Total Quantity 474,861 Total No of Transactions 3,167

२०७५, साउन
बिहीबार
२४

सार्क चेम्बर अफ कमर्सका अध्यक्ष चण्डीराज ढकाल, महासंघका केन्द्रीय सदस्य डिबी बस्नेत , वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष ओमप्रकाश शर्मालगायत उद्योग वाणिज्य महासंघका पदाधिकारीको उपस्थिति थियो।

अर्थ

# भेटाइएको रकम फिर्ता गर्ने प्रभुको तयारी



ललितपुर, (नेस)

महानगरीय प्रहरी प्रभाग बुंगमतीले एटीएममा भेटाइएको रकम बैंकलाई बुझाएको छ।

बुधबार दिउँसो भैंसेपाटीस्थित प्रभु बैंकको एटीएमबाट रकम निकाल्दै गरेका कोरियन नागरिक जिनियो जियोङलले रकम निकालेपछि सो एटीएममा पर्स छोडेका थिए। एटीएमबाट रकम निकाल्दै पर्समा हालेका उनले रकम निकालेपछि पर्स एटीएममै छाडेका थिए। प्रभु बैंक भैंसेपाटीका ग्राहक जिनियोले उक्त एटीएमबाट ४० हजार रुपियाँ निकालेका थिए। रकम निकाल्दै पर्समा हाल्दै गर्दा पर्समा रहेको रकमसहित ६८ हजार ६ सय ३० रुपियाँ एटीएममाथि बिर्सेका थिए।

प्रभु बैंकको एटीएमबाट ४० हजार रुपियाँ निकालेका उनले अर्कै बैंकको एटीएमबाट थप रकम निकालेका थिए। बैंकका मेनेजर क्षितिज शाक्यले प्रभु बैंकको एटीएमबाट निकालेको रकम पर्समा राखेपछि उक्त पर्स लैजान बिर्सेको बताउनुभयो। हाम्रो बैंकको एटीएमबाट निकालेको रकम लैजान बिर्सेका कोरियन नागरिक जिनियोले अर्को बैंकको एटीएमको रकम मात्र लगेका थिए। दिउँसो करिब ३ बजे भएको सो घटनालगत्तै सवा ३ बजे सोही एटीएममा रकम निकाल्न पुगेका डिएसपी कपिल बोहराले रकम निकाल्न जाँदा एटीएममाथि सो पर्स फेला पारेका थिए।

लगत्तै बुंगमती प्रभागलाई खबर गरेपछि प्रहरी टोलीले सो रकम लिएका थिए। बुंगमतीका प्रमुख प्रहरी निरीक्षक दीपक मग्राठीले एटीएमको पर्समा फेला परेको सो रकम बैंकका मेजेजर शाक्यलाई हस्तान्तरण गर्नुभएको थियो। एटीएम धनी कोरियन नागरिक जिनियो हिजै कोरिया गएका कारण उक्त रकम बैंकको मेनेजरलाई हस्तान्तरण गरिएको प्रहरी निरीक्षक मग्राठीले बताउनुभयो।

# नेपालमा लगानी बढाउन विश्व बैंकलाई आग्रह

नेपाल समाचारपत्र

काठमाडौं

अर्थमन्त्री डा. युवराज खतिवडाले नेपालमा थप लगानी गर्न विश्व बैंकका प्रतिनिधिसँग आग्रह गर्नुभएको छ।

अर्थमन्त्री खतिवडाले नेपालको विकास साझेदारी खाकासम्बन्धी विश्व बैंकका कार्यकारी निर्देशकको बुधबार संयुक्त बैठकमा नेपालमा विकासका चुनौती र अवसरको चर्चा गर्दै आगामी ५ वर्षका लागि गरिने लगानीको ढाँचा प्रस्ताव पारित गर्न अनुरोध गर्नुभएको हो।

नेपाललाई सन् २०२२ मा अति कम विकसित राष्ट्रबाट स्तरोन्नति गर्न विभिन्न क्षेत्रमा थप सहयोगको आवश्यकता रहेको उल्लेख गर्दै अर्थमन्त्री खतिवडाले नेपालले निरन्तर सुधारलाई अगाडि बढाएको र दिगो विकास लक्ष्य प्राप्त गर्न प्रतिबद्ध रहेको बताउनुभयो। उहाँले सन् २०३० सम्म मध्यमस्तर आय भएका मुलुकमा स्तरोन्नति हुने दीर्घकालीन सोचसहित प्राथमिकता तोकेर अगाडि बढेको बताउनुभयो। कार्यकारी निर्देशकले राखेका विविध जिज्ञासा खासगरी स्थानीय तहको क्षमता, नेपालको विकासको मार्गचित्र प्राथमिकता, सुधारको निरन्तरता, राजश्वको दिगोपना, समग्र व्यावसायिक वातावरण सम्बन्धमा उहाँले स्पष्ट पार्नुभयो।

हिजो नै विश्व बैंकको मुख्यालय वासिङ्टन डीसीमा अर्थमन्त्री खतिवडा र विश्व बैंकका दक्षिण एसियाका क्षेत्रीय उपाध्यक्ष हार्ट विगसेफरबीच भेटवार्ता भएको छ। भेटवार्तामा क्षेत्रीय उपाध्यक्ष सेफरले नेपालले अंगिकार गरेका संघीयता कार्यान्वयनको सन्दर्भ उठाएपछि अर्थमन्त्री खतिवडाले नेपालमा तीनै तहको निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भई ३६ हजार जनप्रतिनिधिमार्फत जनताका अपेक्षा पूरा गर्न सरकार कटिबद्ध रहेका बताउनुभयो।

नेपालको आर्थिक र सामाजिक क्षेत्र खास गरी पूर्वाधारमा ठूलो लगानीको आवश्यकता रहेको अर्थमन्त्री खतिवडाको भनाइ रहेको छ। यसमा सरकार निजी क्षेत्रसँग मिलेर कार्य गर्न तत्पर रहेको बताउँदै उहाँले संघीयताको व्यवस्थापन र विकास वित्तका लागि आन्तरिक साधन र स्रोतमात्रै अपर्याप्त हुने भएकोले विश्व बैंकसँग नेपालले सार्थक सहयोगको अपेक्षा राखेको बताउनुभयो। विश्व बैंक क्षेत्रीय उपाध्यक्ष विगसेफरले नेपालले छोटो समयमा राजनीतिकरूपमा हासिल गरेको परिवर्तन उत्साहजनक रहेको बताउँदै विश्व बैंक समूह एकीकृतरूपमा नेपालको प्राथमिकताको क्षेत्रमा वित्तीय तथा प्राविधिक सहयोग गर्न र निजी क्षेत्रमा लगानी बढाउन तयार रहेको बताउनुभयो। उहाँले विश्व बैंकको अन्तर्राष्ट्रिय विकास सहयोग र अन्तर्राष्ट्रिय वित्त नियोगका अतिरिक्त क्षेत्रीय कोषलगायतबाट नेपालको उर्जा, यातायातलगायतका पूर्वाधार विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विश्व बैंकको नेपाल हेर्ने कार्यकारी निर्देशक डा. आन्दिन हादियान्तोले अगस्त ७ को बैंक बोर्ड बैठकमा छलफल हुने प्रस्तावित नेपालको विकासमा साझेदारी खाकाबारे जानकारी गराउँदै विश्व बैंकको बोर्डबाट हालसम्म भएका नीतिगत निर्णयबारे जानकारी गराउनुभयो।

त्यसै गरी अर्थमन्त्रीसँग विश्व बैंकका उर्जा र वित्तीय कोषका निर्देशकलगायतका पदाधिकारीले बुधबार नै भेट गरी नेपालको उर्जा क्षेत्रमा गरिने लगानी, निजी क्षेत्रसँगको सहकार्यमा विविध आयामका गर्न सकिने लगानीका बारेमा प्रकाश पारेका थिए। सो अवसरमा अर्थमन्त्री खतिवडाले नेपालको तत्काल चालू आयोजनाका अतिरिक्त ठूला आयोजनाको निर्माणमा विश्व बैंकले परियोजना विकासमा समेत सहयोग गर्न अनुरोध गर्नुभयो। अर्थमन्त्री खतिवडाले उर्जा क्षेत्रमा कानुनी, संरचनालगायतका सुधारमा निरन्तरता रहने र लगानीमैत्री वातावरण सृजना गर्नमा सरकार प्रतिबद्ध रहेको बताउनुभयो। विश्व बैंकको सो टोलीले नेपालको उर्जा क्षेत्रको विकासमा बैंक समूहबाट गर्न सकिने सम्भावित सबै सहयोग उपलब्ध गराउन तत्पर रहेको बताए। उनीहरूले केही आयोजनामा लगानी निर्णय गर्न लागेको र सहयोगका लागि उपयुक्त अवसरको प्रतिक्षा गरेको बताउँदै क्षेत्रीय उर्जा विकासको सम्भावनाबारे चर्चा गरेका थिए।

विश्व बैंकका कार्यवाहक प्रमुख शान्ता देवराजनले समेत बुधबार नै अर्थमन्त्रीसँग भेटघाट तथा छलफल गर्नुभयो। सो छलफलमा खतिवडाले नेपालले केही दशकअगाडि गरेका आर्थिक तथा वित्तीय सुधारका प्रयासबाट थप पाठ सिक्दै परिवर्तित सन्दर्भमा विभिन्न क्षेत्रमा नयाँ सुधार थालिएको बताउनुभयो। श्रीदेवराजनले नेपालले वित्तीय तथा मौद्रिक क्षेत्रमा गरेका सुधारको प्रशंसा गर्दै विश्व बैंकले आफ्ना असल अभ्यास नेपालसँग आदानप्रदान गर्दै जाने कुरा व्यक्त गर्नुभयो।

# साउन सकिन लाग्दा पनि रोपाईं सकिएन



विनोदसिंह विष्ट, बैतडी

साउन महिना सकिनै लाग्दासमेत बैतडीमा अझै पनि रोपाईं गर्ने कार्य सम्पन्न हुन सकेको छैन।

जिल्लामा हालसम्म ९३ प्रतिशत मात्र रोपाईं सम्पन्न भएको जिल्ला कृषि विकास कार्यालय बैतडीले जनाएको छ। जिल्लामा अब ७ प्रतिशत रोपाईं मात्र बाँकी रहेको छ।

जिल्लाको गोकुलेश्वर, रातामाटा, सेरालगायतका बेसी क्षेत्रका अझै रोपाईं गर्न बाँकी रहेको जिल्ला कृषि विकास कार्यालयका निमित्त वरिष्ठ कृषि विकास अधिकृत कर्णबहादुर चन्दले जानकारी दिनुभयो। उक्त क्षेत्रहरूमा वर्षमा तीन खेती गर्ने भएकाले रोपाईं गर्न बाँकी रहेको छ। यसका साथै केही क्षेत्रमा सिचाइँ सुविधा नभएको ठाउँमा रोपाईं गर्न बाँकी रहेको जनाएको छ।

समयमै वर्षा भएकाले गतवर्षभन्दा यो वर्ष चाडैं सकिने जिल्ला कृषि विकास कार्यालय बैतडीले जनाएको छ। गतवर्ष यो समयमा ८० प्रतिशत मात्रै रोपाईं सकिएको थियो। देशका धेरैजसो जिल्लामा मनसुनी वर्षा सक्रिय नहुँदा रोपाईं हुन नपाएको भए पनि प्रदेश-७ को पहाडी जिल्ला बैतडीमा भने यो वर्ष ९३ प्रतिशत रोपाईं सम्पन्न भएको छ।

गतवर्षको तुलनामा यस वर्ष रोपाईं केही छिटो भएको छ। गतवर्षभन्दा यो वर्ष मनसुन सक्रिय भएकाले तथा समयमै वर्षा भएकाले बैतडीमा रोपाईं चाँडै भएको जिल्ला कृषि विकास कार्यालयका निमित्त वरिष्ठ कृषि विकास अधिकृत चन्दको भनाइ रहेको छ। बैतडीका अधिकांश किसानले यो वर्ष समयमै पानी परेकाले चाँडै धान रोपाईं गर्न पाएका छन्। उहाँले भन्नुभयो- 'समयमै पानी परेकाले यहाँका कृषकलाई धेरै राहत मिलेको छ।'

## धान उत्पादनमा वृद्धि हुने अनुमान

बैतडीमा यो वर्ष धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ। जिल्ला कृषि विकास कार्यालयका निमित्त कृषि विकास अधिकृत चन्दले भन्नुभयो- 'अहिलेको अवस्थालाई हेर्ने हो भने यो वर्ष बैतडीमा धान उत्पादन धेरै हुने अपेक्षा गरिएको छ।'

समयमै पानी परेकाले तथा उपयुक्त समयमा रोपाईं सम्पन्न भएकाले धान उत्पादन बढ्ने अनुमान गरिएको उहाँको भनाइ रहेको छ। उहाँले भन्नुभयो- 'सबै ठाउँमा सिचाइँ सुविधा छैन, समय-समयमा आकाशे पानी पर्ने हो भने उत्पादन बढ्छ।'

रोपाईं गर्नका लागि खास गरी असारको महिना उपयुक्त हुन्छ। जिल्ला कृषि विकास कार्यालयका निमित्त कृषि विकास अधिकृत चन्दले भन्नुभयो- 'असारमा वर्षा कम हुने भएकाले साउन पहिलो सातासम्म पनि उपयुक्त मानिन्छ।' गतवर्ष बैतडीमा १८ हजार ९ सय मेट्रिकटन धान उत्पादन भएको थियो।

समयमै वर्षा भएकाले रोपाईं गर्ने कार्य सम्पन्न भएको दोगडाकेदारमा किसानमान सिंह विष्टको भनाइ रहेको छ। बैतडीमा ९ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ। जिल्लाको पाटन, हाट, सलेना र रुद्रेश्वर धान उत्पादनको पकेट क्षेत्रका रूपमा रहेका छन्। बैतडीमा १० हजार हेक्टर क्षेत्रफल जमिनमा सिचाइँ सुविधा रहेको भए पनि त्यसमध्ये करिब ७ हजार हेक्टर क्षेत्रफल जमिनमा मात्रै धान खेतीका लागी सिचाइँ सुविधा रहेको छ। अन्य ३ हजार हेक्टर क्षेत्रफल सिचाइँ सुविधा रहेको जमिनमा तरकारी खेती तथा अन्य खेती गरिँदै आएको जिल्ला कृषि विकास कार्यालय बैतडीले जनाएको छ।

# २३ बुँदे वीरगञ्ज घोषणापत्र जारी

नेपाल समाचारपत्र

वीरगञ्ज,

नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रका समस्या समाधानका लागि २३ बुँदे वीरगञ्ज घोषणापत्र जारी गरेको छ।

वीरगञ्जमा मंगलबार भएको जिल्ला तथा नगर उद्योग वाणिज्य संघको राष्ट्रिय भेलामा उद्योग व्यवसाय क्षेत्रका विद्यमान समस्या र त्यसको समाधानका विषयमा देशैंभरका उद्योगी व्यापारीबीच छलफल भएको थियो। भेलामा सहभागी देशैंभरका उद्योगी व्यापारीबाट आएका सुझाव समेटेर महासंघले बुधबार पत्रकार सम्मेलन गरी २३ बुँदे वीरगन्ज घोषणापत्र जारी गरेको जानकारी दिएको हो। घोषणापत्रमार्फत नेपाल उद्योग वाणिज्य महासंघले स्वदेशी उद्योगलाई अनिवार्य प्रवर्द्धन गर्न सरकारसँग माग गरेको छ। स्थानीय तह र प्रदेश सरकारबाट कर निर्धारण गर्दा स्थानीय उद्योग वाणिज्य संघको अनिवार्य सहभागिता गराइनुपर्ने, उद्योग व्यवसाय क्षेत्रमा बैंकले प्रवाह गर्ने ऋणको ब्याज ८ प्रतिशतभन्दा बढी नहुनुपर्ने, उद्योगका लागि चाहिने पूर्वाधार सडक र विद्युत् सहजरूपमा उपलब्ध गराउनुपर्ने माग पनि महासंघले गरेको छ।

यस्तै कर प्रणालीमा पुनःसंरचना गर्नुपर्ने, विदेशबाट आयात गरिने औद्योगिक कच्चापदार्थको भन्सार महशुल कम गर्नुपर्ने, रुग्ण उद्योगको पुनःउद्धारका लागि विशेष प्याकेज उपलब्ध गराउनुपर्ने , उद्योग दर्तादेखि खारेजीसम्मका सम्पूर्ण सेवाहरू एकद्वार प्रणालीबाट प्रदान गर्नुपर्ने माग पनि २३ बुँदे वीरगञ्ज घोषणापत्रमा छ। महासंघको राष्ट्रिय भेलाले दुई तिहाइ बहुमत प्राप्त वर्तमान केपी ओली नेतृत्वको सरकारलाई स्थायी सरकार भनिए पनि सरकारको काम कारबाहीबाट निजी क्षेत्रले स्थायी सरकारको अनुभूति गर्न नपाएको गुनासो पनि गरेको छ।

महासंघका उपाध्यक्ष किशोरकुमार प्रधानले विगत २० वर्षदेखि यता सरकारका तर्फबाट उत्पादकत्व बढाउने खालमा कुनै नीति र योजना नल्याएको गुनासो गर्नुभयो। वीरगञ्जको राष्ट्रिय भेलाले जारी गरेको घोषणापत्रका बुँदाका बारेमा काठमाडौंमा गएर प्रधानमन्त्री र सम्बन्धित मन्त्रालयका मन्त्रीसँग छलफल गर्ने उपाध्यक्ष प्रधानले जानकारी गराए।

## PRESS RELEASE

### गण्डकी विकास बैंकको ४ शाखा सञ्चालनमा

पोखरा, (नेस)

गण्डकी विकास बैंकले एकैदिन थप ४ वटा शाखा सञ्चालनमा ल्याएको छ। ताप्लेजुङको फुङलिङ, मुस्ताङको कागबेनी, भक्तपुरको सुकुलढोका र ललितपुरको इमाडोलमा मंगलबार ती शाखा सञ्चालनमा ल्याएका हुन्। यससँगै बैंकको ७२ वटा शाखा सञ्चालनमा आएका छन्। बैंकले छिटै नै नेपालको पूर्वदेखि पश्चिमसम्म थप ५ वटा शाखा सञ्चालनमा ल्याउने जानकारी प्रमुख कार्यकारी अधिकृत रेशमबहादुर थापाले बताउनुभयो। यससँगै बैकका ७२ वटा शाखाबाट पूर्ण बैंकिङ सुविधा प्रदान हुनेछ। बैंकले उक्त शाखाहरूबाट निक्षेप संकलन, सर्वसुलभ दरमा कर्जा प्रवाह गर्नुका साथै अत्याधुनिक बैंकिङ सेवा, लघुवित्त सेवा, रेमिट्यान्स सेवासहितको पूर्ण बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकले आव २०७४/७५ मा सञ्चालन मुनाफा ७९ करोड ४० लाख आर्जन गर्न सफल भएको थियो भने सोही अवधिसम्म निक्षेप २३ अर्ब ५२ करोड र कर्जातर्फ २० अर्ब ०६ करोड पुऱ्याएको छ। साथै बैंकको निष्क्रिय कर्जाको मात्रा अत्यन्तै न्यून रहेको छ।

### बैंक अफ काठमान्डुको 'बीओके स्मार्ट' सुविधा

काठमाडौं, (नेस)

बैंक अफ काठमान्डले आफ्ना ग्राहकलाई अत्याधुनिक प्रवधियुक्त सेवा प्रदान गर्ने उद्देश्यले आफ्नो बैंकिङ सेवा 'बीओके स्मार्ट' लाई परिमार्जित गरी थप सुविधा प्रदान गर्ने भएको छ।

परिमार्जित गरिएको मोबाइल बैंकिङ सेवाद्वारा ग्राहकवर्गले आफ्नो औंठाछापद्वारा सजिलै लग इन एवं कारोबार गर्न मिल्ने सुरक्षा प्रणाली अपनाइएको छ। यसका साथै ग्राहकले 'क्युआर' कोडमार्फत सजिलै रकमान्तर गर्न सकिने, फोन पेको नेटवर्कमा रहेको विभिन्न मर्चेन्टलाई रकम भुक्तानी गर्न सकिने, अकाउन्ट ड्यासबोर्डमार्फत महिनाभरिको मौज्दातको विवरण हेर्न सकिने सुविधा उपभोग गर्न सक्नेछन्। बीओके स्मार्टको यो नयाँ संस्करणद्वारा ग्राहकले बैंकको शाखा, एटीएम तथा अन्य सेवाको जानकारी लिन सक्नेछन्। ग्राहकले गुगल प्ले स्टोरमा उपलब्ध कीओके स्मार्टको नयाँ संस्करणलाई अद्यावधिक गरी यो सेवा उपभोग गर्न सक्छन्।

# एउटै गाउँबाट डेढ करोडको काँक्राको बीउ बिक्री

दुर्गाप्रसाद शर्मा, पर्वत

पर्वत जिल्लाको फलेबास नगरपालिका वडा नं ११ मा पर्छ एउटा सानो गाउँ कर्नास। यहाँका १ सय घरधुरीले १ दशकभन्दा पहिलेदेखि गाउँमै सुन फलाउँदै आएका छन्।

सुन्दा अचम्म लागे पनि पहेंलपुर पाकेका काँक्रोबाट यहाँका कृषकले यस वर्ष मात्रै गाउँमा डेढ करोड रूपियाँ भित्र्याएका छन्। भक्तपुर लोकल जातको काँक्राको बीउ बिक्रीबाट एउटा बस्तीमा वर्षमा डेढ करोड भित्र्याएपछि उनीहरूले पहेंलै पाक्ने काँक्रोलाई सुनजस्तै बहुमूल्य मान्न थालेका हुन्।

कर्नासमा रहेको नारायणस्थान बीउ उत्पादक सहकारी संस्थामा आबद्ध कृषकले ५ टन काँक्राको बीउ उत्पादन गरेको संस्थाका संस्थापक सदस्य बाबुराम भुसालले जानकारी दिए। 'यस वर्ष शहकारीमा आबद्ध कृषकले ५ टन बीउ बिक्री गरेर डेढ करोड रूपियाँ गाउँमा भित्र्याउन सफल भएका छौं', उनले भने- 'गाउँमा काँक्राको बीउ बिक्रीबाट भित्रिने रकम सुनजस्तै बहुमूल्य छ।' कृषकले काठमाडौं कालीमाटीमा रहेका निमाकोल र हार्कजस्ता सहकारी संस्थामा बीउ बिक्री गर्दै आएका छन्। १ किलो बीउको ३ हजार रूपियाँका दरमा कृषकले सहकारीलाई बीउ बिक्री गर्छन्।

काँक्राको बीउ उत्पादनमा मुलुककै अग्रणी गाउँ मानिने कर्नासमा उत्पादित बीउको गुणस्तर कायम राख्न सकेका कारण बजारको अभाव नभएको कृषक भुसालको दाबी छ। नेपालमा ७ टन भक्तपुर लोकल जातको काँक्राको बीउको माग छ। मुलुकभरको मागमध्ये एउटै गाउँले ५ टन उत्पादन गर्छ। 'नेपालभर माग हुने बीउको दुई तिहाइभन्दा बढी हिस्सा एउटा गाउँले नै पूरा गर्दै आएका छौं' -कृषक भुसालले भने।



**बीउबाट आम्दानी** | पर्वतको मोदी गाउँपालिकाका कृषक काँक्रोको बीउ निकाल्दै। पर्वतमा यस वर्ष डेढ करोड रुपियाँको बीउ उत्पादन भएको छ।

कर्नासमा कृषकले काँक्राको बीउ उत्पादनबाट घटीमा १ लाखदेखि बढीमा ७ लाख ५० हजार रूपियाँसम्म एउटा घरमा भित्रिने गरेको छ। माघ महिनामा काँक्रो रोपेदेखि जेठमा बीउ निकाल्ने ५ महिनामा एउटै परिवारले ७ लाखसम्म भित्र्याउन सकेका छन्। यस वर्ष कृषक टुकप्रसाद पौडेलले २ हजार ५ सय किलो काँक्राको बीउ बिक्री गरेर ७ लाख ५० हजार भित्र्याएका छन्। कृषक बाबुराम भुसाल, ताराप्रसाद पौडेललगायतले २ हजार किलो काँक्राको बीउ बिक्री गरेर ६ लाख रूपियाँ कमाइ गरेका छन्। बाबुराम भुसाल र ताराप्रसाद पौडेल स्थानीय प्राथमिक तहका शिक्षक पनि हुन्। 'फुर्सद र बिहान बेलुकाको समय सदुपयोग गर्दा पनि ६ लाख कमाइ हुन्छ', कृषक भुसालले भने- 'सबै लागत कटाउँदा पनि ५ लाख ५० हजार रूपियाँ नाफा नै हुन्छ।'

फलेबास नगरपालिका वडा नं ११ की वडा सदस्यसमेत रहेकी माया पाठकले पनि यस वर्ष १ हजार ५ सय किलो बीउ बिक्री गरेर ४ लाख ५० हजार आम्दानी गरेको बताइन्। यहाँ बीउ उत्पादनका लागि प्रशस्त सम्भावना भएकाले कृषकलाई सिचाइँ, बीउको व्यवस्था गर्न सके वर्षेनी लाखौं रूपियाँ भित्र्याउन सकिने पाठक बताउँछिन्। 'कालीगण्डकी तटमा रहेका बाच्छा, पाङराङ र कुर्घा तथा बर्राचौरका फाँटमा पनि खेती बिस्तार गर्न सकिन्छ' उनले भनिन्- 'खेती बिस्तार गर्ने हो भने विदेशमा पनि बिक्री गर्न सकिन्छ।'




# जुडो टोली बुडापेस्टतिर



*काठमाडौं, (नेस)*

*इन्डोनेसियामा हुने एसियाली खेलकुदमा पदक ल्याउने लक्ष्य लिएको जुडो खेलका खेलाडीहरु हंगेरीको बुडापेस्टतिर बुधबार प्रस्थान गरेका छन्।*

*भीसाको समस्याले बुडापेस्ट हुने बुडापेस्ट ग्रान्ड प्रिक्समा सहभागी हुने वा नहुने तय भएको थिएन। एसियाडमा खेल्ने सातै खेलाडीको भीसा मिलेपछि हिजै त्यतैतिर प्रस्थान गरेको नेपाल जुडो संघले जनायो। यही साउन २५ देखि २७ गतेसम्म हुने प्रतियोगितामा पुरुष खेलाडीतर्फ इन्द्रबहादुर श्रेष्ठले ७३ केजीमुनि, सञ्जीत डंगोलले ९० केजी मुनि, श्रीराम माकजु र रविन श्रेष्ठले १ सय केजी मुनि सहभागिता जनाउनेछन्। यसै साता बैंककमा भएको नर्थ थाइल्यान्ड जुडो च्याम्पियनसिपमा इन्द्रबहादुरले स्वर्ण पदक जितेका थिए।*

*महिलातर्फ ७८ केजीमुनि पुनम श्रेष्ठ, ५७ केजीमुनि मनीता श्रेष्ठ प्रधान र ५२ केजीमुनि देविका खड्काले सहभागिता जनाउनेछन्। यसमध्ये मनिताले थाइल्यान्डमा भएको जुडो च्याम्पियनसिपमा स्वर्ण जितेकी थिइन्। एसियाली खेलकुदमा सहभागिता हुने अर्की महिला खेलाडी फुपु ल्हामु खत्री भने जापानमै प्रशिक्षण लिइरहेकी छिन्।*

*बुडापेस्टमा नेपाली खेलाडीहरुले प्रतिस्पर्धा पनि गर्ने र प्रशिक्षण पनि लिने जुडो संघका अध्यक्ष दिपक हर्ष वज्राचार्यले बताउनुभएको थियो। वज्राचार्यले भन्नुभया- 'प्रतियोगिता समाप्त भएपछि जुडोका खेलाडीले हंगेरीमै प्रशिक्षण लिनेछन्। अगस्ट २५ मा उनीहरु उतैबाट इन्डोनेसिया जानेछन्।'*

# राकेश क्वार्टरफाइनलमा

**नेपाल समाचारपत्र**

काठमाडौं

तेस्रो धनलक्ष्मी महर्जन स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताअन्तर्गत राकेश गुप्ता क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

बुधबार भएका खेलमा राकेशले लोकन्द्र भण्डारीलाई ३-१ ले हराउँदै अन्तिम आठमा स्थानमा पुगेका हुन्। ज्ञानु चौधरीले इरिक लाटोरीलाई ३-० अंकले पराजित गर्दै अन्तिम आठमा स्थान सुरक्षित गरे। यसैगरी अन्तिम १६ पार गर्ने क्रममा प्रवेशबहादुर सिंह कंसाकारले निशान्त अग्रवाललाई, अमृत थापामगरले रोबिन देवकोटालाई, राजेन्द्र शाक्यले काशी राम भण्डारीलाई अर्हान्त के सिम्हाले विजय मगरलाई समान ३-० अंकले पाखा लगाएका हुन्। यस्तै पुरुष एकलतर्फ अन्य खेलमा दिलीप अधिकारीले रत्नकाजी शाक्यबाट वाकओभर पाएका थिए।

महिला सिंगल्सतर्फ डिफेन्डिङ च्याम्पियन भावना सुनुवार सेमिफाइनलमा पुगेकी छिन्। भावनाले आयुशा श्रेष्ठलाई ३-० अंकले पराजित गर्दा कृष्णा थापाले श्रीमाया लामालाई सोही अंकको अन्तरमा हराएकी थिइन्। त्यस्तै स्वस्थानी श्रेष्ठले सपना ब्लोनलाई र विपना ब्लोनले मुस्कान राउतलाई समान ३-० अंकले पराजित गरी अन्तिम चारको यात्रा तय गरे।



मास्टर्स ५० वर्षमाथिको पुरुष सिंगल्सतर्फ सुदीपबहादुर सिंहले मधुवन मास्केलाई, प्रेम सिंहले रुपकदास ताम्रकारलाई, इन्द्रबहादुर कार्कीले सानुबाबु महर्जनलाई, किशोर महर्जनले लालबहादुर गुरुङलाई हराउँदै अन्तिम आठमा पुगे। अन्य अन्तिम आठको यात्रा गर्ने क्रममा मनोजबहादुर श्रेष्ठले वीरबहादुर नेपाललाई, अनिल वज्राचार्यले विनोदध्वज खड्कालाई र सुरेश गुरुङले महेन्द्र महर्जनलाई पराजित गरेका छन्।

प्रतियोगिताअन्तर्गत यु १५ ब्वाइज सिंगल्सतर्फ सलीन थापामगर, विकास मगर, रोहन नेपाली र राजेश परियार अन्तिम चारमा पुगेका छन्। सोही उमेर समूहको गर्ल्स सिंगल्समा मुस्कान राउत, सपना ब्लोन, आयुशा श्रेष्ठ र श्रीमाया लामा पनि आ-आफ्ना प्रतिद्वन्द्वीलाई पन्छाएर अन्तिम चारमा प्रवेश गरे।

## कलाकारको टोली विजयी

काठमाडौं, (नेस)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभागका विद्यार्थी र गायकहरुबीच कीर्तिपुरमा मैत्रीपूर्ण फुटसल खेल सम्पन्न भएको छ। खेलकुदको विकास र कलाकारको सम्मानका लागि खेल खेलिएको हो। सो प्रतियोगीतामा लोकदोहोरी कलाकारको टोली विजयी भएको छ। शुरूमै अग्रता लिएको कलाकारको टोलीले सहजै जित हात पारेको हो। कलाकारको तर्फबाट रविन लामीछाने, डम्बर नेपालीले गोल गरेको खेलमा राजु ढकालले ह्याट्रिक गरेका थिए।

## स्वर्ण विजेतालाई ह्वाइटफिल्डद्वारा सम्मान

काठमाडौं, (नेस)

अस्ट्रेलियास्थित क्यारेरा इन्डोर स्टेडियममा जुलाई २८ देखि २९ सम्म भएको नौं गोल्डकोस्ट ओपन तेक्वान्दो च्याम्पियन सिपमा आफ्नो विद्यालयबाट सहभागी विजेतालाई काठमाडौंको क्षेत्रपाटीस्थित ह्वाइटफिल्ड माध्यमिक विद्यालयले बुधबार सम्मान गरेको छ।

विद्यालयले ग्यरोगीतर्फ ४६ केजीमुनिको तौल समूहमा स्वर्ण विजेता कक्षा-९ मा अध्ययनरत छात्रा सितुसिंह मास्केलाई सम्मान गरेको हो। मास्केले अस्ट्रेलियाकी एमी लीलाई १२-३ ले हराएर स्वर्णपदक जितेकी थिइन्। उनले पुम्सेतर्फ पनि कास्य पदक जितेकी छिन्। स्कुलका तेक्वान्दो प्रशिक्षक कुमार लामाको नेतृत्वमा अस्ट्रेलिया गएको टोलीमा ह्वाइटफिल्डकै पूर्वछात्रा याङ्चेन शेर्पा पनि सहभागी थिइन्। उनले पुम्सेतर्फ स्वर्ण पदक जितिन्। टोलीमा सहभागी विद्यालयकी प्रिन्सिपल दुर्गा श्रेष्ठद्वारा प्रशिक्षक र विद्यार्थीलाई सम्मानित भए।




## धरहरा

### मारमा शोधार्थी



पाँच वर्ष लगाएर धमरधुस घुँडा टेकी पीएचडी काम लाग्नेवाला देखिएन। यसोभन्दा कसो होला ? विद्वान्वर्गले भन्नुहोला मूर्ख रहेछ। किन पीएचडी गरेको त। जे-जे गरे पनि दाम नै हो कमाउने, नामले खान पुग्छ र भन्या।

त्यही नाम र दाम दुवै कमाउँला भन्ने सोचले गरेको पीएचडी अब काम नलाग्ने भयो भन्दै केही शोधार्थीहरु यतिबेला के गरौं के गरौंमा पुगेको धरहराले देखेको छ। भएछ के भने सबै जागिरसागिर छाडेर अब त्रिवि सेवा आयोग खुल्दै छ, त्यसमा भिडौंला, नाम निकालौंला अनि दाम नाम राखौंला भनेर कम्मर कसेका नेपाल संस्कृत विश्वविद्यालयका शोधार्थी यतिबेला अलमलमा परेछन्।

नेपाल संस्कृत विश्वविद्यालयमा अनुसन्धान परिषद्का सदस्यहरुको पदावधि सकिएछ, यी सदस्यहरुको नियुक्ति राजनीतिक रहेछ। भाइवा र प्रिभाइवा सकाएका हुनेवाला डा. सापहरुको सबै काम रोकिएछ। अब कहिले नियुक्ति गर्लान् अनि प्रमाणपत्र बोकेर त्रिवि सेवा आयोग लडौंला भन्ने उनीहरुको सपना पूरा हुने छाँटकाँट देख्दैन धरहरा, किनकि विमानस्थलबाटै फर्काइएका नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई पनि रिस उठेको होला नि।

जहिले अनुसन्धान परिषद्मा नियुक्ति हुन्छ, त्यति बेलैदेखि काम हुन्छ नत्र किन किचकिच गर्नु। उनलाई विमानस्थलमा रोकेर फर्काएको गुन सरकारले तिरेको हो कि। सरकार! भीसीलाई रोकेजस्तै पीएचडीका शोधार्थीको भाइवा नरोकियोस्, धरहराको सुझाव छ।

# रियलको लगातार दोस्रो जित

लन्डन, (एजेन्सी)

प्रि-सिजन च्याम्पियन्स कपमा स्पेनिस ला लिगा क्लब रियल मेड्रिडले लगातार दोस्रो जित दर्ता गरेको छ।

प्रतियोगिताअन्तर्गत बुधबार बिहान भएको खेलमा रियलले इटालियन सिरी ए क्लब एफसी रोमालाई २-१ गोलअन्तरले पराजित गरेको हो। अमेरिकामा भएको खेलमा रियललाई जित दिलाउन मार्को एसेन्सियो र गेरेथ बेलले समान एक-एक गोल गरेका थिए। रोमाका केभिन स्टुटम्यानले एक गोल फर्काए।

खेलको दोस्रो मिनेटमै एसेन्सियोले गोल गर्दै रियललाई शुरूआती अग्रता दिलाएका थिए। यस्तै खेलको १५औं मिनेटमा बेलले गोल गरेपछि रियलले पहिलो हाफमा २-० ले अघि रह्यो। दोस्रो हाफमा रोमाले एक गोल फर्काए पनि हार टार्न सकेनन्। खेलको ८३औं मिनेटमा रोमाका स्टुटम्यानले एक गोल फर्काएका थिए। यसअघि रियल मेड्रिडले युभेन्ट्समाथि ३-१ को जित निकालेको थियो भने म्यानचेस्टर युनाइटेडसँग २-१ ले हारेको थियो।

### चेल्सी विजयी

प्रि-सिजनको इन्टरनेसनल च्याम्पियन कपमा इंग्लिस प्रिमियर क्लब चेल्सीले विजयी भएको छ। चेल्सीले फ्रेन्च क्लब लियोनलाई सडनडेथमा पराजित गरेको हो। चेल्सीले लियोनलाई सडनडेथमा ५-४ ले पराजित गरेको हो। मंगलबार राति चेल्सीको घरेलु मैदान स्टामफोर्ड ब्रिजमा भएको खेलको निर्धारित समयमा दुवै टिमले गोल गर्न नसकेपछि खेल पेनाल्टी सुटआउटमा पुगेको थियो। पेनाल्टी सुटआउटमा दोस्रो हाफमा मैदान छिरेका चेल्सीका गोलकिपर रोबर्ट ग्रीनले एक पेनाल्टी बचाएका थिए। रोबर्ट ७४औं मिनेटमा मार्सिनल बुल्काको स्थानमा मैदान छिरेका थिए। निर्णायक पेनाल्टीमा इडेन हाजार्डले बललाई गोलमा परिणत गरेका थिए। खेलमा दुवै टिमले गोल गर्ने मौकालाई सदुपयोग गर्न सकेनन्।

चेल्सीले जितसहित प्रि-सिजनको अन्त्य गरेको छ। चेल्सीले प्रि-सिजनमा दुई जित निकाल्यो। यसअघि पर्थ ग्लोरीमाथि चेल्सीले १-० को जित निकालेको थियो। त्यसपछि इन्टर मिलान र आर्सेनलसँग पेनाल्टी सुटआउटमा तथा कम्युनिटी सिल्ड कपमा म्यानचेस्टर सिटीसँग २-० ले पराजित भएको थियो।

# टेनिस टोली मलेसिया प्रस्थान

***नेपाल समाचारपत्र***

*काठमाडौं*

*इन्डोनेसियामा हुने १८औं एसियाली खेलकुदमा सहभागी हुने लनटेनिस टोली वैदेशिक प्रशिक्षणका लागि बुधबार मलेसियाको क्वालालम्पुर प्रस्थान गरेको छ।*

*खेलाडीले मलेसिया लनटेनिस संघको एकेडेमीमा प्रशिक्षण गर्नेछन्। त्यसै एकेडेमीमा मलेसियाको लनटेनिस एसियाड टोली पनि प्रशिक्षण गरिरहेकाले नेपाली खेलाडीले उनीहरुसँग अभ्यास खेल खेल्ने नेपाल टेनिस संघले जनाएको छ।*



*पुरुष खेलाडीमा अभिषेक बास्तोला, संरक्षकभूषण वज्राचार्य र प्रणव खनाल रहेका छन्। महिलामा मायांका राणा, माहिका राणा र एनी माथेमा छन्। संरक्षक र एनी हाल टोलीमा समावेश छैनन्। संरक्षक अस्ट्रेलियामा अध्ययनका साथै आफ्नो खेललाई निरन्तरता दिइरहेका छन् भने एनी चेकोस्लोभाकियामा प्रशिक्षणरत रहेको टेनिस संघले जनाएको छ। एसियाडमा नेपालले सिंगल्स, डबल्स र मिक्स डबल्समा सहभागिता जनाउने छ।*

*लनटेनिसमा नेपालले १९७० को बैंकक एसियाडदेखि भाग लिन थालेको थियो। सहभागिताको यात्रा १९९० मा चीनको बेइजिङ एसियाडसम्म नियमित रह्यो। त्यसपछिका लगातार ४ संस्करण हिरोसिमा, बैंकक, बुसान र दोहा एसियाडमा नेपालले लनटेनिसमा सहभागिता जनाएन। चीनको ग्वान्झाव एसियाडदेखि भने नेपालको सहभागिता पुन: निरन्तर छ। लनटेनिस टोली अगस्ट १७ मा मलेसियाबाटै पालेम्वाङ जाने तालिका छ। एसियाडअन्तर्गत लनटेनिस अगस्ट १९ देखि २६ तारिखसम्म हुनेछ।*




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ